भारतबाट के नसिक्ने ? | अयोधीविरूद्धको मुद्दा सरेको सन्चै

आइतबार • ११ चैत २०७४ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

nepal.ekantipur.com



फर्जी श्रीमान्

अस्वाभाविक उदय, बाध्यात्मक बहिर्गमन

SOLE DISTRIBUTOR FOR NEPAL
HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np www.facebook.com/hhbajaj

Bajaj 24x7 HELPLINE 16600175555 9801575555

KATHMANDU VALLEY:
Balaju 4353150, Balkhu 4286377, Battisputali 4465542, Bhaktapur 6611777, Boudha 4474716, Gyaneshwar 4435916, Gongabu 4359039, New Baneshwor 4781946, Tinkune 4117534, Kalanki 4286015, Kumaripati 5530187, Lainchour 4425579, Maharajgunj 4720809, Sitapaila 4286452, Sukedhara 4650914, Gwarko 5007553, Thimi 6631386

EASTERN REGION:
Illam 520906, Khandbari 560251, Birtamode 540724, Damak 582109, Urlabari 541513, Biratchowk 545383, Itahari 585442, Dharan 533996, Biratnagar 526242, Inarwa 561657, Rajbiraj 523545, Gaighat 420966, Lahan 560987, Siraha 9804702646, Katari 450207, Mirchaiya 550585, Pathari 556082

CENTRAL REGION:
Charikot 421925, Banepa 660295, Nuwakot 561817, Dhading 9851006950, Janakpur 521526, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Malangwa 520703, Chandranigahapur 540663, Nijgadh 540079, Kalaiya 551525, Jitpur 412170, Birgunj 523837, Hetauda 522498, Parsa 583176, Narayangadh 571089, Tadi 563303

WESTERN REGION:
Gorkha 421571, Abukhaireni 540482, Lamjung 520953, Damauli 560399, Pokhara 522315, Syangja 421186, Baglung 520882, Jomsom 440290, Kawasoti 540906, Bhairahawa 521855, Butwal 437849, Bardaghat 580387 Jeetpur (4 No.) 550249, Tamghas 520419, Rampur 400480, Waling 9856055684, Chandrauta 540123

MID-WESTERN REGION:
Nepalgunj 522751, Surkhet 521358, Kohalpur 540320, Tulsipur 523402, Ghorahi 560743, Pyuthan 460375, Guleriya 420375, Jumla 520205

FAR-WESTERN REGION:
Dhangadi 520892, Mahendranagar 520896, Tikapur 560807, Dadeldhura 420116, Lamki 540365, Darchula 9858751055

AMBE
GROUP
अम्बे सिमेन्ट
गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान
अम्बे सिमेन्ट
यो देशको शिर, उच्च राख्दै...
नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५
नेपालमा बनेको
ISO 9001:2008
CERTIFIED COMPANY
50 KG NETT WHEN PACKED
ISO 9001:2000 CERTIFIED COMPANY
UKAS
43-A
DO NOT USE HOOKS
W M Y 70
अम्बे सिमेन्ट
Portland Pozzolana Cement
नेपालमा बनेको
अम्बे सिमेन्ट प्रा.लि.
पर्सा, नेपाल
NET WT. WHEN PACKED
AMBE CEMENT
PPC
Made in Nepal
AMBE CEMENT (P.) LTD.
Parsa, (Nepal)

गर्मीमा,
सुगन्धित पाउडर सँग
मात्र सम्झौता किन ?
चिसो चिसो
COOL COOL
Navratna
Cool
Talc
Active
Deo
Refresh & relax your body & mind
Navratna
Cool
Talc
विश्वको सबैभन्दा सानो A.C.

आइतबार, ११ चैत २०७४ (वर्ष १८, अंक ३२)
NEPAL National Weekly, 25 March 2018 (Vol. 18, No.32)
नेपाल
www.nepal.ekantipur.com

भित्र

अयोधीविरुद्धको मुद्दा १५ पल्ट सर्यो

विवाद २६

२० भूराजनीति
अब भ्रमण मुकाम काठमाडौँ

२४ संवाद

'संविधान संशोधन होस् भनेर एमालेलाई सघायौँ'
– महन्थ ठाकुर

२८ आवरण
फर्जी गोपाल पराजुली

३६ विमान दुर्घटना
टर्न सक्थ्यो

५४ झल्याकझुलुक

दयाहाङलाई हल्का राहत
के होला केकीको ?

४४ जीवन यात्रा
खलासीदेखि मन्त्रीसम्म

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), स्मरण (७), सोझै (८), परिहास (१०), तीन पुस्तक (४७), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

पश्चिमबाट कृषि क्रान्ति ... १५
(अ) सहमति : भास्कर गौतम ... १८
परिभ्रमण : अजय दीक्षित ... ३८
जीवनशैली : फुड माइक्रोब्लगिङ ... ४०
फिल्म स्क्रिप्ट : अलिकति उज्यालो ... ४२

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : सुधीर शर्मा
सहायक सम्पादक : बसन्त बस्नेत **साहित्य/कला** : रमण घिमिरे **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम
कपी डेस्क : ईश्वरी ज्ञवाली, गुरुङ सुशान्त **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : ४ चैत २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

फिल्मका भोका राजेश हमाल

२८ वर्षदेखि नेपाली सिनेक्षेत्रमा राज गरिरहेका नायक राजेश हमाल अहिले पनि नेपाली चलचित्र उद्योगका स्टारडम मानिन्छन् *('सामाजिक आक्रोशको विम्बका रूपमा म रुचाइएँ', ४ चैत)*। त्यसो त फिल्म मात्र होइन, बौद्धिक छवि र व्यक्तित्वबाट पनि हमालले मनग्ये प्रशंसक कमाएका छन्। समाज, साहित्य र राजनीतिप्रति उनको गहिरो अभिरुचि छ। आधा शताब्दी पार गरेको नेपाली सिनेमाका अहिलेसम्म ठूला स्टार मानिँदै आएका नायक हमालले अभिनय गरेका केही नेपाली चलचित्र सामाजिक रुपान्तरणका लागि सहायक बनेका छन्। तीन सयभन्दा बढी चलचित्रमा काम गरेका राजेश अहिले पनि सिनेक्षेत्रप्रति मोहभंग नभएको बताउँछन्। नेपाली सिनेमाले समाजको उपेक्षित पक्षलाई प्रतिनिधित्व गरिरहेको बताए पनि त्यस्ता सिनेमा नगन्य मात्रामा बनेको स्वीकार्न तयार छन् उनी।

● **राजेश शाक्य**
स्वयम्भू, काठमाडौँ

पशु अधिकारमा समर्पित जीवन

पशु अधिकारका लागि लडिरहेका रघु, विना, ज्योत्स्ना, रोमी र एनीजस्ता प्रतिनिधि पात्र नेपाली समाजका लागि वास्तवमै उदाहरणीय र प्रशंसा गर्न लायक छन् *(सोखिन सेवक, ४ चैत)*। उनीहरूजस्तै जनावरलाई प्रेम गर्ने मानिस नेपाली समाजमा औँलामा गन्न सकिने मात्र छन्। घरबाट बाहिर लखेटिएका बेवारिसे जनावरलाई संरक्षण दिई उनीहरूको हक-अधिकारका लागि आवाज उठाउँदा आफ्‌ना परिवार, छरछिमेक र समाजबाट अपहेलित हुनुपर्दाको पीडालाई उनीहरूले सहर्ष स्वीकारेका छन्। पशु पनि प्राणी हुन्, यिनलाई माया गर्नुपर्छ भन्ने सचेतना फैलाउन उनीहरूले गर्दै आएको काम प्रशंसनीय छ।

● **सुरज क्षेत्री**
गुञ्जनगर, चितवन

मोहीमाथि जमिनदारको दादागिरी

वर्षौंदेखि जमिनदारको खेती कमाउँदै आएका मोही किसान आफ्‌नो हक-अधिकारका लागि लड्दै आए पनि उनीहरूका माग अहिलेसम्म सम्बोधन हुन सकेका छैनन् *(मोही मर्म, ४ चैत)*। जमिनदारले मोही किसानलाई विभिन्न बहानामा मुद्दा लडेर थकाउने र जग्गा नदिने प्रपञ्च गरिरहेका छन्। सम्पत्तिका नाममा एक धुर पनि जग्गा नभएका यस्ता मोही किसानले वर्षैभर उब्जाएको जमिनदारको बालीबाट आधा उब्जनी पनि पाउन सकेका छैनन्। अधिकांश मोही किसानको गुनासो हुने गर्छ, भूमिसुधार अधिकारीलगायतका अधिकृतहरू यस्ता मुद्दामा लापरबाही गर्छन्। उनीहरू किसानभन्दा जमिनदारप्रति सहानुभुति राख्छन्। ताकि, किसान भागेर आफैं तारेख छुटाओस् र मुद्दा कमजोर होस्।

● **रामप्रसाद सेढाई**
कोहलपुर, बाँके

सुविधा होइन, काम चाहियो

सातवटै प्रदेश सरकारका मुख्यमन्त्रीले कामलाई भन्दा आफूले पाउनुपर्ने सेवा-सुविधालाई प्राथमिकतामा राखेका छन् *(काम कुस्त, गति सुस्त, ४ चैत)*। यसरी उनीहरूको बढीजसो समय आफ्‌नै सेवा-सुविधा, त्यो पनि तलब र गाडी पाउनमै केन्द्रित रहेपछि प्रदेशको विकास निर्माण र जनताका गुनासा कसले सम्बोधन गर्ने ? नेपालको संविधान (२०७२)मा तीन तहको संरचना अनुसार हाल केन्द्रीय, प्रदेश र स्थानीय तहका सरकारलाई स्वायत्त बनाइएको छ। अहिले तीनै तहको निर्वाचन सम्पन्न भई संघीयता कार्यान्वयन भइरहेको अवस्थामा हाम्रा स्थानीय प्रतिनिधिको यस्तो रवैया दुर्भाग्यपूर्ण लाग्यो।

● **रामहरि शर्मा**
लोकन्थली, भक्तपुर

जुम्लाका इष्टहरू

वैशाख ०२७ को कुरा हो ।

तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सह-सदस्य सत्यमोहन जोशीको नेतृत्वमा पाँच सदस्यीय एक टोली जुम्लाको सिंजाखोला उपत्यकाको लोक-संस्कृति सर्वेक्षणका निम्ति खटिएको थियो । प्रदीप रिमाल, प्रा चूडामणि बन्धु, स्थिरजंगबहादुर सिंहका अतिरिक्त गृह पञ्चायत मन्त्रालयमा शाखा अधिकृतका रूपमा कार्यरत म एक मानवशास्त्रीका नाताले उक्त टोलीमा समावेश भएको थिएँ ।

नेपालगन्जबाट जुम्ला पुग्न झन्डै ११ दिन पैदल यात्रा गर्नुपर्ने रहेछ । र, फर्किन पनि त्यत्ति नै दिन लाग्ने भएकाले हामीलाई समर इन्स्टिच्युट अफ ल्याङ्ग्युस्टिकको विच एयरक्राफ्ट चार्टर्ड गरेर काठमाडौँबाट सीधै जुम्ला जाने व्यवस्था मिलाइएको थियो ।

जुम्ला विमानस्थलमा उत्रिनासाथ अमेरिकाको सिकागो युनिभर्सिटीका भूगोलका प्राध्यापक ब्यारी विसपसँग भेट भयो । उनी लामो दूरबीन खोकिलामा झुन्ड्याएर उभिएका थिए । १ वर्ष ६ महिना त्यहाँ बसेर *कर्णाली : अन्डर स्ट्रेस* पुस्तकका निम्ति सामग्री तयार गरी उनी त्यहाँबाट स्वदेश फर्किन लागेका रहेछन् ।

जुम्ला र त्यहाँका बासिन्दा हामी काठमाडौँवासीका निम्ति किंवदन्तीजस्तै थिए । पहिलोपटक त्यहाँ पाइला राख्दा त्यो सत्यजस्तै लाग्यो । अभाव र गरिबीको के कुरा गर्ने ! अहिले त जुम्लावासीको अवस्था दयनीय र अभावग्रस्त छ भने त्यसबेला कस्तो थियो होला ? 'कुमारी केटी विवाह गर्ने केको मर्द ? अर्काकी श्रीमती ल्याउने पो त मर्द !' भन्ने आमप्रचलन रहेछ । त्यसैले त्यहाँका हरेक पुरुष-महिलाले दोस्रो वा तेस्रो विवाह गरेका हुँदा रहेछन् । झ्यालविहीन घरमा आगो बालेर बस्नुपर्ने त्यहाँका बासिन्दाको शरीरको रंग कस्तो होला, भन्नै परेन । 'तिमीहरूलाई कस्तो रंग मन पर्छ ?' भनेर सोध्यो भने सहजै जवाफ फर्काउँथे, 'कालो ।'

जुम्ला, हाडसिंजा गाउँका ठकुरी, बाहुन, सार्की, कामी र दमाइ जातिका २१ घर-परिवारको मानवशास्त्रीय दृष्टिकोणले अध्ययन गर्ने क्रममा निस्किएको निष्कर्ष हो, *कर्णाली लोक संस्कृति : दियारगाउँका ठकुरीहरू (खण्ड ३) जनजीवन* पुस्तक । मेरो यो पुस्तकसहित जुम्लाको अध्ययनमै आधारित अन्य चार कृतिले संयुक्त रूपमा ०२८ को मदन पुरस्कार प्राप्त गरेका थिए । त्यसअघि अमेरिकाको वीस कन्सन युनिभर्सिटीका मानवशास्त्री जोन हिटकक्ले स्याङ्जामा तीन महिना र बाग्लुङमा ६ महिना मगर समुदायको अध्ययन गर्ने क्रममा म पनि त्यस टोलीमा सहभागी भएर काम गरेको थिएँ । त्यो अनुभवले पनि मलाई हाडसिंजाका मानिसहरूको राजनीतिक, आर्थिक र सामाजिक रूपमा मानवशास्त्रीय अध्ययन गर्न सघाउ पुर्‍याएको थियो ।

मीत अर्थात् इष्ट प्रथा त्यहाँ खुब प्रचलनमा रहेछ । त्यहाँको त्यो प्रथा बेग्लै किसिमको लाग्यो । आवश्यकताले जन्माएको उपजजस्तो । करिब ६ किसिमका इष्ट हुँदा रहेछन्- हितको इष्ट, माटे इष्ट, धर्म इष्ट, संगी, मीत र वैशाली इष्ट । आपत्का बेलामा काँध दिनेलाई हितको इष्ट र जग्गा-जमिनमा आधारित सम्बन्ध जनाउनेलाई माटे इष्ट भनिँदो रहेछ । पसल-बजार भन्ने कुरा कल्पनाभन्दा बाहिर थिए । त्यसैले त्यहाँका मानिसहरू सामानहरूको आदान-प्रदान पनि त्यही इष्टका आधारमा गर्दा रहेछन् । 'मीतले दिएको दही सिन्कोले नापेर खानू' भन्ने उखान त्यहाँ खुबै प्रचलनमा रहेछ । २१ घर-परिवारका कुनै पनि व्यक्ति त्यस्तो थिएन, जसको कुनै इष्ट वा मीत नहोस् ।

हाडसिंजाको माथिल्लो गाउँ बोटामा धानखेती हुँदो रहेनछ । जसलाई पावै भनिदो रहेछ । त्यहाँका मानिसहरू सिकर्मी र डकर्मीको काम गर्दा रहेछन् । हाडसिंजामा धानखेती हुँदो रहेछ । धानखेती हुने ठाउँलाई ज्युला भनिँदो रहेछ र त्यहाँका बासिन्दालाई ज्युलेली । खेती-किसानीमा त्यहाँका स्थानीय ज्यादै दत्तचित्त भएर लाग्दा रहेछन् । त्यतिबेला फलाम भन्ने धातु हाडसिंजामा अस्तित्वमै थिएन । खेती किसानी सबै काठका औजारमा निर्भर थियो । किसानहरू हलोको फाली पनि काठकै बनाएर प्रयोग गर्थे ।

बोटा गाउँका स्थानीयले ज्युलाका मानिसहरूका लागि काठका फाली बनाएर ल्याइदिँदा रहेछन् र त्यहाँबाट दुई-चार पाथी धान लिएर गाउँ उकालो लाग्दा रहेछन् । माथि गाउँकाले दुई-चार मुठा काठका फाली सित्तैँमा दिने र तल्लो गाउँकाले दुई-चार पाथी धान सित्तैँमा दिएर मीत लगाउने र इष्ट बनाउने प्रचलन रहेछ ।

वास्तवमा समाज कस्तो छ भन्ने कुरा झ्वाट्ट खुला आँखाले हेरे पत्ता लाग्दैन । हाडसिंजाका २१ घर-परिवारको मानवशास्त्रीय अध्ययन गर्ने क्रममा पत्ता लागेको कुरा हो यो । अध्ययनकै क्रममा थाहा भयो, जुम्लाको हाडसिंजाका बासिन्दाका निम्ति इष्ट सम्बन्ध सामाजिक व्यवस्थाजस्तै महत्त्वपूर्ण रहेछ । आपसी सहयोग, सुरक्षा, आत्मीयता र भावनात्मक एकरूपता त्यहाँको इष्ट सम्बन्धका प्रतिफल रहेछन् ।

(श्रेष्ठ मानवशास्त्री हुन् ।)

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

सोझै



विदेशबाट

सङ्कटमा खुम्बु उपत्यका

सगरमाथा क्षेत्रको खुम्बु उपत्यकामा अवस्थित इम्जा हिमताल फुट्ने सम्भावना बढ्दै गएको छ । तालमा पानीको सतह हरेक वर्ष बढ्ने गरेको छ । नेपाल सरकारले नेपाली सेनालाई यस हिमतालको सतह घटाउने जिम्मा दिएको थियो । तर, जलवायु परिवर्तनको बढ्दो प्रभावले हिमाली भेगमा आवश्यकभन्दा धेरै हिउं पग्लिरहेको छ । यसकारण त्यस क्षेत्रका मानव समुदायलाई अन्यत्र सार्नुपर्ने अवस्था सिर्जना भएको छ ।

हिमतालमा कुनै आत्मा या दैवी शक्ति रहेको अन्धविश्वासमा छन्, स्थानीयवासी । स्थानान्तरणका लागि पनि उनीहरूको आर्थिक पक्ष त्यति सबल छैन । यस क्षेत्रमा ०७२ को जस्तै ठूलो भूकम्प गएमा इम्जा हिमताल फुटेर विनाशकारी परिणाम निम्त्याउने कुरामा दुईमत छैन । एक अध्ययन अनुसार संसारको सबैभन्दा धेरै विपद् निम्त्याउन सक्ने ताल नै इम्जा हो । यो फुटेमा करिब ११ अर्ब रुपियाँ बराबरको क्षति हुने आकलन गरिएको छ । एन्ड्रिउ डाना हड्सन र मिलन श्रेष्ठले स्लेट डट कमका लागि तयार पारेको रिपोर्टमा यस क्षेत्रका सम्पूर्ण मानिसलाई सतर्क रहन पनि आग्रह गरिएको छ । ◆

साताका चर्चित

दीपेन्द्र सिंह ऐरी

क्रिकेटर

पपुवा न्युगिनीमाथि ६ विकेटको प्रभावशाली जित हासिल गर्न महत्वपूर्ण योगदान दिएकाले । खेलमा दीपेन्द्रले चार विकेट लिनुका साथै अर्धशतक पूरा गरेका थिए । पपुवा न्युगिनीलाई पराजित गरेसँगै नेपालले एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको हो ।

होम परिवाग

कवि

नेपालमै पहिलो रचनागृह 'द ब्रिट' स्थापना गरेकाले । यसको उद्घाटन यही साता कवि तुलसी दिवसले गरेका थिए । गोदावरीमा रहेको रचनागृहमा बसी सर्जकले दैनिक जीवनका व्यस्तताबाट टाढा भई कला तथा साहित्य सिर्जना गर्न सक्नेछन् ।

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट



ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

उत्तर कि दक्षिण ?

अझै पनि धेरैलाई चासो छ, प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको पहिलो विदेश भ्रमण कता हुन्छ ? उत्तर कि दक्षिण ? 'विशेष सम्बन्ध'का कारण धेरैको अनुमान ओली पहिले दक्षिणतिर दौडिने छन् । कसै-कसैको अनुमानमा उनी पहिले उत्तर प्रस्थान गर्नेछन् । उत्तर भ्रमणबाट फिर्ती सवारी हुनासाथ अन्तर्राष्ट्रिय विमानस्थलमा भन्नेछन्, 'मेरो पहिलो औपचारिक विदेश भ्रमण दक्षिणतिरै हुनेछ ।' त्यसो त यो सूत्र ओलीका अहिलेका साखुल्ले पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि प्रयोग गरेकै थिए । तर, उनको जागिर खोसुवामा पर्‍यो । फेरि त्यही सूत्र ओलीले प्रयोग गर्दा के होला ? हल्का खुलदुली !

■ **बाटरगेट उपाध्याय**

रेकर्डप्रेमी कमरेड

संसद्मा कमरेड प्रचण्डले गौरव गरेछन्, 'देशमा १० वर्षमा १० वटा सरकार बने, जसमध्ये आठवटा सरकार बनाउनमा मेरो हात छ ।' यहाँसम्म त ठीकै छ । अनि, उनले जिज्ञासा पोखे, 'गिनिजबुकमा रेकर्ड बनाउन कतिवटा (सरकार) बनाउनुपर्ने हो ?' प्रस्टै छ, कमरेडलाई रेकर्ड बनाएर प्रख्यात हुने हुटहुटी छ । तर, कतै यो जिज्ञासाले चतुर कमरेडको खुराफाती दिमागमा केही खिचडी पाकिरहेको कुरातिर संकेत त गरिरहेको छैन ? अहिले ओली नेतृत्वको सरकार छ । मिलीजुली खाने कुरामा त दुई कमरेडबीच समझदारी थियो नै । अब रेकर्ड बनाउने धुनमा ओलीजीलाई छिर्के हानेर नयाँ सरकार बनाउनमा कमरेड उन्मुख त छैनन् ? ओलीजी ! सतर्क रहनुहोला है । रेकर्डप्रेमी कमरेड जो परे !

■ **छ्ल्याहा गुरु**

बर्खास्तीको बाटो

कांग्रेसले आफ्ना विजेता सांसदलाई वाक्पटुताको धनी बनाउने योजना ल्याएछ । कसरी बोल्ने, कस्तो व्यवहार गर्ने यी जम्मै कुरा सिकाउने भएछ । साह्रै राम्रो । तर, एउटा कुरा छुटेकाले प्रशिक्षण अलिनो भयो । उक्त प्रशिक्षणमा थपिनुपर्थ्यो, कांग्रेसलाई यो दुर्गतिमा पुर्‍याउने बदनाम नेतृत्वलाई कसरी बर्खास्ती गर्ने ? कांग्रेसभित्रबाट यस्तो प्रशिक्षक नपाइए 'हायर'समेत गर्न सकिन्छ । आखिर न्यायपरिषद् सचिवले आफूभन्दा निकै उपल्लो तहका प्रधानन्यायाधीशलाई हटाउने जुक्ति निकालेको नजिर छँदैछ । यस्तै बुद्धि लडाउने व्यक्तिलाई प्रशिक्षक तोकेर कांग्रेसले अबको चुनावी रणनीति बनाउनु बेस होला । कि कसो शेरबहादुर दाइ ?

■ **लुकुवा बाजे**

बेसुरा रामचन्द्र

कांग्रेसको दोस्रो वरीयताका नेतामा पर्छन्, रामचन्द्र पौडेल । तर, बोल्ने मामिलामा पहिलो वरीयताका नेतालाई कता धकेलिदिन्छन् कता ! बोल्न कति हतारो हुन्छ, केही पनि नसोची प्याक्क बोलिहाल्छन् । कहिले कांग्रेसले वामपन्थीलाई घुँडा टेकाएरै छाड्छ भन्छन् र कांग्रेसको घुँडा मात्र होइन, आफ्नै समेत टेकाउँछन् । संघीय सभाको चुनावले यो कुराको पुस्ट्याइँ गरी नै सक्यो । तर, यिनको घैंटोमा घाम लागे पो !

अहिले फेरि बेतुकको कुरा प्याक्क बोलिहाले । सारा जनमत प्रधानन्यायाधीश गोपाल पराजुलीको किर्ते कर्मको विरूद्ध छ । तर, उनी पार्टीमा ह्वीप जारी गर्छन्, 'प्रधानन्यायाधीशलाई महाभियोग लगाइनु हुन्न । कुनै कांग्रेसी सांसदले यसो गरे कारबाही हुन्छ ।' ए बाबा ! देशका सारा न्यायिक निकाय, कानुनविद्, मानव अधिकारकर्मी-चिकित्साकर्मी र सञ्चारमाध्यम के उल्टो गतिमा बगिरहेका छन् र ? कहिलेकाहीं त शंकै लाग्छ- यिनलाई आफूले के बोलेको छ भन्ने कुराको हेक्का त हुन्छ ?' आखिर रामचन्द्रको बेसुरा राग कहिलेसम्म ?

■ **झिल्के झापाली**

बन्दको ढंग

केही समयअघि एउटा हल्ला फैलियो- भोलि र पर्सि नेपाल बन्द । अवज्ञा गर्नेलाई कारबाही । हल्लैहल्लाको देश न हो ! सुकेको पातमा आगो सल्किएजस्तो क्षणभरमा नै सामाजिक सन्जालमार्फत विश्वभर फैलियो हल्ला । बन्द आह्वानकर्ता मानिएको पार्टीले बन्द आह्वान नगरेको जनायो । प्रहरीले नक्कली बन्दको हल्लाकारीलाई चिसो खोरमा जाक्यो । प्रहरीको भनाइ थियो, अनावश्यक हल्ला किन गरेको ? हो त यो देशमा हल्ला गर्न पाइन्छ ? बरू, साँच्चिकै बन्दचाहिं गर्न पाइन्छ । बिचरा हल्लाकर्ताले थौरै विचार पुऱ्याएर बन्द नै गर्नतिर लागेको भए पुलिसले छुने आँट पनि गर्ने थिएन । किन दुःख पाइस् मंगले, आफ्नै ढंगले ।

■ **सूर्जे नेवाः**

म्याद- छु मतलब ?

बेलाबखत बजारबाट म्याद नाघेका ओखती त जफत हुन्छन् क्यारे ! ओखती पसलमा तालासाला पनि लाग्छन् क्यारे ! तर, ठूलाबडालाई त म्याद नाघेकै ओखती चाहिंदो रहेछ । दोस्रोपटक राष्ट्रपतिमा निर्वाचित हुनासाथ विद्यादेवी भण्डारीको रोजाइमै म्याद नाघेका गोपाल पराजुली परे । उनले न्यायपरिषद्ले प्रधानन्यायाधीशको जागिर सकिएको पत्र पठाइसकेका पराजुलीबाट शपथ लिन एक मिनेट ढिला गरिनन् । अर्को प्रधानन्यायाधीश आउने संकेत नपाएर हो या म्याद नाघेकै मान्छे मन परेर हो, उनले शुभ साइतमै शपथ लिने मौका गुमाइनन् । जागिर भर्खर त दुई वर्ष पुगेको छ, अब पाँच वर्ष पक्का भइसक्यो । शुभ कार्यमा किन विलम्ब गर्ने ? म्याद सकिएकासँग हांसी-हांसी शपथ लिने विद्यादेवीको साहसलाई कति सय तोपको सलामी पड्काउने हो प्रधानमन्त्रीज्यू ?

■ **लाल कुमाल**

भोटिङ ट्युसन सेन्टर

साढे दुई दशक विद्यार्थी राजनीति गरेका मेरा परम मित्र केही महिनादेखि डिप्रेसनमा फसेका थिए । पढाइ र जागिरको चिन्ता नगरी क्याम्पस र मन्त्रालय धाइरहेका थिए, निरन्तर । तीनवटा संगठन बदले पनि कतै प्रभाव जमाउन नसकेपछि दिक्कवासमा लुकेका थिए । भर्खरै सम्पन्न राष्ट्रपतिको निर्वाचनपछि अचानक उनले खुसी हुंदै कफी खुवाए मलाई । र, भने, 'अब नयाँ काम थाल्छु । तर, राजनीतिभन्दा परको व्यवसाय गर्ने आँट आएन ।' कुरो बुझ्दै जाँदा उनले भोटिङ ट्युसन सेन्टर खोल्ने भएछन् । राष्ट्रपतिको निर्वाचनमा आठ जनाको मत बदर भएपछि मित्रले नयाँ जुक्ति निकालेछन् । विदेशिएका र दिवंगतका नाममा समेत एकै दिनमा दर्जन भोट खसालेका ती मित्रले भने, 'सांसदलाई समेत मतदान सचेतता/साक्षरता पान गराइनेछ । अब मेरो ट्युसन सेन्टरले *मतदान कसरी गर्ने ?* नामक गाइडबुक छापेर पार्टी कार्यालयहरूमा बेच्नेछ ।'

मेरा मित्रले निर्वाचन आयोगको अफिसै खोस्ने भए कि क्या हो !

■ **भर्जिन ब्वाय**

हरिबहादुर थापा

संसद्मा टाई–सुट

कोही भूमिगत जीवन बिताएका त कोही जेलनेल भोगेका। कोही प्रवास बसेका त कोही पञ्चायती शासकको कठोर यातना पाएका। कोही क्रान्तिकारी छविका त कोही निष्ठावान प्रजातन्त्रवादी।

प्रतिनिधिसभा र राष्ट्रिय सभामा शिरमा 'आदर्श-छवि'को फुर्का नजोडिएका बिरलै सांसद मात्र भेटिन्थे। दुवै संसद्का २ सय ६५ मध्ये १ सय ४२ जना निरंकुश पञ्चायतकालमा जेल सजाय भोग्नेहरू नै थिए। अनि, पूर्णतः निर्वासित भएका र जनआन्दोलनपछि भूमिगत जीवनबाट एकाएक सतहमा देखापरेकाको संख्या पनि उल्लेख्य थियो। त्यस्ता कति सांसदको साइकल चढ्न सक्ने क्षमता पनि थिएन। काठमाडौं खाल्डोका बाहेक धेरैजसो एककोठे जीवन जिउँथे। त्यस्ता 'सादगी पात्र'हरू 'सुविधाभोगी' हुन्छन् भन्ने ठान्नु पनि कल्पनाबाहिरको सवाल थियो। यतिखेर जस्तो : व्यापारी, अनेक धन्दाका लगानीकर्ता, बिचौलिया र गुन्डा नाइकेहरू संसद्मा पुगिसकेका थिएनन्।

यो चरित्रचित्र हो, वैशाख-जेठ ०४८ मा निर्वाचित हुँदै संसद् प्रवेश गर्ने जनप्रतिनिधिहरूको।

विडम्बना ! त्यस्तो दृश्य लामो समय टिकेन। सिंहदरबार प्रवेशसँगै क्रान्तिकारी र प्रजातन्त्रवादी सांसदहरू चिल्ला र पोटिला हुँदै गए। शरीरमा बोसो चढेसँगै तिनलाई 'सुविधा'को भोक जाग्यो। सभामुख दमननाथ ढुंगानासँग सांसदहरू गुनासो गर्न थाले, 'गाडी सुविधा चाहियो।' सभामुखले भने सांसदका आकांक्षामा 'दमन' गरिरहे। तर, अधिक दबाबपछि २७ साउन ०४९ मा राष्ट्रिय सभा सदस्य कृष्णप्रसाद घिमिरेको संयोजकत्वमा 'संसद्का पदाधिकारी र सदस्यहरूको सुविधा सम्बन्धमा सम्बद्ध सबै पक्षसँग सिंहावलोकन गरी उपयुक्त सुझावसहितको प्रतिवेदन पेस गर्ने' संयुक्त समिति बन्यो।

समितिलाई प्रतिवेदनमा 'गाडी-सुविधा' उल्लेख गर्न चर्को दबाब दिइयो। राज्यस्रोतको दोहन गरी सुविधा भोग गर्नेहरूलाई कानुन बनाएर नियन्त्रण गर्न नागरिकले आफूहरूलाई 'जनप्रतिनिधि' बनाएको तथ्य सर्लक्कै भुले उनीहरूले। जसरी पनि गाडी सुविधा चाहियो उनीहरूलाई। 'शाखा अधिकृतको गाडीले उडाएको धूलो हामीले सहिरहनुपर्ने ?' तिनको आक्रोश चर्को हुन्थ्यो, 'तल्ला तहका कर्मचारीसमेत सरकारी गाडीमा गजक्क परेर हिँड्छन्। मर्यादाक्रममा हामी माथि छौं तर गाडीको धूलो हामीले खाइरहनुपर्ने ?'

संसद् चलिरहँदा सांसदहरूको ट्याक्सी खर्च सरकारी कोषबाटै बेहोरिन्थ्यो। तर, उनीहरू जिद्दी गर्थे, 'सिंहदरबारको गेटमा ट्याक्सी पाइँदैन। ट्याक्सी खोज्न सांसदको लोगोसहित धेरै परसम्म हिँड्नुपर्छ। त्यसकारण सुविधामा गाडी चाहियो, चाहियो।' तर, सभामुख ढुंगानाले अनेक बहाना गर्दै टारिरहे। ती दिन सम्झिँदै ढुंगाना भन्छन्, "मैले तिनीहरूलाई बढी सुविधा खोज्ने हो भने हाम्रो छवि धूमिल हुन्छ भनी टारिरहेँ।"

मुलुक कात्तिक ०५१ मा मध्यावधि चुनावमा गयो। नयाँ सांसदहरूको प्रवेश। सुविधा सम्बन्धमा संसद्भित्रै सर्वदलीय समिति बन्यो। त्यसले भन्सार सुविधाको गाडीका निम्ति सरकारसामु सिफारिस गर्‍यो। एकातिर त्रिशंकु संसद् र अर्कातिर सांसदहरूलाई खुसी पार्न सके सरकारको आयु लामो हुने विश्वास बोक्ने प्रधानमन्त्री शेरबहादुर देउवा सरकारले सहजै यसलाई स्वीकार गर्‍यो, २९ माघ ०५२ मा। त्यसको १५ दिनपछि १४ फागुनमा राज्यसंयन्त्रका विशिष्ट श्रेणीसम्मका अधिकारीहरूले पनि त्यही सुविधा पाए।

"तीसवर्षे पञ्चायतभरि आर्जित राजनीतिक आदर्शको कमाइ त्यही दिनबाट च्यूत हुने बाटोमा लाग्यो," ढुंगानाको निष्कर्ष छ, "राजनीतिक विकृति निम्ति जग बस्यो।"

पञ्चायती भाषा हुबहु

पञ्चायतकालमा राष्ट्रिय पञ्चायत सदस्य र शासकीय संरचनाका उपल्ला अधिकारीहरूलाई जुन भाषा प्रयोग गरी सुविधा उपलब्ध गराइएको थियो, बहुदलीय संसदीय कालखण्डमा पनि हुबहु तिनै शब्द उतारियो। खालि राजपत्रमा 'आज्ञाले' हस्ताक्षर गर्ने पात्र र मिति फरक। पञ्चायतकालमा 'जिप वा मोटर कार' उल्लेख थियो भने संसदीय कालखण्डमा 'हल्का सवारी साधन'।

अझ सरकारी कर्मचारीका हकमा त पञ्चायतकालीन सर्त हुबहु उतारिएको थियो। यसरी पञ्चायतकालमा सुविधा लिनेहरू नै बहुदलीय कालखण्डमा पनि दोहोरिए।

दलविहीन पञ्चायती व्यवस्थाको उत्तरार्द्ध अर्थात् १४ वैशाख ०४४ मा पहिलोचोटि राष्ट्रिय पञ्चायत सदस्यहरूलाई ९० प्रतिशत भन्सार महसुल छुटमा मोटर सुविधा उपलब्ध गराउने निर्णय गरिएको थियो। त्यसले अरूलाई पनि लोभ्यायो। अनि, १५ चैत ०४४ मा राजसभा, संवैधानिक अंग र अन्य सरकारी संयन्त्रका विशिष्ट श्रेणीका पात्रहरू सुविधा उपभोग गर्ने दर्जामा उक्लिए। १२ जेठ ०४५ मा पञ्चायत नीति तथा जाँचबुझ समिति सदस्य, त्यसको तीन महिनापछि पञ्चायती वर्गीय संगठनका पदाधिकारी पनि सुविधाभोगी बने।

त्यो दृश्य पञ्चायतइतर शक्तिहरू कांग्रेस र कम्युनिस्टका निम्ति गतिलो मसला बन्यो, 'पञ्चायती शासकहरू अत्यधिक सुविधाभोगी हुँदै राष्ट्रिय ढुकुटी रित्याइरहेका छन् । राज्य ढुकुटीमा लुटतन्त्र चलेको छ ।' दलविहीन पञ्चायती व्यवस्था थप बदनाम हुनुमा सुविधाको गाडी पनि एउटा कारण थियो । पञ्चायती वृत्तका पात्रहरूले सुविधामा ल्याएका गाडी व्यापारीलाई बेचबिखन गरेर राम्रै आम्दानी गरेका थिए । सुविधा पाउने र नपाउने पञ्चहरूबीच पनि यसले मनोमालिन्य बढाएको थियो ।

पञ्चायत व्यवस्थाविरुद्ध ७ फागुन ०४६ देखि २६ चैतसम्म आन्दोलन चलिरहँदा बहुदलवादी नेताहरूले अनुचित सुविधा खोस्ने प्रतिज्ञा मात्र गरेनन्, आफूहरूले कुनै पनि हालतमा त्यस्तो सुविधा नलिने घोषणासमेत गरे । जनआन्दोलनलगत्तै निर्मित कांग्रेसका सन्तनेता कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारले ७ जेठ ०४७ मा 'अब आइन्दा त्यस्तो सुविधा नदिने' भन्दै राजपत्रमा औपचारिक सूचना नै प्रकाशित गऱ्यो । यसले बहुदलवादीहरू 'सुविधाभोगी' हुँदैनन् र सादगी, निष्ठावान् अनि आदर्शमय जीवन बिताउँछन् भन्ने सन्देश राम्रैसँग प्रवाहित गऱ्यो ।

सुविधा खारेजीको तीन दिनपछि ११ जेठ ०४७ मा तत्कालीन अर्थमन्त्री देवेन्द्रराज पाण्डेको 'श्वेतपत्र' आयो, जसमा पञ्चायती कालखण्डमा छियाछिया भएको राज्य ढुकुटीको विरूप चित्र उतारिएको थियो । त्यसको एउटा बुँदा गाडी सुविधासम्बन्धी थियो । श्वेतपत्रले भन्थ्यो, उपल्ला शासकीय पात्रहरूले २ सय ३७ वटा सुविधामा गाडी झिकाएर मस्ती मारे, जसका निम्ति आठ करोडबराबर विदेशी मुद्रा मुलुकबाट बाहिरियो अनि १२ करोड रुपियाँभन्दा बढी राजस्वबाट मुलुक वञ्चित भयो ।

> **रातारात धनी हुने सपना बोकेका व्यापारीहरूले सांसदका आकांक्षाको भेउ पाए । अनि, सांसदहरूलाई 'बिचौलिया' मा रूपान्तरित गराई 'अनुचित फाइदा' उपलब्ध गराउँदै गए ।**

रजाइँको रहर

माघ ०५२ सम्म संसद्भित्र टाई-सुटमा सजिएका सुकिला-मुकिला पात्रहरू देखिँदैन थिए, विदेशी राजदूत र प्रतिनिधिहरूको भ्रमणमा बाहेक । जब शेरबहादुर देउवा नेतृत्वको सरकारले २९ माघ ०५२ मा भन्सार सुविधा दिने घोषणा गऱ्यो, तब संसद् परिसरमा टाई-सुटधारीहरूको बाक्लो उपस्थिति हुन थाल्यो । खासमा तिनीहरू गाडीका बिक्रेता-एजेन्ट अनि गाडी उपभोगकर्ता व्यापारी थिए । साधारण पहिरनका सांसदका अघि-पछि टाई-सुटधारीको ओहोर-दोहोर चलिरह्यो ।

अनि, धमाधम सांसदका नाममा एलसी (प्रतीतपत्र) फर्म खोलियो । एकाएक सांसदहरू महँगा गाडीका मालिक बने । २ सय ३६ सांसद र २ सय २१ उच्च अधिकारीले भन्सार र बिक्रीकर छुटमा ४ सय ५७ गाडी भित्र्याए । सांसदहरूको मोहमा मित्सुबिसी ल्यान्डक्रुजर पऱ्यो भने कर्मचारीका हकमा माज्दा, टोयटा र निसान कार । त्यतिखेर १३ लाख रुपियाँ पर्ने ल्यान्डक्रुजरमा १८ लाख ५१ हजार रुपियाँ भन्सार लाग्थ्यो । त्यसमा सांसदहरूले १५ लाख ५१ हजार भन्सार छुट पाए ।

भन्सार छुटमा सांसद-व्यापारीबीच 'नाफा'को मोलमोलाइ चल्यो । सांसदहरूले सात लाखदेखि नौ लाख रुपियाँसम्म नाफा लिएर गाडी बेचे । यसरी व्यापारी र सांसद दुवैले राज्यको ढुकुटीमा पुग्ने पैसामा बराबरी 'तर' मारे । यसबाट व्यापारी र सांसदको घाँटी पनि जोडिन पुग्यो । धेरैजसो सांसदले व्यापारीबाट प्राप्त रकमले राजधानीमा जग्गा जोडे । तर, 'निवास' निम्ति रकम पुगेन । तिनै व्यापारीसँग उनीहरूको 'मिलेमतो' सुरु भयो । रातारात धनी हुने सपना बोकेका व्यापारीहरूले सांसदका आकांक्षाको भेउ पाए । अनि, सांसदहरूलाई 'बिचौलिया'मा रूपान्तरित गराई 'अनुचित फाइदा' उपलब्ध गराउँदै गए । भलै, त्यतिबेला 'बिचौलिया' शब्द प्रयोगमा आइसकेको थिएन । त्यतिखेरका जनप्रतिनिधिको सम्पत्ति विवरणमाथि अनुसन्धान गर्ने हो भने यसबारे छर्लंग हुन्छ ।

भन्सार सुविधा लिनेहरूलाई सरकारी गाडी नदिने 'सर्त' थियो । तर, त्यसको पालन न जनप्रतिनिधिले गरे, न त कर्मचारीहरूले । धेरैजसो कर्मचारीले भने सुविधाको गाडी ग्यारेजमा थन्काए अनि सरकारीमै हुइँकिरहे । शक्तिशाली वर्गलाई आखिर कसले छुने ?

'पञ्चायतको पुनरावृत्ति' भएको यस प्रकरणको आलोचना नभएको होइन । गाडी सुविधा उपलब्ध गराउने सरकार नै पञ्चहरूको बाहुल्य रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीको टेकोमा निर्मित थियो । कतिपय पञ्चायतकालमै सुविधा लिनेमा पर्थे । अचेल बेला-बखत शेरबहादुर देउवासँग कटाक्ष गरिन्छ, 'पजेरो-प्राडो सुविधा दिई विकृति भित्र्याउने पात्र तपाईं नै होइन ?' देउवा उल्टो रूखो प्रश्न गर्छन्, 'मलाई मात्र दोष लगाउने ? संसद्कै सर्वदलीय बैठकले सिफारिस गरेपछि मैले के गर्ने ? सिफारिस गर्नेहरूलाई गाली गर्नू नि, मलाई मात्र किन ?'

अधिक आलोचना भएपछि गिरिजाप्रसाद कोइराला दोस्रोचोटि प्रधानमन्त्री बनेको सात दिनपछि ७ वैशाख ०५५ मा सरकारले सूचना जारी गऱ्यो, 'सवारी साधन झिकाउन दिइएको सुविधा बन्द गरिएको छ ।'

लालसाको खतरा अझै

उतिबेला जेल र भूमिगत जीवन बिताएका आदर्शवादीहरू त मोहमा फसेका थिए भने अहिले व्यापारी र ठेकेदारहरू स्वयं विधायक बनेका छन् । के राजनीतिकर्मी, के व्यापारी संसद्मा दुवैथरी सँगसँगै छन् । सत्ताको स्वाद पाएका, ढुकुटीको नसा-नसा केलाएकाहरू अनेक आवरणमा छन्, संघीय शासनसत्तादेखि स्थानीय तहसम्म । स्थानीय तहका प्रमुख, उप-प्रमुख र वडाध्यक्ष सुविधामै रुमल्लिएका तथ्यहरू छताछुल्ल भइरहेका छन्, यहाँसम्म कि गाडी सुविधा नपाएको झोंकमा धनुषामा एक नगर उप-प्रमुखले म्याइन्युट च्यातेको घटना उजागर भइसकेको छ । त्यसैले आमआशंका यथावत् छ, त्यस्तो दृश्य फेरि पनि दोहोरिन सक्छ कि ?

आमचाहना हुन्छ, राजनीतिकर्मीहरूले फजुल खर्च नगरून् । विगत दृश्यहरूका कारण उनीहरूको बुझाइ छ, 'शासक वर्ग र जनप्रतिनिधि राज्य ढुकुटीका सबभन्दा ठूला लुटेरा हुन् ।' अब जनप्रतिनिधिले आफूमाथि लागेको 'लुटेरा-वर्ग'को बिल्ला हटाउँछन् कि त्यही दिशातिर उन्मुख हुन्छन्, सबैको ध्यान त्यतैतिर छ । ♦

KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
नारी
म्यागेजीन
अब APP मा पनि
1:11 PM
21°
नारी
गृह पृष्ठ
कभर गर्ल
स्वास्थ्य
सौन्दर्य
परिवार
स्वेता खड्का
डाउनलोड गर्नुहोस्
GET IT ON Google Play
Available on the App Store

सर्वोत्तम नारी

पश्चिमबाट कृषि क्रान्ति

कुनै अवरोध नआए पाँच वर्षभित्र अन्नको भण्डार मानिएको १ लाख ३२ हजार हेक्टर खेतमा बाह्रै महिना सिँचाइ

जनक नेपाल/नेपालगन्ज

पश्चिम तराईको दशकौं पुरानो एउटा सपना पाँच वर्षभित्र पूरा हुँदैछ । बाँके, बर्दिया र कैलालीका उर्वर फाँटमा बाह्रै महिना सिँचाइ सुविधा पुग्दैछ । अनि, परम्परागत कृषि प्रणाली विस्थापित भई कृषि क्रान्तिको आरम्भ हुने आशा गरिएको छ । त्यसका लागि झन्डै ७२ अर्बको लगानीमा राष्ट्रिय गौरवका चारवटा आयोजना अहिले धमाधम निर्माण भइरहेका छन् । कुनै अवरोध नआए पाँच वर्षभित्र अन्नको भण्डार मानिएको १ लाख ३२ हजार हेक्टर खेतमा बाह्रै महिना सिँचाइ पुग्नेछ । "यति धेरै क्षेत्रमा एकैपटक सिँचाइ पुग्दैछ," सिँचाइ विभागका महानिर्देशक सरोज पण्डित भन्छन्, "सिँचाइको सदुपयोग गर्न सक्दा यसलाई कृषि क्रान्तिको आरम्भ मान्न सकिन्छ ।" सिँचाइले



कैलालीको रानी जमरा कुलरिया सिँचाइ आयोजना

तस्बिर : विशाल रानामगर

कृषिलाई परम्परागत र निर्वाहमुखीबाट व्यावसायिक र निर्यातमुखी बनाउनेमा आफू आशावादी रहेको उनी बताउँछन् ।

बर्दियामा खेतीयोग्य ७५ हजार हेक्टर क्षेत्रमध्ये ६० हजार ९ सय हेक्टरमा खेती भइरहेको छ । तर, सिँचाइ भने झन्डै आधा अर्थात् ३७ हजार हेक्टर भूभागमा मात्र छ । आर्थिक वर्ष ०४४/०४५ बाट सुरु भएको बबई सिँचाइ आयोजना ०७८/०७९ मा पूरा हुँदैछ । त्यसले ३६ हजार हेक्टर भूमिमा सिँचाइ पुग्ने आयोजनाको ५५ किमि नहर निर्माण भइसकेको छ । जिल्ला कृषि विकास अधिकृत परशु रावत बबई सिँचाइ विस्तार भएर बाह्रै महिना सिँचाइ हुन सके मात्र पनि ३० प्रतिशतभन्दा धेरै उत्पादन वृद्धि हुने बताउँछन् । कृषिलाई उद्योगका रूपमा विकास गर्न भने सिँचाइसँगै उन्नत बीउ र प्रविधिको विस्तार, कृषि यन्त्रीकरण र चक्लाबन्दी खेती गर्नुपर्ने उनको भनाइ छ ।

बाँकेका किसानको भाग्य र भविष्य जोडिएको सिक्टा सिँचाइ आयोजनाबाट पूर्वी क्षेत्रको नौ हजारसहित ४२ हजार ७ सय ६६ हेक्टर जग्गामा सिँचाइ पुग्नेछ । अहिले ५७ हजार २ सय ५७ हेक्टर खेतीयोग्य भू-भागमध्ये १५ हजार ३ सय ७५ हेक्टरमा मात्र सिँचाइ सुविधा छ । त्यो पनि परम्परागत कुलो, तलाउ, बोरिङ, ट्युबेल र इनारबाट आंशिक मात्र । "सिक्टा सिँचाइ पूरा भएपछि अधिकांश खेतमा बाह्रै महिना खेती लगाउन सकिनेछ," जिल्ला कृषि सूचना अधिकारी धनबहादुर पुन भन्छन्, "सिक्टा बनेपछि व्यावसायिक कृषिका लागि बाटो खुल्नेछ ।"

त्यस्तै, कैलालीको रानी जमरा कुलरिया सिँचाइ आयोजना ३८ हजार ३ सय हेक्टर क्षेत्रमा सिँचाइ पुर्‍याउने गरी काम अघि बढाइएको छ । कर्णाली नदीको पश्चिमी भँगालो झरही नालाबाट कुलो बनाई सिँचाइ गर्ने श्रमदानमा आधारित १ सय २० वर्ष पुरानो परम्परागत कुलोलाई पहिलो चरणमा आधुनिकीकरण गर्न लागिएको छ । त्यसबाट १४ हजार ३ सय हेक्टर खेतमा सिँचाइ पुग्नेछ । कैलालीमा ९० हजार हेक्टर खेतीयोग्य जमिन रहेकामा ७० हजार हेक्टरमा मात्र सिँचाइ पुगेको छ । त्यसमा पनि आधा क्षेत्रमा मात्र वर्षैभरि सिँचाइ पुग्छ । बोरिङ, डिप ट्युबेल र कुलोबाट झन्डै ३० हजार हेक्टर क्षेत्रमा आंशिक सिँचाइ गरिँदै आएको छ ।

अहिले निर्माण अन्तिम चरणमा रहेको नहर कैलालीको टीकापुर, लम्की चुहा र जानकी गाउँपालिकासम्म पुगेको छ । अहिलेसम्म चिसापानीमा इन्टेक तथा लिंक क्यानको निर्माण सम्पन्न भएको छ । त्यस्तै चिसापानीदेखि बलचौरसम्म मूल नहर तथा सेटलिंग बेसिन निर्माण भएको छ भने कटासेदेखि मोहनासम्म फिडर नहर निर्माण पनि सकिएको छ ।

दोस्रो चरणमा विस्तार गरी लम्की नहर हुँदै पथरैयासम्मको ६ हजार र दीर्घकालमा कान्द्रा नदीसम्मको १८ हजार हेक्टर थप क्षेत्रमा सिँचाइ पुर्‍याउने लक्ष्य रहेको आयोजना प्रमुख सुशील आचार्य बताउँछन् । आयोजनाको ६८ प्रतिशत काम सकिएको छ । "पानी खोल्न गेट जडानबाहेक पहिलो चरणका अधिकांश काम पूरा भइसकेका छन्," उनी भन्छन्, "चार-पाँच महिनाभित्र आधुनिक इन्टेकबाट नहर सञ्चालन हुनेछ ।"

बबई सिँचाइ आयोजनाको सिञ्चित क्षेत्र वृद्धि गर्न ०६८/०६९ मा भेरी-बबई डाइभर्सन सुरु गरिएको छ । बबई सिँचाइ आयोजनाको सिञ्चित क्षेत्र १५ हजार हेक्टरले बढाउनेछ । भेरी नदीको पानी सुरुङबाट

बाँके : सिक्टा सिँचाइ आयोजना

निर्माण सुरु
आर्थिक वर्ष ०६२/०६३

सम्पन्न लक्ष्य
आर्थिक वर्ष ०७६/०७७

प्रारम्भिक लागत अनुमान
१२ अर्ब ८० करोड

संशोधित लागत अनुमान
२५ अर्ब २ करोड

सिँचाइ लक्ष्य
४२ हजार ७ सय ६६ हेक्टर

तस्विर : कमल पन्थी

बर्दिया : बबई सिँचाइ आयोजना

निर्माण सुरु
आर्थिक वर्ष ०४४/०४५

सम्पन्न लक्ष्य
आर्थिक वर्ष ०७८/०७९

प्रारम्भिक लागत अनुमान
३ अर्ब ७७ करोड

संशोधित लागत
१२ अर्ब ६९ करोड

सिँचाइ लक्ष्य
३६ हजार हेक्टर

नेपालमा सिँचाइको स्थिति

(अंक हेक्टरमा)

नेपालको क्षेत्रफल
१,४७,१८,१००



बबईमा खसाई विद्युत् उत्पादन र सिँचाइ विस्तार एकैपटक गर्ने गरी भेरी-बबई डाइभर्सनको काम भइरहेको छ। टनेल बोरिङ मेसिन (टीबीएम) झन्डै १२ किलोमिटर सुरुङ खन्न सुरु गरिएको छ। झन्डै २.४ किलोमिटर सुरुङ खनी सकिएको छ।

भेरी-बबई डाइभर्सन लक्षित समयभित्रै पूरा हुने स्थिति छ । सिँचाइ विभाग र चिनियाँ निर्माण कम्पनीबीच १५ माघ ०७१ मा सम्झौता भई चैतबाट काम थालिएको आयोजना ०७५ भित्र सम्पन्न गर्ने लक्ष्य छ। भेरी-बबई डाइभर्सनबाट ४८ मेगावाट विद्युत् उत्पादन हुनेछ।

निर्माण कम्पनी चाइना ओभरसिज इन्जिनियरिङ ग्रुपले सुरुङ खन्नका लागि चीनको सांघाईबाट कोलकाता हुँदै नेपालमा मेसिन ल्याएर तीव्र गतिमा काम अघि बढाएको छ। मेसिनले दैनिक २५ मिटर सुरुङ खन्छ । मेसिन जडान गर्नुअघि परम्परागत ढंगले ड्रिल मेसिन प्रयोग गर्दै चुरे पर्वत ब्लास्ट गरी १ सय ५० मिटर सुरुङ खनिएको थियो।

भेरी-बबई डाइभर्सनपछि बाँकेको ९ हजारसहित बर्दियाको ५१ हजार हेक्टर क्षेत्रमा बाह्रै महिना सिँचाइ सुविधा पुग्ने आयोजना प्रमुख शिव बस्नेत बताउँछन् । "सिँचाइ र विद्युत् उत्पादन एकैपटक हुने भएकाले राष्ट्रिय गौरवका अरू आयोजनाभन्दा भेरी-बबई डाइभर्सनलाई विशेष महत्त्व दिइएको छ," उनी भन्छन्, "बजेटको कुनै कमी छैन। कुनै अवरोध नआए लक्ष्यभित्रै निर्माण पूरा हुनेमा हामी विश्वस्त छौं।"

तस्बिर: जनक नेपाल

बर्दिया : भेरी-बबई डाइभर्सन

निर्माण सुरु
आर्थिक वर्ष ०६८/०६९

निर्माण पूरा गर्ने लक्ष्य
०७७/०७८

लागत अनुमान
१६ अर्ब ४३ करोड

संशोधित लागत
२२ अर्ब

सिंचाई
१७,००० हेक्टर

- कृषियोग्य क्षेत्र
  २६,४१,०००
- सिँचाइयोग्य
  १७,६६,०००
- सिँचाइ पुगेका
  १४,३३,२८७
- सतह सिँचाइ
  ८,११,६९७
- भूमिगत सिँचाइ
  ४,४४७३५

कृषकबाट स्व-व्यवस्थापन
१,७६,८५५

कैलाली : रानी जमरा कुलरिया सिँचाइ

निर्माण सुरु
आर्थिक वर्ष ०६४/०६५

निर्माण सक्ने लक्ष्य
आर्थिक वर्ष ०७५/०७६

प्रारम्भिक लागत अनुमान
१२ अर्ब ६३ करोड

संशोधित
१२ अर्ब ६५ करोड

सिँचाइ लक्ष्य
१४ हजार ३ सय हेक्टर

मुख्यबाली उत्पादन

कैलालीमा धानको उत्पादकत्व पाँच टन प्रतिहेक्टर छ । गत वर्ष ३ लाख ५७ हजार ६ सय ७५ मेट्रिक टन धान फल्यो । त्यस्तै, गहुँको ३.९२ टन र मकैको १.२७ टन प्रतिहेक्टर छ। गत वर्ष गहुँ १ लाख ३५ हजार २ सय ५ मेट्रिक टन र मकै ७ हजार ९ सय ५१ मेट्रिक टन फलेको जिल्ला कृषि अधिकृत यज्ञराज जोशी बताउँछन्।

त्यस्तै, बाँकेमा धानको उत्पादकत्व ३.७३ टन प्रतिहेक्टर छ । त्यस्तै, गहुँ ३.२ र मकै २.४७ टन प्रतिहेक्टर छ। गत वर्ष बाँकेमा १ लाख ३६ हजार १ सय ६१ मेट्रिक टन धान, ६० हजार ९ सय ६० मेट्रिक टन गहुँ र ३२ हजार ७ सय ८३ मेट्रिक टन मकै उत्पादन भएको थियो।

बर्दियामा धान, गहुँ र मकैको उत्पादकत्व क्रमशः ४.१, ३ र २.९ टन प्रतिहेक्टर छ। गत वर्ष धान २ लाख ५ हजार मेट्रिक टन उत्पादन भयो । त्यस्तै, गहुँ ५५ हजार ५ सय मेट्रिक टन र मकै २४ हजार ९ सय ४० मेट्रिक टन उत्पादन भएको जिल्ला कृषि कार्यालयले जनाएको छ।

अन्नको भण्डार मानिएको ठूलो समतल फाँटमा एकैपटक सिँचाइ सुविधा पुग्दा उत्पादन दोब्बर वृद्धि भई किसानको आयस्तर बढ्ने अपेक्षा गरिएको सिँचाइ महानिर्देशक पण्डित बताउँछन्। आकाशे पानीको भरमा एक बाली लगाइने खेतमा दुई वा तीन बाली लगाउन थालिएपछि भने पश्चिम तराईबाट कृषि क्रान्तिको आरम्भ हुनेछ । "यसले कृषिमा रोजगारी सिर्जना हुनेछ भने युवा पलायनलाई रोक्न सक्छ," उनी भन्छन्, "अहिले वर्षमा दुई बाली हुने खेतमा कम्तीमा तीन बाली लाग्नेछ। तरकारी, केरालगायतका नगदेबालीतर्फ किसान आकर्षित हुनेछन्।" सिँचाइ सुविधाले किसानलाई व्यावसायिक खेतीउन्मुख बनाउनुका साथै कृषिमा लगानीसमेत भित्रिनेमा कृषि अर्थशास्त्रीहरू आशावादी छन्। ◆

भास्कर गौतम

भारतको नक्कल नगरौँ

भनिन्छ, कुनै समाज कति उन्नत छ भनेर बुझ्न त्यो समाजमा ऐतिहासिक रूपमा वञ्चित र सामाजिक रूपमा कमजोर सर्वसाधारणको कल्याणकारी व्यवस्थालाई हेर्नुपर्छ । यस्तै मान्यतालाई प्रस्थानविन्दु मानेर लामो समयदेखि भारतको अर्थ-सामाजिक संरचनाबारे महत्त्वपूर्ण अध्ययन गरिरहेका अर्थशास्त्रीद्वय जिन ड्रेज र अमर्त्य सेन आफ्नो पछिल्लो पुस्तक *अनिश्चित यश* (एन अन्सर्टेन ग्लोरी)मा भन्छन्, 'भारतीय समृद्धि उद्देश्यहीन यात्रामा हिँडिरहेको छ । किनभने, सामाजिक ज्ञान र मानवीय क्षमताको समग्र विकासलाई भारतीय अर्थतन्त्रले समेट्न सकेको छैन ।' आर्थिक समृद्धिको आधारभूत नयाँ अध्याय प्रारम्भ गर्दै गर्दा नेपाली सार्वजनिक वृत्तमा भारतीय आर्थिक समृद्धिबाट फाइदा लिने चाहना प्रबल छ । तर, भारतीय अनुभवबाट के सिक्ने वा के नसिक्नेबारे खासै चर्चा छैन । त्यसैले खोकना र बुङमती त्यस्तो समृद्धिको दृष्टान्त बन्ने प्रचुर सम्भावना छ, जसलाई अर्थशास्त्रीद्वय उद्देश्यहीन समृद्धि भन्छन् ।

समृद्धिका कर्ताहरू भन्दै छन्, 'हामीलाई स्थानीय होइन, राष्ट्रिय प्राथमिकतामा चासो छ । हामीलाई विकासका गतिविधिमा राष्ट्रिय सहभागिता चाहिएको हो, स्थानीयले निर्दिष्ट गर्ने सहभागितामूलक विकास चाहिएको होइन । हामी पर्यटन र औद्योगिक क्षेत्रमा भौतिक पूर्वाधार विस्तार गर्न चाहन्छौँ, सँगै पुँजीको विकास गर्न चाहन्छौँ तर त्यसबाट प्राप्त अतिरिक्त आय सार्वजनिक क्षेत्रमा लगानी गर्न चाहँदैनौँ । हामी त्यस्तो क्षमतामा विश्वास गर्छौं, जसले आर्थिक वृद्धिलाई मलजल दिन्छ तर शिक्षा, स्वास्थ्य र मानवीय क्षमतामा सार्वजनिक लगानी बढाउनेबारे खासै सोच्दैन । हामीलाई राष्ट्रिय गौरवका आयोजना चाहिएको छ तर स्थानीय बासिन्दाको जीवनलाई त्यस्तो आयोजनाले कसरी गुणस्तरीय र स्वतन्त्र बनाउँछ, त्यसबारे सोच्ने फुर्सद छैन । आखिर आफ्नै जीवनकालमा छिटोछिटो आर्थिक समृद्धि जो हासिल गर्नु छ ।'

खोकना र बुङमतीमा जे हुने सम्भावना छ, भोलि धनुषा र लुम्बिनीमा, दोलखा र दाङमा, इलाम र डोटीमा, कर्णाली र सोलुखुम्बुमा हुन सक्छ । समृद्धिबारे एकांगी चिन्तन जो छाएको छ । समृद्धिको पूर्वतयारी हेर्दा यस्तो लाग्छ, नेपालले एसियाली अनुभवबाट कम र भारतीय अनुभवबाट बढी सिक्न खोजिरहेको छ । समृद्धिमा हावी एकांगी दृष्टिकोणले एकातर्फ समृद्धि र सामाजिक न्यायलाई बेग्लै संसारको रूपमा चित्रित गर्छ । अर्कोतर्फ, सार्वजनिक बहस र नीतिहरूमा सुविधासम्पन्नको जीवनले उच्च प्राथमिकता पाउँदा सर्वसाधारणको जीवनबारे वास्तविक चित्रण कम हुने गरेको छ । आर्थिक समृद्धिबाट फाइदा लिने हकाधिकार सुविधासम्पन्नसँगै छ भनिरहँदा तिनले सर्वसाधारण नेपाली को हुन् भन्ने संकुचित दायरामा समृद्धिको चर्चा गरिरहेका छन् । परिणाम समृद्धिको पूर्वतयारीसँगै आममानिसको सामान्य जीवन कसरी गुणस्तरीय बनाउने सवाल ओझेलमा पर्दैछ । यस्तो लाग्छ, नेपाल भारतीय अनुभवबाट बढी प्रभावित छ । यस्तो भएमा समृद्धिमा निहित आकांक्षा र वैचारिक संकुचनले प्रारम्भदेखि नै समाजमा विद्यमान असमानताको उचित पहिचान गर्ने सम्भावना न्यून रहन्छ । राम्रो आर्थिक वृद्धि हासिल भएको खण्डमा समेत त्यसले सामाजिक न्याय र गुणस्तरीय जीवनलाई सशक्त र स्वतन्त्र बनाउने छैन ।

एसियाली अनुभव

एसियाली अनुभव मूलत: उन्नाइसौँ शताब्दीको अन्त्यमा जापानमा प्रारम्भ भयो । पछि दक्षिण कोरिया, ताइवान र सिंगापुर यसमा मिसिए । अलिक पछि चीन सामेल भयो । यी मुलुकले आर्थिक वृद्धिबाट उत्पन्न मुनाफालाई रचनात्मक रूपमा प्रयोग गरे । त्यस्तो रचनात्मक प्रयोग मानवीय क्षमतालाई अभिवृद्धि गर्दै जीवनलाई गुणस्तर बनाउने कार्यमा मात्र सीमित थिएन । वस्तुको उत्पादनभन्दा व्यापक दायरामा उच्च उत्पादकत्व र थप वृद्धितर्फ लक्षित थियो । अर्थात् शिक्षा, स्वास्थ्य, असल पोषण र मानवीय क्षमताका अत्यावश्यक पक्षहरूलाई उच्च प्राथमिकता दिइयो । यस्तो प्राथमिकताले आर्थिक विस्तार र मानवीय उन्नति एकअर्काका अविभाज्य हिस्सा हुन्, त्यसैले समग्रतामा हेरिनु पर्छ भनेर प्रमाणित गर्‍यो । यस्तो समग्रताको उचित प्रयोग भारतमा खासै भइरहेको छैन ।

एसियाली अनुभवले आधारभूत रूपमा दुइटा दृष्टान्त स्थापित गरिरहेका छन् । पहिलो, बजारलाई स्वतन्त्र छोड्दै आर्थिक वृद्धि गरिरहँदा असमानता पनि सँगै बढ्छ । तर, सार्वजनिक क्षेत्रमा लगानी विस्तार गरेर असमानतालाई न्यूनीकरण गर्न सकिन्छ । अनि, मानवीय क्षमतामा विस्तार गरेर आर्थिक समृद्धिलाई उन्नत बनाउन सकिन्छ । दोस्रो, पश्चिमा सरकार, पश्चिमा लगानीकर्ता र पश्चिमा ज्ञानलाई नजरअन्दाज गर्न सक्ने देशमा उद्देश्यमूलक आर्थिक प्रयोग हुन सक्छ । आफ्नो समाजमा विद्यमान विभेद र असमानताबारे शासकीय आवश्यकताकै लागि सही तर खुलेर ज्ञान उत्पादन गर्ने मुलुकले राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई अर्कै स्वरूप दिन

सक्छ । आफ्नै किसिमले प्रगतिको रफ्तारलाई बढाउन सक्छ ।

भारतबाट के नसिक्ने ?

लामो समयदेखि विद्यमान राजनीतिक स्थायित्व र पछिल्लो केही दशकमा उपलब्ध आर्थिक वृद्धिसँगै भारतको चर्चा उदीयमान शक्तिका रूपमा हुन्छ । पछिल्ला केही दशकमा आर्थिक वृद्धिसँगै सामाजिक न्यायको क्षेत्रमा समेत सकारात्मक सुधार भइरहेका छन् । शिक्षाको अधिकार, कुपोषण, भ्रष्टाचारविरुद्धको आन्दोलन र कानुन, बाध्यात्मक विस्थापनविरुद्धको अभियान तथा समग्र सार्वजनिक क्षेत्रको जवाफदेहीमा प्रगति भइरहेको छ । अझ मूलतः केरलामा सहभागितामूलक विकासको क्षेत्रमा, तामिलनाडुमा स्वास्थ्य एवं बालबालिकाको सेवामा र हिमाचल प्रदेशमा शिक्षाको क्षेत्रमा उल्लेख्य प्रगति भइरहेको छ । यसले ती प्रदेशको अर्थतन्त्रलाई समेत जीवन्त बनाएको छ । यस्ता असल कामको प्रभाव भारतका अन्य राज्यमा बिस्तारै पर्दैछ । यद्यपि, त्यस्ता रचनात्मक प्रयोग भारतका उत्तर वा उत्तरपूर्वी राज्यसम्म आएका छैनन् । भारतीय अर्थतन्त्रको सकारात्मक फल लिन नेपाल अलिक टाढै छ ।

भारतीय आर्थिक संरचनामा विद्यमान असमानता र सामाजिक न्यायको सवालमा भारतका सम्भ्रान्तका विचार धेरै संकुचित देखिन्छ । *इकोनोमिक एन्ड पोलिटिकल विक्ली*का पूर्वसम्पादक, राममनोहर रेड्डी भन्छन्, 'भारतको सम्भ्रान्त आत्मरतिमा हराएको छ । धेरै हदसम्म असहिष्णु पनि छ । आफ्नो आर्थिक विस्तारबारे मात्र सोच्ने गर्छ । आत्मरति, असहिष्णुता र व्यक्तिगत आर्थिक विस्तारको परिणाम भारत लामो समयदेखि नीतिगत प्यारालाइसिसको अवस्थामा फसेको छ ।' रेड्डीका अनुसार अर्थतन्त्रलाई सामाजिक न्यायसँग जोड्न भारतमा राजनीतिक इच्छाशक्तिको चर्चा गर्नु 'खुद्रा व्यापारमा विदेशी लगानी' बढाउने सपना देख्नुजस्तै हो । उनी थप्छन्, 'भारतीय सम्भ्रान्तमा निहित आत्मविश्वासले केवल असहिष्णुतालाई बढावा दिन्छ, जहाँ न आन्तरिक न बाह्य आलोचना पाच्य छ ।'

सन् १९७० को उत्तरार्द्धदेखि नै भारतमा आर्थिक वृद्धिले उद्देश्यहीन यात्रा प्रारम्भ गरेको हो । सो समयदेखि आर्थिक वृद्धिको प्राथमिकता यसरी राज्य निर्दिष्ट भयो कि ठूला व्यापारीको उद्देश्य हासिल गर्ने नीतिले प्राथमिकता पाउन थाल्यो । त्यस्तो नीतिको मूल रणनीति नै श्रमलाई नियन्त्रित गर्नु रह्यो । सन् १९८० को दशकमा त्यस्तै नीति धेरै राज्यमा फैलिए, जसले सन् १९९० को दशकमा थप बढावा पायो । बिस्तारै भारतीय आर्थिक वृद्धिबाट कम फाइदा लिन सक्ने समूह वञ्चित हुँदै गए । हनलाई यो समयमा आर्थिक वृद्धिले घरधुरीको आम्दानी बढाउन र गरिबी घटाउन सघाउनुपर्ने हो । तर, त्यस्तो अवस्थामा पुग्न शिक्षा, स्वास्थ्य र अन्य आधारभूत मानवीय क्षमतामा समान लगानी हुनुपर्छ । सार्वजनिक क्षेत्रमा लगानी बढाउनु पर्छ । तर, आर्थिक वृद्धिले प्रारम्भदेखि नै सर्वसाधारणको आधारभूत आवश्यकतालाई नजरअन्दाज गऱ्यो । सामाजिक न्याय र मानवीय क्षमता अभिवृद्धिमा लगानी न्यून रह्यो ।

आर्थिक वृद्धिसँगै शिक्षा, स्वास्थ्य, अन्य आधारभूत आवश्यकता र मानवीय क्षमतालाई जोड्नुपर्छ भन्ने ज्ञानको अभाव भारतमा थिएन । कृषि उत्पादन एवं ग्रामीण विकास र पर्यावरणको अव्यवस्थित दोहन गर्नु हुँदैन भन्ने बुझाइको पनि कमी थिएन । तर, शासक र सम्भ्रान्तमा विद्यमान असहिष्णुता यस्ता ज्ञानभन्दा बलशाली पक्ष बने । त्यसैले आर्थिक वृद्धि त भयो तर आमगरिबको र कृषिमा आधारित जीविकोपार्जन संकटग्रस्त रह्यो । ग्रामीण जनताको आय वृद्धि न्यूनतम रह्यो ।

भनिन्छ, समाजमा विद्यमान विभेद र असमानतालाई सम्बोधन गर्ने राजनीतिक इच्छाशक्तिको भारतमा अभाव छ । किनभने, आर्थिक नीतिले मूलतः ठूला व्यापारीको फाइदालाई अग्रस्थानमा राखेको छ । तर, आर्थिक असमानतालाई वृद्धिसँग मात्र जोडेर बुझ्दा दुई प्रमुख पक्ष ओझेलमा परेका छन् । पहिलो, धनी र गरिबबीचको खाडल चरम छ र गरिबको आम्दानी आधारभूत आवश्यकताका लागि समेत अपुग छ । त्यसैले औसत असमानताका सूचकहरूले चरम असमानताका विविध पक्षलाई समात्न सकेका छैनन् । दोस्रो, निजी आम्दानीको मापनले शिक्षा, स्वास्थ्य, सामाजिक सेवा वा वातावरणीय सहयोगबाट उपलब्ध सार्वजनिक सेवाको भूमिकालाई समेट्दैन । तर, आर्थिक रूपमा वञ्चित रहेको जीवनलाई टेवा दिन सामाजिक सहयोगले महत्त्वपूर्ण भूमिका खेल्छ । धेरै अवस्थामा आम्दानीभन्दा पनि अन्य सामाजिक पक्षले सर्वसाधारणलाई स्वतन्त्र रहन सघाउँछन् ।

> **मूलतः मध्यम र निम्नमध्यम वर्गीयमा रहेका तप्काले भुइँ तहका सामान्यजनलाई दृश्यबाट हटाएर आफूलाई आम आदमीको रूपमा स्थापित गर्न सफल भएका छन् । अर्कोतर्फ, भारतको सार्वजनिक चिन्तन परम्परा वञ्चितमा पारिएका समुदायको न्यायप्रति असहिष्णु छ । यसले समग्र अर्थतन्त्रको कल्पनालाई संकुचित बनाएको छ ।**

अबको बाटो

भारतीय अनुभव त्यति उत्साहजनक छैन । भारतमा आर्थिक विकाससँगै सामाजिक न्याय र आफ्नो समाजमा विद्यमान जटिलतालाई ठम्याउने प्रयासहरू हुनुपर्ने मात्रामा भएका छन् । अझ अप्ठ्यारो पक्ष, भारतीय ज्ञान अत्यधिक रूपमा पश्चिमा उन्मुख छ । अर्कोतर्फ, राजनीतिक इच्छाशक्ति औसत भारतीय नागरिकको समग्र मानवीय क्षमता वृद्धिमा केन्द्रित छैन । यसको एउटा महत्त्वपूर्ण स्वार्थ आर्थिक समृद्धिको मूल हकाधिकार कसको रहने भन्ने पक्षसँग जोडिएको छ । त्यसैले भारतमा आम आदमी कसलाई मान्ने प्रस्ट छैन । हालसम्म मूलतः मध्यम र निम्नमध्यम वर्गीयमा रहेका तप्काले भुइँ तहका सामान्यजनलाई दृश्यबाट हटाएर आफूलाई आम आदमीको रूपमा स्थापित गर्न सफल भएका छन् । अर्कोतर्फ, भारतको सार्वजनिक चिन्तन परम्परा वञ्चितमा पारिएका समुदायको न्यायप्रति असहिष्णु छ । यसले समग्र अर्थतन्त्रको कल्पनालाई संकुचित बनाएको छ । यस्तो चिन्तन परम्पराले समाजमा विद्यमान जटिलतालाई सम्बोधन गर्न सक्दैन । अझ परिवर्तन उन्मुख प्रयोग, नवीनतम् संस्थागत प्रबन्ध वा अर्थपूर्ण प्रयासलाई राजनीतिक र आर्थिक वृत्तमा निरुत्साहित गर्छ । परिणाम आर्थिक समृद्धिबाट औसत भारतीय नागरिकले सामाजिक न्याय, मानवीय क्षमतावृद्धि र स्वतन्त्रतालाई टेवा पुऱ्याउँदै समग्र मानवीय विकासमा लगानी गर्न सकेको अवस्था छैन । के नेपाली समाजले पनि यस्तै उद्देश्यहीन आर्थिक समृद्धि चाहेको हो ? ◆

भ्रमण मुकाम काठमाडौँ

॥ चन्द्रशेखर अधिकारी

हुन त स्वतन्त्र राष्ट्रका प्रधानमन्त्री हुन् तर शैली हेर्दा नवनियुक्त राजदूतले राष्ट्राध्यक्षसँग ओहोदाको प्रमाणपत्र बुझाउन हिँडेजस्तो । अपवादलाई छाड्ने हो भने छिमेकीसामु नेपालका प्रधानमन्त्रीहरूको नियति आजसम्म यस्तै रह्यो । प्रधानमन्त्री केपी शर्मा ओलीलाई भने दक्षिण/उत्तर यात्राको कुनै हतारो देखिन्न ।

यस्तो हतारो हुँदो हो त उनले पाकिस्तानी प्रधानमन्त्री शाहिद खकान अब्बासीलाई काठमाडौँमा पक्कै स्वागत गर्दैन थिए । प्रधानमन्त्री हुनेबित्तिकै कुनै ठूलो 'डिल'बिना छिमेकी मुलुकको भ्रमणमा निस्कनु आफूलाई कमजोर महसुस गर्नु हो । 'नयाँ राजदूतले राष्ट्रप्रमुखसमक्ष ओहोदाको प्रमाणपत्र बुझाएझैँ भ्रमणमा निस्कनु आफैँमा विश्वास नहुनु हो,' पूर्वपरराष्ट्रमन्त्री कमल थापाको एक वर्षअघिको टिप्पणी पुष्पकमल दाहाल 'प्रचण्ड'प्रति लक्षित थियो । दोस्रोपटक सत्ता सम्हालेलगत्तै दिल्ली उड्न हतारिएका प्रचण्डलाई लक्षित गर्दै थापाले गरेको टिप्पणीले धेरै विषयलाई संकेत गर्थ्यो ।

कार्यकारी प्रमुखले जनतालाई विश्वस्त पार्ने भन्दा छिमेक खुसी पार्ने नीतिको रूपमा हुने छिमेक भ्रमण सबैको बुझाइमा छ । प्रधानमन्त्री ओलीले पुरानै शैलीलाई अपनाएर तत्काल छिमेकको भ्रमण गर्नुपर्ने कुनै ठूलो दुईपक्षीय एजेन्डा देखिँदैन । नेपाल र भारतका सबैजसो मुद्दा प्रबुद्ध व्यक्ति समूह (ईपीजी)मा छलफल भइरहेको छ । असार ०७५ मा यसको प्रतिवेदन आउँदैछ । त्यसबाट पनि स्पष्ट छ, भ्रमणमा निस्कनु कुनै हतारो प्रधानमन्त्री ओलीमा देखिनु हुँदैन । यसको उल्टो आफ्नो मुलुकमा छिमेकी कार्यकारीलाई स्वागतको वातावरण बनाउने अवसर उनीसामु छ । तर, उनलाई जतिसक्दो छिटो भारत भ्रमण गर्न सुझाव दिनेहरूको कमी छैन ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी चिनफिङ दुवैको प्राथमिकतामा नेपाल रहेको उनीहरूकै सञ्चारमाध्यममा आउने धारणा र शुभकामनाको हतारोले देखाइसकेको छ । नेपाल प्राकृतिक पानीढलोबाट उत्तरतिर लहसिन नदिन दक्षिणले प्रयत्न गर्नु अस्वाभाविक होइन । चीनले पनि कम्युनिस्टहरूलाई एकगठ गर्दै नेपालमा पश्चिमा उपस्थिति कमजोर पार्ने रणनीति अवलम्बन गर्न खोज्नुलाई अनौठो रूपमा लिन मिल्दैन । तर, कम्युनिस्टमा नै पश्चिमा प्रभाव र चाप कति छ भन्ने चीनले नबुझेको पक्कै छैन । चीनले नेपालबाट पश्चिमालाई सन्देश दिन चारतिरबाट भारत वर्षलाई घेर्दै त्यहाँको बजारसमेत खोजिरहेको छ । भारत पनि चीनप्रति नरम व्यवहारमा उत्रिएको देखिन्छ । यस्तो अवस्थामा यी दुई मुलुकका कार्यकारीले नेपाल भ्रमण गर्ने सम्भावना प्रशस्त देखिएको छ । नेपालले आफ्ना तर्फबाट त्यही अनुरूपको तयारीमा जुट्न आवश्यक छ ।

०७२ असोजमा संविधान जारीसँगै भारतले लगाएको नाकाबन्दीले चीनसँग पारवहन तथा यातायात सम्झौता गरेका ओली पुनः शक्तिशाली प्रधानमन्त्रीको रूपमा उदाएका छन् । निर्वाचनमा वाम गठबन्धनले स्पष्ट बहुमत ल्यायो । संविधान जारीसँगै संविधानमा असन्तुष्टि देखाएर आन्दोलित बनेका मधेसी दलले समेत ओली नेतृत्वको सरकारलाई विश्वासको मत दिए । संसद्मा

पाकिस्तानी प्रधानमन्त्रीको नेपाल भ्रमणपछि होला त सी र मोदीको काठमाडौँ यात्रा ?

तीन चौथाइभन्दा बढी मत लिन उनी सफल भए । परम्परा धान्ने शैलीमा छिमेक भ्रमण आवश्यक छैन । विश्व परिवेशमा आएको बदलावसँगै नेपालको महत्त्व यो क्षेत्रमा दिनहुँ बढ्दो छ । उनीहरू नै नेपाल आउन सक्ने प्रशस्त आधार तय भइसकेका छन् । ओली प्रधानमन्त्री हुने निश्चित भएपछि प्रधानमन्त्री मोदीले टेलिफोन गरेर स्वागत गर्न आतुरता देखाउँदा उनले मोदीलाई नेपाल भ्रमणको निमन्त्रणा दिइसके । थाती रहेको जनकपुर र मुक्तिनाथ भ्रमणका लागि मोदी आतुर छन् ।

मोदीलाई त्यतिले मात्र चित्त बुझेन । विदेशमन्त्री सुष्मा स्वराजलाई नेपाल पठाएर भारतको चासो र प्राथमिकता स्पष्ट पारे । भारतको चासोका रूपमा रहेको 'बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास' (बिमस्टेक)को शिखर सम्मेलन नेपालले आगामी वैशाखमा गर्ने तयारी थालेको छ । सम्भवतः त्यही सम्मेलन मिलाएर मोदीले नेपाल भ्रमण गर्न सक्ने आधारहरू बनिरहेको परराष्ट्र अधिकारी बताउँछन् । उनको भ्रमणभन्दा अघि नै चिनियाँ राष्ट्रपति सीले नेपाल भ्रमण गर्न सक्ने बलियो आधार पनि छ । माओत्सेतुङपछि शक्तिशाली राष्ट्रपति बनेका सीलाई भारतको बजार पस्ने सहज पहुँच नेपाल हो । त्यसभन्दा पनि अन्तर्राष्ट्रिय कूटनीतिको 'क्रीडास्थल'का रूपमा नेपाललाई बुझेको चीनले छिमेकमा बाह्य प्रभाव नरहोस् र बलियो सरकार बनोस् भन्ने चाहना राख्छ। दरबारसँग घनिष्ट सम्बन्ध बनाएको चीन यतिबेला नेपालमा स्थायी शक्तिकै खोजीमा छ । यस्तो अवस्थामा नेपाल चनाखो हुनुको विकल्प छैन ।

नेपालले राष्ट्रिय स्वार्थबाट निर्देशित भएर दुवै छिमेकलाई सामिप्यमा राख्न सक्नुपर्ने सुझाव विज्ञहरूले दिँदै आएका छन् । एकसँगको सम्बन्धलाई अर्कोसँग जोड्न हुँदैन तर त्यसको प्रभाव भने ख्याल गर्न आवश्यक रहेको धारणा उनीहरूको छ । सुष्माको नेपाल भ्रमणको केही दिनमै सरकारको नेतृत्वमा पुगेका ओलीलाई बधाई तथा शुभकामना व्यक्त गर्न पाकिस्तानका प्रधानमन्त्री नेपाल आए । पाकिस्तानलाई विश्वमै आधा चिनियाँ भन्ने गरिन्छ । उनको हाउभाउ र शैलीमा पनि चिनियाँ पक्षपोषण सन्निहित थियो । उनको यो भ्रमणलाई हामीले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)सँग जोडेर हेर्‍यौँ । हुन पनि २०१६ को नोभेम्बरमा नै सार्कको १९औँ शिखर सम्मेलनको तयारी गरेको थियो पाकिस्तानले। भारतले अचानक कश्मीरको उरी घटनालाई प्रस्तुत गर्दै सहभागिता नजनाउने भएपछि अन्तिम समयमा सम्मेलन स्थगित भएको थियो ।

स्थगन भएको डेढ वर्ष कटिसक्दा पनि तिथि तय हुन सकेको छैन । सबैको ध्यान अब्बासीको आगामी सार्क शिखर सम्मेलन गराउनेतर्फ मात्र गयो। तर, उनले काठमाडौँ आएर चिनियाँले अघि बढाएको बेल्ट एन्ड रोड इनिसियटिभ्स (बीआरआई) चीन-पाकिस्तान आर्थिक करिडोर (सिपेक)को विषयमा कुरा उठाउँदै यसबाट नेपालले फाइदा लिनुपर्ने बताएपछि उनको भ्रमण बुझ्न असहज भएन । हिमालयन सहकार्य पनि उनको एजेन्डामा परे । हो, उनका धारणा नेपालको हितमा नै छ । कहिलेकाहीँ हितमा भएका सबै विषय थेग्न कत्तिको सहज हुन्छ, यो राजनीतिक नेतृत्वले ख्याल गर्ने विषय पनि हो ।

पाकिस्तानी प्रधानमन्त्रीको भ्रमणको प्रतिक्रिया बुझेर सीले आफ्नो यात्रा तय गर्न लागेको हुन सक्ने आँकलन कूटनीतिक क्षेत्रमा छ । चिनियाँ सञ्चार माध्यमले दिएको महत्त्वले पनि यसलाई स्पष्ट पार्छ । पाकिस्तानी प्रधानमन्त्री नेपाल भ्रमणमा आउँदा दक्षिण एसिया महाशाखा प्रमुख विदेशमा रहनु, चीनसमेत हेर्ने उत्तरपूर्वी महाशाखाका प्रमुखलाई नै यो भ्रमणमा सक्रिय बनाइनुले पनि मन्त्रालयको बुझाइ र हेराइ स्पष्ट छ । सीले आफ्नो मन्त्रिमण्डल फेरबदल, दलीय कार्यहरू सकेर अप्रिलमा विदेश भ्रमणमा निस्किँदा नेपालसमेत पार्नेमा बेइजिङस्थित नेपाली दूतावास ढुक्क देखिन्छ । त्यस्तै, भारतीय प्रधानमन्त्री मोदीले पनि आफ्नो छिमेकी मुलुकको यात्रा भुटान र बंगलादेशबाट अप्रिलमा नै आरम्भ गर्ने तयारी गरेको विदेश मन्त्रालयको स्रोत उल्लेख गरी भारतीय पत्रिकाले लेखेका छन् । यसबाट स्पष्ट छ, राष्ट्रवादी नेताको 'पगरी'समेत पाएका ओलीले मोदी र सीलाई नेपालमा स्वागत गरेर मात्र आफ्नो यात्रा अघि बढाएमा उनले कूटनीतिमा नयाँ मोड दिन सक्नेछन् । यसका लागि अब्बल/कुशल कूटनीतिक चालक आवश्यक पर्छ। ओलीले मन्त्रिपरिषद् विस्तार गर्दा कस्ता व्यक्तिलाई परराष्ट्रमन्त्री बनाउँछन्, त्यसबाट पनि यो विषयको टुंगो लाग्नेछ । कर्मचारीले भनेको गर्ने व्यक्ति परराष्ट्रमन्त्री हुन्छन् कि आफ्नै निष्कर्षमा कर्मचारीलाई हिँडाउने व्यक्ति, यसले धेरै विषय तय गर्छ ।

"नेपालमा अहिले दुवै मुलुकका कार्यकारी प्रमुख आउन सक्ने वातावरण बन्न सक्छ । चिनियाँ राष्ट्रपति सीले आउने संकेत गरिरहेका छन् भने भारतीय प्रधानमन्त्री मोदी पनि बिमस्टेकमा आउने सम्भावना बलियो देख्छु," दक्षिण एसियाली अध्ययन केन्द्रका प्रमुख निश्चलनाथ पाण्डे भन्छन्, "हाम्रो कूटनीतिक प्रो-एक्टिभनेस कत्तिको हुन्छ ! यसमा यस्ता विषयले निर्भर गर्छ ।" त्यसो त नेपाली नेतृत्वलाई भारत र चीन दुवैले विश्वास गर्दैनन्। यति धेरै आशंकाको भारीले थिचिएको उदाहरण विश्वमा बिरलै होला ।



नेपाल भ्रमणमा आएका पाकिस्तानी प्रधानमन्त्री शाहिद खकान अब्बासीका साथ (माथि) र भारतीय विदेशमन्त्री सुष्मा स्वराजका साथ प्रधानमन्त्री केपी शर्मा ओली

प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमाल सरकारले निकै सोचेर आफ्नो काम अघि बढाउने बताउँछन्। प्रधानमन्त्रीले अब बिस्तारै मन्त्रिपरिषद् विस्तार गर्ने र नतिजा देखिने गरी काम गर्ने उनी बताउँछन् । भन्छन्, "नेपालको सर्वोपरि हितलाई हेरेर नै कूटनीति अवलम्बन हुनेछ । लहडमा होइन, थिंक ट्यांक/विद्वत् वर्गको परामर्शमा लगानी गर्नेजस्ता विषयमा सरकारले आफ्नो धारणा बनाएको छ ।" अब 'प्रो-एक्टिभ' कूटनीति नै हाम्रो आधार हुने भए पनि यसमा गम्भीर छलफल हुन नसकेको उनले सुनाए ।

"नेपाल चीनतिर लहसिँदा नेपालको साथमा पाकिस्तान, रसिया र उत्तर कोरिया हुन सक्छ । भारतसँगको परम्परागत सम्बन्धमा केही सुधार गरेर विन-विन हुने गरी अघि बढ्दा लोकतान्त्रिक मूल्य-मान्यता राख्ने मुलुकहरू नेपालको साथमा रहन्छन्," एक पाका एसियाली कूटनीतिज्ञले अनौपचारिक गफमा भनेका थिए । उनको भनाइ कतै पश्चिमा आँखा त थिएन भन्ने पनि छ । चीनले नेपाल गणतन्त्रात्मक मुलुक भएपछि राष्ट्रपतिलाई राजकीय भ्रमण गराएको छैन । अघिल्ला राष्ट्रपति रामवरण यादवले सांघाई एक्स्पो र बोआओ फोरममा सहभागिता जनाए । वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले अघिल्लो कार्यकालमा चीन टेक्न पाइनन् ।

शासकीय अव्यवस्था र भ्रष्टाचारले गाँजेका देशहरूको सूचीमा रहेको नेपाल राजनीतिक स्थायित्वतर्फ उन्मुख हुँदैछ । अग्रगामी देखिए पनि शासकीय कमजोरी, राजनीतिक सोच, चरित्र र शैलीको संकीर्णताले नराम्रोसँग जेलिएको छ । विश्व आधारभूत परिवर्तनको सँघारमा छ । विश्वव्यवस्था, राज्य र नागरिकबीचको सम्बन्ध तथा चीन र भारतको हैसियतमा नसोचेको परिवर्तनले यस्तो देखाएको हो । विश्वयुद्धपछि वासिङ्टन नियन्त्रित स्थापित विश्व आर्थिक संस्थाहरूको प्रासंगिकता फेरिएको छ । 'चीनको अग्रसरतामा स्थापित एसियन इन्फ्रास्ट्रक्चरल इन्भेस्टमेन्ट बैंक (एआईआईबी), बेल्ट एन्ड रोड इनिसियटिभ्स (बीआरआई) र चीनले लिएको छिमेक नीतिले यस क्षेत्रमा साँच्चै फेरबदल ल्याएको छ । "चीन निकै अघि बढेको छ । यो महसुस भारतले पनि गरिसकेको छ । दुईवटा विचार भारतमा बढ्दो छ । चीनतिर नरम हुने र बेवास्ताका साथ प्रतिस्पर्धा गर्ने," पूर्वराजदूत दिनेश भट्टराई भन्छन्, "परराष्ट्र नीतिको निर्देशक पक्ष नै राष्ट्रिय स्वार्थ रहेकाले सबैले आफूलाई हेरेर त्यस्तो नीति अवलम्बन गर्ने हो । भारत र चीन पनि साँध जोडिएका मुलुक भएकाले एक बिन्दुमा पुगेर मिल्नुको विकल्प छैन ।"

अमेरिका, भारत, जापान र अस्ट्रेलियाको एक समूह यो क्षेत्रमा सक्रिय छ । चीन पनि भारतलाई घेर्दै अघि बढेको छ । विश्वव्यापी हैसियत बढाउन चीनले चालेको नयाँ कूटनीतिक अभियानमा नेपाल जोगिएर हिँड्न सक्नुपर्छ । शान्त र अहस्तक्षेपकारी अडानमा रहने चीन अहिले विश्व नेतृत्वमा अग्रसरताकै लागि होला, बढी नै सक्रिय छ । यस्तो अवस्थामा छिमेकीको चेपुवामा होइन, विश्वासमा लिएर सहकार्य गर्न जरुरी हुन्छ ।

हामीले नेपालमा भारत र चीन मात्र देखिरहेका छौं । त्यो सत्य होइन । पश्चिमा उपस्थितिलाई कम आँक्नु हुँदैन । युरोप, अमेरिका हुँदै फेरि एसियामा शक्ति केन्द्रित हुँदै जाँदा नेपालले आफ्ना छिमेकीद्वयको कार्यकारीलाई स्वागत गर्दै आफ्नो प्राथमिकता सुनाउन सक्नुपर्छ । भारत स्वतन्त्रतापछिका राष्ट्रपति राजेन्द्रप्रसादले नेपाल र भारतबीचको घनिष्ट मित्रता नै बाँकी एसियाकै उदाहरण तथा शान्ति कायम राख्ने बलियो शक्ति भनेका थिए । त्यस अनुरूप भारतले आफूलाई प्रस्तुत गर्न सकेन वा हामी नै चुक्यौं । चीन सदाबहार मित्रको रूपमा रहेको भनियो तर उसले पर्दा नेपालको विषयमा आफ्नो धारणा सार्वजनिक गर्न सकेको छैन । चिनियाँ राष्ट्रपति सीले नेपाल-चीन सम्बन्ध 'दाँत र ओठ'को जस्तो भन्दै आए तर त्यो अवलम्बन भएको छैन । नेपालले भारत र चीनसँगको सम्बन्धलाई राष्ट्रिय स्वार्थ केन्द्रित गर्दै आपसी विश्वास विकास गर्न सके बाँकी विश्वमा हामी स्वतः रोल मोडल हुनेछौं । ◆

Arogin
HEALTH CARE & RESEARCH CENTRE

World Class
HAIR TRANSPLANTATION

कपाल प्रत्यारोपण : जानकारी

कपाल प्रत्यारोपण एक आफ्नै टाउकोको पछाडिको भाग अथवा दाहींबाट कपालको जरा निकालेर अगाडी सार्ने प्रक्रिया हो । रोपिएको कपाल प्राकृतिक रूपले बढ्छ र यो हाम्रो सामान्य कपाल जस्तै प्रकृतिको हुन्छ ।

विश्वमा अहिले ३ वटा प्रबिधिबाट कपाल प्रत्यारोपण गरिन्छ जसमा FUT (Folicular Unit Transplant), FUE (Folicular Unit Extraction) र अहिले आएको र हाम्रो सेन्टरमा हुने IHT (Immediate Hair Transplantation) रहेका छन्।

कपाल प्रत्यारोपण एक सामान्य प्रक्रिया हो र यसमा कुनै अस्पताल भर्ना हुन पर्दैन ।

तालुपनबाट मुक्ति पाउनका लागि यो एक मात्रै उपाय हो ।

Type HAIR & SMS to **9801143423** for **FREE CONSULTATION**

Or call us on **01-44 23 423**

OUR OTHER SERVICES:

- Hair fall control
- Hair transplantation on scar
- Eyebrow transplantation
- PRP therapy for Hair
- Mesotherapy

कसले सम्पर्क गर्ने?

तालु खुइलिएको तर पछाडिको भागमा बाक्लो कपाल भएको पुरुषहरुले
अगाडीको भाग एकदमनै पातलो देखिदै गएको महिलाहरुले
- तन्नेरी अवस्थामा नै कपाल पातलो हुदै गएको युवावर्गले
- घाउचोट लागेर अथवा आगोले पोलेर बसेको दागमा
- कपाल रोप्न पर्ने।

बिहान ९:०० बजे देखि बेलुका ६:३० सम्म
For Appointment: 9801143423 / 9801143425

WE ARE OPEN ON
SATURDAYS
TOO

AROGIN HEALTH CARE & RESEARCH CENTRE PVT. LTD

05, Bishalnagar, Baluwatar, Kathmandu
01 4423423 / 25 / 35
hairclinic@aroginhealthcare.com
www.aroginhealthcare.com

Finance Partner:
NABIL BANK

‘संविधान संशोधन होस् भनेर एमालेलाई सघायौँ’

धेरै बोल्दैनन्, **महन्थ ठाकुर** । मिडियासँग पनि उति नखुल्ने उनको बानी छ । गृहजिल्ला महोत्तरी-३ बाट प्रतिनिधिसभा चुनाव जितेसँगै उनको भाव र शैली बदलिएको छ, प्राथमिकता भने उही रहेको दाबी गर्छन् । भर्खरै संसद्मा प्रधानमन्त्री केपी ओलीका पक्षमा विश्वासको मत अनि राष्ट्रपति चुनावमा वाम गठबन्धनले अघि सारेकी विद्यादेवी भण्डारीलाई सघाएसँगै ठाकुर र राजपाको एमालेविरोधी अडान बदलिएको हो कि भन्ने जिज्ञासाहरू प्रकट भएका छन् । ठाकुरले *नेपाल*सँग संविधान संशोधनमार्फत आफ्ना एजेन्डा सम्बोधन गर्नका लागि एमालेलाई उत्प्रेरित गरेको प्रस्टीकरण दिए । उनले संघ र प्रदेश दुवैको स्थिरता र विकासका लागि सहकार्य गर्नुपर्ने धारणासमेत राखे ।

प्रधानमन्त्रीसँग नियमित भेट भइरहेको बुझिन्छ । के कुरा भइरहेको छ ?

प्रधानमन्त्रीजीसँग भेटघाट भइरहेको छ । संसद्मा जाँदाखेरी आमुन्ने-सामुन्ने कुराकानी पनि भएको हो । मेरो मुख्य चासो कैलालीका हाम्रा सांसद रेशम चौधरीले प्रमाणपत्र नपाएको विषयमा थियो । उहाँ अहिले अनशनमा हुनुहुन्छ । यसको सम्बोधन नभए फेरि तनाव बढ्न सक्छ । पञ्चायतकालमा पनि रामराजाप्रसाद सिंहले शपथग्रहण गर्न पाउनुभएको थियो । अहिले लोकतन्त्रमा अवस्था जटिल छ ।

प्रधानमन्त्रीको के प्रतिक्रिया छ ?

‘कुरा सही नै हो, फैसला भएपछि कानुनबमोजिम हुने हो । तर, आरोप लाग्दैमा सांसद बन्न नरोक्नु पर्ने हो’ भन्ने प्रतिक्रिया छ । ‘म यसबारे आफैँ अलमलमा छु, महान्यायाधिवक्तासँग कुरा गर्छु’ भन्नुभएको छ ।

राजपा पनि ओली सरकारमा जान लागेजस्तो बुझिन्छ नि ?

स्वाभाविक छ । नेताहरू सरकारमा जान इच्छुक छन् भने यो कुनै ठूलो कुरा होइन । सांसद बनिसकेपछि त सरकारमा जाने इच्छा भइहाल्छ । नत्र राजनीति किन ? राजनीति त केवल दुईवटाले मात्रै गर्छन्, सन्यासी र महत्त्वाकांक्षीले । एउटालाई केही चाहिन्न, अर्कोलाई सबैथोक चाहिन्छ ।

तर, तपाईंले रोकिराख्नुभएको छ भन्ने गुनासो पार्टीभित्रै सुनियो !

कसले भने ?

तिनले, जो सरकारमा जाने तयारीमा छन् !

कुरा के भने औपचारिक रूपमा यो प्रस्ताव आइसकेको छैन । उहाँहरू (सत्तापक्ष) ले प्रस्ताव राख्नुभो, ठीकै छ ।

प्रधानमन्त्रीले ?

हो । उहाँले भन्नुभयो, सरकारमा मन्त्री पठाइदिनुपर्‍यो ।

तपाईंको जवाफ ?

मैले सोधेँ, कति जना पठाइदिऊँ ? (हाँसो)

प्रधानमन्त्रीको टिप्पणी ?

उहाँ हाँस्न थाल्नुभो । त्यसपछि दुई घन्टाजति कुरा भयो । उहाँको त बानी नै छ, बीचबीचमा मैथिली पनि घुसाइहाल्ने ।

तपाईंलाई भेट्दा पहिले पनि मैथिलीमा बोल्नुहुन्थ्यो, होइन ?

हो । ‘कि हालचाल ?’ यस्तै के-के सोध्नुहुन्छ ।

तपाईंहरू हिन्दी भाषाले मान्यता पाउनुपर्ने माग गर्नुहुन्छ । मैथिली बोलेर प्रधानमन्त्रीले त्यसैको सांकेतिक विरोध जनाउनुभएको हो कि ?

हामीले हिन्दीको मुद्दा उठाएका छैनौँ । हामीले क्षेत्रीय भाषाहरूलाई मान्यता नदिए सांस्कृतिक द्वन्द्व रहिरहने कुरा मात्रै गरेका छौँ । यस्ता भाषा मधेसमा मात्रै होइन, पहाडमा पनि छन् ।

तपाईंहरूले नउठाएको भए किन यो आरोप लागिरहन्छ ?

संसद्मा पनि कोही-कोहीले हिन्दी बोलिहाल्छन् । भाषाको प्रतिबन्ध आखिर संसद्मा छैन पनि । सबैले आफ्ना भाषा बोलिरहेकै छन् । जनकपुरमा पनि कसैले हिन्दी, कसैले भोजपुरी, कसैले मैथिलीजस्ता विभिन्न भाषामा शपथग्रहण गरे । मधेसमा नेपालीभन्दा हिन्दीको चाहिँ बढी चलन छ ।

तपाईंहरू संविधान संशोधन भन्नुहुन्थ्यो । अब बिसाउनुभएको हो ?

यो माग सम्बोधन हुनैपर्छ । भाषा, नागरिकता, प्रतिनिधित्व र सीमांकन हेरफेर गर्ने भनेर ओलीजीहरूले नै चारबुँदे तयार गर्नुभएको थियो ।

नन-पेपरको कुरा गर्नुभएको ?

हो । त्यसको सम्बोधन त भएकै छैन । अचानक उहाँको सरकार अल्पमतमा गयो । कांग्रेस र माओवादीको सरकार आयो । त्यसपछि केही कुरा पनि अघि बढेन ।

हिजोआज फेरि चारबुँदेको कुरा उठेको छ र ?

छैन । यो विषयमा छलफल सुरु नै भएको छैन ।

अब सरकारमै गएर यी विषयहरू टुंग्याउने कि ?

सरकारका बारेमा कुनै निर्णय भएको छैन । हामी समस्याप्रति चिन्तित छौँ । सरकारसँग दुई तिहाइ बहुमत छ । हाम्रोबारेमा ठोस रूपमा अघि बढोस्, त्यसपछि सरकारमा जाने कुरा गरौँला । रेशम चौधरीको अनशनजस्तो मानवीय प्रश्न खडा हुने विषय यहाँ छ । यसले जटिलता उत्पन्न नगरोस् ।

जेहोस्, मधेस आन्दोलनको तारो ओलीलाई बनाउनुभएको थियो । अहिले सहकार्य पनि मज्जैले हुने देखियो !

हाम्रो आक्रोश स्वाभाविक थियो । पहिलो संविधानसभाको बेलामा उहाँहरूले नै राख्नुभएका प्रस्तावहरू दोस्रो सभामा हटाइए । राज्य पुनर्संरचना आयोगका प्रतिवेदनहरू कार्यान्वयन गरिएनन् । अझ प्रतिपक्षमा गएपछि एमालेले भन्यो, विदेशीको स्वार्थमा संविधान संशोधन गर्न लागियो । त्यसैले वाम गठबन्धनले चाह्यो भने संविधान संशोधन हुन सक्छ । यसका लागि ऊ खुला हुनैपर्छ ।

तस्विर : रवि मानन्धर

यो सरकार संविधान संशोधनमा जाला भन्ने अझै अपेक्षा छ ?

अपेक्षा यस मामलामा छ, यो मुद्दा समाधान भएन भने समस्या रहिरहन्छ । कुनै पनि बेला त्यो विस्फोट हुन्छ । बहुमत या दुई तिहाइ हुँदैमा या संख्यात्मक रूपमा सरकार बलियो हुँदैमा स्थिरता, विकास र सुशासन आइहाल्छ भन्न सकिन्न । जनता नै अस्थिर रहे केको स्थिरता ?

भनेपछि अब मुख्य एजेन्डाहरू के-के बाँकी रहे ?

सरकारले मुद्दाहरू फिर्ता लेओस् । जो जेलमा छन्, तिनलाई छुटाइयोस् । अपांगहरूलाई राहत र जीवनयापनको व्यवस्था मिलाइयोस् । टीकापुर, जलेश्वरलगायत सबै ठाउँमा भएका ज्यादतीसम्बन्धी प्रतिवेदनहरू सार्वजनिक गरियोस् । त्योसँगै संविधान संशोधनमार्फत द्वन्द्वको समाधान गरियोस् ।

प्रधानमन्त्रीले मधेसमा कुनै समस्या नरहेको भन्दै आउनुभएको छ नि ?

उहाँ त आज पनि भन्नुहुन्छ । हिजो पनि भन्नुहुन्थ्यो । तर, उहाँ यो पनि भन्दै हुनुहुन्छ, कुनै पनि संविधान अपरिवर्तनशील हुँदैन । समय-परिस्थिति अनुसार परिवर्तन भइरहेको हुन्छ । उहाँ बारबार दोहोर्‍याउनुहुन्छ । यसको चाहिँ के अर्थ भयो त ?

वाम गठबन्धनलाई संसद्‌मा विश्वासको मत र राष्ट्रपति चुनावमा सघाउने ठहरमा चाहिँ कसरी पुग्नुभयो ?

संविधान संशोधनकै लागि सकारात्मक अवस्था बनोस् भन्ने चाहना हो । प्रदेश-२ मा हाम्रो सरकारलाई उहाँहरूले समर्थन गर्ने निर्णय गर्नुभयो । यो पनि अर्को कारण हो । स्थिरता र विकासको विषयमा दुई सरकारबीच कुनै कन्फ्युजन नहोस् भनेर पनि सहयोग गरेको हो ।

अब कांग्रेसलाई चाहिँ एक्लै छोडिदिनुभएको ?

हेर्नुस्, १९-२० होला । तर, मधेस प्रदेशको मुद्दामा ठूला तीन दल उस्तै-उस्तै पोजिसन राख्ने गर्छन् । आखिर सत्ता उनीहरूकै हातमा थियो । संसद्‌मा कांग्रेसबाहेक नै दुई तिहाइ पुग्ने अवस्थामा संविधान संशोधनको एजेन्डा कहाँबाट सम्बोधन हुन सक्छ भनेर हाम्रो सोचाइ भइहाल्छ ।

उपेन्द्र यादवसँग चाहिँ के कुरा भएको छ ?

संविधानको विषयमा हाम्रो धेरै भिन्नता छैन । उहासँग अन्तिमचोटि फोरमको अफिसमा नै कुराकानी भएको थियो । उहाँ संविधान संशोधनबिना सरकारमा जानुहुँदैन भन्दै हुनुहुन्थ्यो ।

फोरम त सरकारमा जाँदैछ भन्छन् नि ?

उपेन्द्रजीको मुखबाट होइन, उहाँका सहायकहरूबाट यो कुरा सुनियो । तर, संविधान संशोधन गरौँ भन्नेमा हाम्रो समानता छ ।

उसो भए फोरमसँग सहकार्य जारी छ ?

जारी रहनुपर्ने हो । समान मुद्दामा हाम्रो सहमति भएको थियो । त्यस अनुसार प्रदेशमा सरकार पनि बन्यो । ◆

अयोधीविरुद्धको मुद्दा सरेको सयौं

पटक–पटक पेसी सरेका कारण मुद्दाको सुनुवाइमा ढिलाइ

कृष्ण ज्ञवाली

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका विवादास्पद प्रमुख आयुक्त लोकमानसिंह कार्कीको नियुक्तिको विरोधमा ०७० वैशाखमा सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको थियो । पछिल्लो चार वर्षमा लोकमानको पक्षमा फैसला मात्रै भएन, त्यसविरुद्ध पुनरावलोकन भएर फैसला उल्टिएका कारण लोकमान अख्तियारबाट बिदावारी भएको समेत १४ महिना पुगिसक्यो । तर, तत्कालीन चुनावी मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी नेतृत्वमा बसेको संवैधानिक परिषद्ले गरेको त्यस्तै विवादास्पद प्रकृतिको एउटा रिट निवेदन पाँच वर्षदेखि सर्वोच्च अदालतमा अलपत्र छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १४ मा निर्वाचन आयोगसम्बन्धी व्यवस्था छ । संविधानको धारा १२८ को उपधारा ७ मा 'प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनका निमित्त ग्राह्य हुने छैन' भन्ने व्यवस्था गरिएको छ । साथै, बाध्यात्मक व्यवस्थाको रूपमा निर्वाचन आयुक्तलाई प्रमुख निर्वाचन आयुक्तमा नियुक्त गर्न उक्त उपधाराले बाधा पुर्‍याएको मानिने छैन भन्दै 'त्यसो भएमा पदाधिकारीको पदावधि गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिने' उल्लेख छ । स्पष्टीकरणकै रूपमा कुनै विषयको अनुसन्धान, जाँचबुझ र छानबिन गर्न तथा अध्ययन र अन्वेषणको कामका सिलसिलामा भने यसरी नियुक्त गर्न बाधा नहुनेसमेत उल्लेख छ ।

नेपालको संविधान (२०७२)को भाग २४ को धारा २४५ मा 'संवैधानिक परिषद्को सिफारिसमा नियुक्त प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको पुनः नियुक्ति हुन सक्ने छैन' भन्ने व्यवस्था छ । साथै, अन्तरिम संविधानमा जस्तै आयुक्तलाई प्रमुख आयुक्तमा सिफारिस गरेमा आयुक्त हुँदादेखिकै पदावधिसमेत गणना गरिनेछ' भन्ने उल्लेख छ ।

त्यतिबेलाको परिदृश्य हेर्ने हो भने निर्वाचन आयोग पदाधिकारीविहीन भइसकेको थियो । १४ जेठ ०६९ मा संविधानसभाको पदावधि समाप्त भयो । १ चैत ०६९ मा तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा चुनावी मन्त्रिपरिषद् गठन भयो । यही अवस्थामा निर्वाचन आयोगबाट पदावधि समाप्त भइसकेका व्यक्तिहरूलाई पनि दलीय भागबन्डाका आधारमा सिफारिस गरियो । यसरी नियुक्त हुनेमा नीलकण्ठ उप्रेती, दोलखबहादुर गुरुङ र अयोधीप्रसाद यादव थिए ।

संवैधानिक व्यवस्था र नियुक्ति

संविधानमा भएको यो व्यवस्था पूरै मिचियो, त्यो पनि तत्कालीन प्रधानन्यायाधीशसमेत रहेका खिलराज रेग्मीको अध्यक्षतामा रहने संवैधानिक परिषद्बाट । प्रधानमन्त्रीको हैसियतले उनी र कामु प्रधानन्यायाधीश दामोदर शर्मालगायतले नै यो व्यवस्था उल्लंघन हुने गरी अख्तियारका प्रमुख आयुक्त लोकमानसिंह कार्कीसहित निर्वाचन आयोगका पदाधिकारी नियुक्त गरेका थिए । त्यतिबेला केही साताको फरकमा अख्तियारको प्रमुख आयुक्त लोकमानसिंह कार्कीसहित निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीसहित आयुक्तहरूमा दोलखबहादुर गुरुङ, अयोधीप्रसाद यादव, इला शर्मालगायतलाई नियुक्त गरिएको थियो ।

०६२/६३ को जनआन्दोलनपछि संविधानसभा निर्वाचनका लागि निर्वाचन आयोगमा पदाधिकारी नियुक्त गरियो । त्यसक्रममा ०६३ कात्तिक र पुसमा गरी दुई चरणमा प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल, आयुक्तहरू उषा नेपाल, नीलकण्ठ उप्रेती, दोलखबहादुर गुरुङ र अयोधीप्रसाद यादव नियुक्त भए । आयोगको नेतृत्व गरेका पोखरेलले संविधानसभा निर्वाचन सफलतापूर्वक सम्पन्न भएपछि २० जेठ ०६६ मा राजीनामा दिए भने उषा नेपालले उमेरहदका कारण १७ भदौ ०६५ मा अवकाश लिइन् । नीलकण्ठ उप्रेती कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भएका बेलामा दोलखबहादुर गुरुङ र अयोधीप्रसाद यादव सदस्य थिए । नीलकण्ठको अवकाशपछि दोलखबहादुर कार्यवाहक प्रमुख भए । ६ वर्षे पदावधि सकिएपछि केही महिना निर्वाचन आयोग पदाधिकारीविहीन समेत बन्यो ।

दोस्रो संविधानसभा निर्वाचनका लागि राष्ट्रपतिको बाधा-अड्काउ फुकाउ आदेशमार्फत ११ चैत ०६९ मा प्रमुख निर्वाचन आयुक्तमा नीलकण्ठ उप्रेतीसहित आयुक्तहरूमा

अयोधीप्रसाद यादव
प्रमुख आयुक्त
निर्वाचन आयोग

दोलखबहादुर गुरुङ, अयोधीप्रसाद यादव, रामभक्त पीबी ठाकुर र इला शर्मा नियुक्त भए । ठाकुर र शर्माबाहेक ३ पदाधिकारीको नियुक्ति दोहोरिएको थियो । नीलकण्ठ उप्रेतीले अवकाश लिएपछि १ जेठ ०७२ देखि गुरुङ दोस्रोपटक कार्यवाहक प्रमुख भए । उनले १० भदौ ०७२ मा अवकाश लिएपछि यादव आयोगको नेतृत्वमा छन् ।

बीचमा खाली भएको करिब तीनमहिने पदावधि गणना नगर्ने हो भने निर्वाचन आयोगमा आयुक्त भएका यादवको कार्यकाल ११औँ वर्षमा चलिरहेको छ । पछिल्लो साढे दुई वर्षभन्दा बढी समयदेखि उनी आयोगको नेतृत्वमै छन् ।

पर्‍यो रिट

निर्वाचन आयोगमा पदाधिकारीहरू नियुक्त नहुँदै ७ चैत ०६९ मा सर्वोच्च अदालतमा एउटा रिट निवेदन दर्ता भएको थियो । अधिवक्ता प्रवीणकुमार लाभसहित दुई जनाले राष्ट्रपति कार्यालयलगायतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा मुद्दा हाले । पाँच दिनपछि १२ चैतमा सर्वोच्च अदालतमा एउटा रिट निवेदन दर्ता भयो । हरेराम साहसहित दुई जनाले राष्ट्रपति कार्यालयलगायतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा अर्को मुद्दा हाले ।

राष्ट्रपतिको कार्यालय, अन्तरिम चुनावी मन्त्रिपरिषद् अध्यक्ष, संवैधानिक परिषद्, निर्वाचन आयोग, उच्चस्तरीय राजनीतिक समिति (राजनीतिक संयन्त्र)लगायत एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल, कांग्रेस सभापति सुशील कोइराला, एमाले अध्यक्ष झलनाथ खनाल, मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक)का अध्यक्ष विजयकुमार गच्छदारलाई विपक्षी बनाइएको थियो । उनीहरूसहित आबद्ध दलहरू माओवादी, कांग्रेस, एमाले, फोरम (लोकतान्त्रिक)लाई समेत मुद्दामा विपक्षी बनाइएको थियो ।

दोस्रोपटक नियुक्ति पाउने प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेती, दोलखबहादुर गुरुङ र अयोधीप्रसाद यादवलाई विपक्षी बनाइएको थियो । रिट निवेदनमा भनिएको छ, 'संविधानको धारा १२८ मा भएको संवैधानिक व्यवस्था विपरीत प्रमुख आयुक्त र आयुक्तहरू नियुक्त गर्न हालै उच्चस्तरीय राजनीतिक संयन्त्रले निर्णय गरी अन्तरिम मन्त्रिपरिषद्मा सिफारिस गरेको देखियो । उनीहरूको नियुक्ति खारेज गरिपाऊँ ।'



निवेदन दर्ता भएको झन्डै एक महिनापछि सर्वोच्च अदालतले पहिलो सुनुवाइ गर्‍यो । ३ वैशाख ०७० मा न्यायाधीश गिरीशचन्द्र लालको इजलासले कारण देखाऊ आदेश जारी गर्‍यो । आदेशमा भनिएको थियो, 'मुद्दाको पूर्ण सुनुवाइको अवस्थामा नै निवेदन माग सम्बन्धमा विचार हुने हुँदा तत्काल अन्तरिम आदेश जारी गरी रहनुपरेन ।'

तत्कालीन राष्ट्रपति रामवरण यादवले १ चैत ०६९ मा बाधा-अड्काउ फुकाउ आदेश जारी गरेका थिए । उक्त आदेशको बुँदा २० मा संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्ति राजनीतिक सहमतिका आधारमा गर्ने उल्लेख थियो । संवैधानिक व्यवस्था विपरीत निर्वाचन आयोगमा प्रमुख आयुक्त र आयुक्तहरूलाई नियुक्ति गर्ने प्रक्रिया अघि बढाइसकेको कुरा यकिन भएको भन्दै निवेदनमा उनीहरूको नियुक्तिको संवैधानिक वैधतामाथि प्रश्न उठेको थियो ।

'निर्वाचन आयोगका पदाधिकारीहरू कुनै व्यक्तिगत स्वार्थ, लोभ र प्रभावमा नपरी स्वतन्त्र र निष्पक्ष निर्वाचन गर्न सकून् भनेर यस्तो व्यवस्था गरिएको हो । अन्य संवैधानिक निकायमा समेत यस्तै व्यवस्था छ,' निवेदनमा भनिएको छ, 'निर्वाचन गराउने नाममा प्रचलित संविधान र कानुन उल्लंघन गरी राजनीतिक भागबन्डाका आधारमा सार्वजनिक पदको बाँडफाँड गर्न पाइन्छ भन्ने दूषित मनसायबाट हुने गैरसंवैधानिक काम हुन नदिन निवेदन लिएर आएका हौं । यो काम संविधानमा भएको स्पष्ट व्यवस्थाको प्रारम्भिक दृष्टिमा नै ठाडो उल्लंघन हो । र, संवैधानिक व्यवस्थाको प्रत्यक्ष त्रुटिसमेत भएकाले नियुक्ति खारेज होस् ।' निवेदकहरूले रिट निवेदनमा विषयवस्तुको गाम्भीर्य हेरी अग्राधिकार र अन्तरिम आदेश जारी गर्नसमेत माग गरेका थिए ।

१ चैत ०६९ मा राष्ट्रपति रामवरण यादवले बाधा-अड्काउ फुकाउ आदेशसमेत जारी गरेका थिए । उक्त आदेशमा अन्य विषयवस्तुबारे उल्लेख भए पनि निर्वाचन आयोगका पदाधिकारीहरूको दोस्रोपटकको नियुक्तिलाई बन्देज गरेको धारा १२८ को उपधारा ७ निलम्बन भएको थिएन । यसको अर्थ संविधानमा विद्यमान भएको प्रावधानकै उल्लंघन हुने गरी नियुक्ति भएको दाबी रिट निवेदनमा थियो ।

एकल इजलासबाट कारण देखाऊ आदेश जारी भएपछि प्रधानन्यायाधीश पदमा समेत रहेका चुनावी मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले ९ जेठ ०७० मा लिखित जवाफ पठाए । उनले संविधान र संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी ऐन, २०६६ मा भएको व्यवस्था अनुसार सर्त र योग्यता पुगेको व्यक्तिलाई नियुक्त गरेको दाबी गरे । उनले यो काम के-कसरी संविधान विपरीत भएको हो भन्ने नखुलेको भन्दै निवेदकले स्पष्ट आधार र कारणसहित दाबी लिन नसकेको आरोपसमेत लगाए ।

१ चैत ०६९ मा जारी बाधा-अड्काउ आदेश, त्यसका आधारमा ८ चैतको सिफारिस र राष्ट्रपतिले ११ चैतमा गरेको नियुक्तिमा कुनै संवैधानिक र कानुनी त्रुटि नरहेको दाबीसमेत गरे । निर्वाचन आयोगले समेत लिखित जवाफ पठाई 'नियुक्तिमा आफ्नो कुनै भूमिका नभएको' भन्दै निवेदन खारेजीको माग गर्‍यो ।

फड्कोमाथि फड्को

हालसम्म १५ पटक तारिख लिइएको उक्त मुद्दामा ५ कात्तिक ०७० मा नै मुद्दाको अंग पुगिसकेको भनी अभिलेखमा संकेत दिइएको छ । मुद्दाको अंग पुग्नु भनेको त्यसलाई निरूपणका लागि कुनै पनि प्रक्रिया बाँकी नरहेको भन्ने संकेत हुनु हो । तर, पटक-पटक आश्चर्यजनक ढंगले पेसी सरेका कारण मुद्दाको सुनुवाइ नै हुन सकेको छैन ।

९ चैत ०६९ मा दर्ता भएको मुद्दा ६ पटक पेसीमा चढ्दासमेत हेर्न नभ्याएपछि सातौँपटकमा न्यायाधीश गिरीशचन्द्र लालले ३ वैशाखमा कारण देखाऊ आदेश जारी गरेका थिए । त्यसपछि सातपटकसम्म मुद्दा पेसीमा चढ्दै/सर्दै गएको छ । पछिल्लोपटक सरकारी वकिलको कार्यालयबाट परेको निवेदनका कारण मुद्दा स्थगित भयो । एकैपटक ३ चैतका लागि मुद्दाको तारेख तोकियो ।

रोचक पक्ष, कारण देखाऊ आदेशपछि मुद्दा एकैपटक सात महिना ढिलो पेसीमा चढेको छ । दुई महिनाको फरकमै तीनपटक पेसी तोकिएको छ । २५ वैशाखपछि मुद्दाको पेसी नै तोकिएको छैन । सर्वोच्च अदालतमा न्यायाधीशको संख्या करिब पूर्ण भएपछि र अतिरिक्त समयमा समेत काम गर्ने व्यवस्था मिलाएपछि मुद्दाको पालो छिटो-छिटो आउन थालेको छ । तर, यो निवेदनमा भने त्यसको कुनै प्रभाव देखिँदैन । ◆

अस्वाभाविक उदय,

आवरणसहित तस्विर : भास्वर ओझा

गोपाल पराजुलीको उदयदेखि अस्तसम्मको अवधि अस्वाभाविक र विवादग्रस्त

रामबहादुर रावल

सर्वोच्च अदालतका न्यायाधीश तेजबहादुर केसीको एकल इजलासबाट १० माघ ०७४ मा एउटा यस्तो आदेश जारी भयो, जुन सर्वोच्च अदालतकै संयुक्त (दुई न्यायाधीशको) इजलासबाट ती विषयमा पहिला नै दुईपटक भइसकेको फैसलाको विरुद्धमा थियो ।

यसो हुनुको कारण छ । ८ रोपनी ४ आना सरकारी जग्गा र विभिन्न सरकारी संस्थानहरूको सेयर लगानीमा सञ्चालित न्युरोडस्थित विशालबजार कम्पनीमा सीमित व्यापारीको समूहले पञ्चायतकालदेखि रजाइँ गर्दै आयो, जुन सरकारी जग्गाको मूल्य मात्रै ३ अर्ब ९६ करोड रुपियाँ हुन्छ, जुन ०६८ को मूल्यांकन हो ।

वसन्तपुर दरबारको छेवैमा रहेको त्यो सम्पत्ति दशकौँदेखि कब्जा गरेर बसेका केही व्यापारी र बिचौलियाहरूले अनेकौँ बहानामा

बाध्यात्मक बहिर्गमन

सरकारलाई ढिम्किन दिएनन् । उनीहरूले कम्पनी रजिस्ट्रार कार्यालय, कम्पनी बोर्ड, अदालतलगायतका निकायलाई प्रयोग गरे । विवाद बढाउन अदालत जाने, मुद्दामाथि मुद्दा थप्ने, सके आफ्ना पक्षमा निर्णय गराउने, नभए मुद्दा किनारामा ढिलाइ गराउने हत्कण्डा उनीहरूले अपनाउँदै आए ।

अनेक अवरोधका बीच पहिलोपल्ट १४ भदौ ०६७ मा उक्त सरकारी जग्गाको मूल्यबराबरको मुआब्जा सरकारको नाममा सेयर परिणत गर्नुपर्ने फैसला सर्वोच्चबाट भएको थियो । तत्कालीन न्यायाधीश प्रकाश वस्तीलगायतको त्यो फैसला उल्टाउन निकै कोसिस भयो । सुरुमा पुनरावलोकन गर्न खोजियो, सम्भव भएन । त्यसपछि अर्कै निवेदन दर्ता गरी फैसला उल्टाउने प्रयास भयो र मुद्दा गोपाल पराजुलीसमेतको इजलासमा पुग्यो । उनले १० महिनासम्म आफ्नै इजलासमा 'हेर्दाहेर्दै'मा राखे, अन्य न्यायाधीशले हेर्न नपाउने गरी । निर्णय सुनाउने दिन तोकेपछि पनि पाँचपटक पेसी सारियो । निर्णय सुनाउने भनेपछि पनि मुद्दा सार्नुलाई असामान्य रूपमा लिइन्छ । यही बीचमा १४ जेठ ०७२ मा पराजुली झगडियासँग झगडियाकै पसलमा 'सपिङ' गएको खबर फैलिएपछि अदालतमा चर्चाका पात्र बनेका थिए । २६ जेठ ०७२ मा उनीसमेतको इजलासबाट सरकारकै पक्षमा निर्णय त भयो । तर, चलखेल रोकिएन ।

एकपटक फैसला भइसकेपछि उही विषयमा, उही अदालतमा पुनः मुद्दा चलाउन नपाइने कानुनको सिद्धान्तसमेत यो प्रकरणमा लागू भएन । उही अदालतका समान इजलासबाट दुईपटक फैसला हुँदा पनि न्यायिक पूर्णबिराम लागेन । पराजुली प्रधानन्यायाधीश भएपछि उनकै फैसलाविरुद्धको निवेदन सहजै दर्ता गरियो । न्यायाधीश केसीको एकल इजलासमा पेसी तोकियो र गत १० माघमा सरकारी पक्षको कुरै नसुनी ३ अर्ब ९६ करोड रुपियाँबराबरको सम्पत्ति हकभोगमा सरकारलाई फेरि रोकियो । उक्त सरकारी सम्पत्ति रक्षाका निम्ति पैरवी गर्दै आएका पूर्वनायब महान्यायाधिवक्ता ठोकप्रसाद सिवाकोटी भन्छन्, "यो अन्तरिम आदेशले सर्वोच्चकै फैसला कार्यान्वयनमा बाधा पुगेको छ । र, राज्यलाई थप नोक्सानी हुने बाटोतिर लगेको छ ।"

३० फागुनमा प्रधानन्यायाधीशबाट पदमुक्त गोपाल पराजुलीले उमेर ढाँटेर सात महिनाभन्दा बढी समय जागिर त लब्याए नै, त्यस अवधिमा न्याय, कानुन र स्थापित पद्धतिको धज्जी उडाउँदै निश्चित स्वार्थ समूहलाई पोस्न कसरी लागिपरे भन्ने कुराको एउटा प्रमाण हो यो । यसरी राज्यलाई हानि पुग्ने गरी उनी स्वयंले र उनका पालामा तोकिएका निश्चित न्यायाधीशका इजलासले अन्तरिम आदेश र फैसला गरे । संस्थामा स्थापित परम्परालाई भत्काएर आफूखुसी गरे । अदालतभित्र र बाहिरबाट उनका कमजोरीमाथि औँला उठाउनेहरूमाथि प्रतिशोधपूर्ण व्यवहार प्रदर्शन गरे । पाइलैपिच्छे ओहोदाको दुरुपयोग गरे । यी सबैको प्रतिफल, उनको उदयदेखि अस्तसम्मको अवधि अस्वाभाविक र विवादग्रस्त बन्न पुग्यो ।

नेपाली न्यायिक इतिहासमा पराजुली त्यस्ता न्यायमूर्तिमा दरिएका छन्, जो पदमा हुँदा मात्र होइन, पदबाट बाहिरिरहँदा समेत सम्मान र हार्दिकताका लागि लायक

रहेनन् । आफ्नो वास्तविक प्रमाण लुकाएर सात महिनाभन्दा बढी समयदेखि पदमा बसिरहेको तथ्यबारे उनकै मातहतका एक कर्मचारीले जानकारी गराएलगत्तै पदमुक्त भए । राष्ट्रपति विद्यादेवी भण्डारीलाई शीतलनिवासमा दोस्रो कार्यकालका निम्ति शपथ दिइरहँदा प्रधानन्यायाधीश पराजुली नै अध्यक्ष हुने न्यायपरिषद्का सचिव नृपध्वज निरौलाले लेखेको पत्र सर्वोच्च अदालतमा दर्ता भई सञ्चार माध्यममार्फत सबैतिर फैलिँदै थियो । पराजुली गत २१ साउनमै ६५ वर्ष उमेर पुगेर अवकाश पाइसकेको तथ्य बाहिर आएपछि उनले राष्ट्रपतिलाई दिलाएको शपथसमेत विवादित बनेको छ । संवैधानिक कानुनका जानकार एवं अधिवक्ता टीकाराम भट्टराई भन्छन्, “प्रधानन्यायाधीश पदमुक्त भइसकेपछि राष्ट्रपतिले शपथ लिएको प्रमाणित भएमा उक्त शपथ बदर हुन सक्छ र पुनः शपथ लिनुपर्ने पनि हुन सक्छ ।”

अस्वाभाविक उदय

नेपाल अधिराज्यको संविधान, २०४७ मा न्यायपालिकालाई स्वतन्त्र राख्ने उद्देश्यले अदालत र न्यायाधीशको नियुक्ति/नियमन गर्न प्रधानन्यायाधीशकै नेतृत्वमा न्यायपरिषद्को व्यवस्था गरियो । त्यसको पहिलो प्रयोगस्वरूप तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय नेतृत्वको न्यायपरिषद्ले १८ कात्तिक ०४८ मा डेढ दर्जन कानुन व्यवसायीलाई न्यायाधीश नियुक्त गर्‍यो । तिनैमध्येका एक पराजुली पनि थिए, उनी ०४८ को आमनिर्वाचनमा नेपाली कांग्रेसबाट टिकटका आकांक्षीसमेत थिए । उनको ठाउँमा अर्कैलाई टिकट दिइएपछि पराजुलीलाई अन्यत्र व्यवस्थापन गर्ने भन्दै पार्टीमा थामथुम पारियो । र, उनलाई ‘व्यवस्थापन’ गर्ने ठाउँ तत्कालीन पुनरावेदन अदालतको न्यायाधीश पद बन्यो ।

उनलाई न्यायाधीश बनाउँदा तत्कालीन अवस्थामा उम्दा कानुन व्यवसायी तथा विज्ञहरूले आश्चर्य व्यक्त गरेका थिए । पूर्वन्यायपरिषद् सचिव काशीराज दाहाल भन्छन्, “०४८ मै अदालतमा स्वार्थको बीउ रोपिएको हो । अहिले त त्यसले फल मात्र दिएको हो । जस्तो बीउ रोपियो, त्यस्तै फल दिनु त प्रकृतिको नियमै हो ।”

पराजुली पुनरावेदन अदालतमा छँदा न्यायपरिषद्मा पटक-पटक योग्यता, छवि र इमानमाथि प्रश्न उठाएर मुख्य न्यायाधीश बन्नबाट वञ्चित गरिएको थियो र उनीभन्दा कनिष्ठ न्यायाधीशलाई मुख्य न्यायाधीश बनाइएको थियो । नेपाल मेडिकल काउन्सिलले तोकेका पूर्वाधार र मापदण्ड नपुर्‍याउने मेडिकल कलेजको पक्षमा लगालग आदेश दिएपछि भने उनको न्यायिक आचरण र नियतमाथि प्रश्न उठ्न थाल्यो । उनी जहाँजहाँ गए, त्यहीँ मेडिकल कलेजका विवाद पुग्ने र उनले कलेजकै पक्षमा आदेश दिने प्रवृत्तिले मेडिकल माफियाको प्रभावमा उनले न्यायलाई किनबेच गरेको आरोप बेहोरे । प्रधानन्यायाधीश हुन्जेल पनि त्यो आरोपबाट उनी मुक्त रहन सकेनन् । पछिल्लोपल्ट चिकित्सा शिक्षा सुधार अभियन्ता डा गोविन्द केसीले उनीमाथि यो आरोप सार्वजनिक रूपमा लगाएबापत अदालतको अवहेलना मुद्दासमेत खेपे । अदालतको इजलासमा गएर उनले झन् प्रखर स्वरमा यो आरोप दोहोर्‍याए र मुद्दाका मिसिलमा अभिलिखित गराए ।

सर्वोच्च अदालतको न्यायाधीश बन्दा पराजुली झनै विवादित बाटोबाट प्रवेश गरे । उनलाई सर्वोच्चमा ल्याई भावी प्रधानन्यायाधीशको रोलक्रममा राख्नका निम्ति बहालवाला चार अस्थायी न्यायाधीशलाई म्यादै नथपी बिदा गरियो । तीमध्ये हालका मानव अधिकार आयोगका सदस्य प्रकाश वस्ती पनि एक थिए, जो त्यतिखेर सर्वोच्चबाट नफालिएका भए अहिले प्रधानन्यायाधीशको रूपमा कार्यरत हुन्थे । पराजुलीलाई सर्वोच्चमा ल्याउन र प्रधानन्यायाधीशको रोलक्रममा राख्नकै निम्ति उनीभन्दा वरिष्ठ र काबिल न्यायाधीशहरूलाई सर्वोच्चमा आउन नदिई पुनरावेदनबाटै बिदा गरिएको थियो भने कानुन व्यवसायी क्षेत्रबाट एक जना पनि न्यायाधीश नियुक्ति गरिएन *(हेर्नूस्, १० वर्षको सेटिङ, २८ वैशाख ०७१)* ।

सर्वोच्चमा आएपछि पराजुलीले भ्रष्टाचार मुद्दामा सर्वोच्चबाटै स्थापित नजिर र मापदण्डको उपेक्षा गरे । सर्वोच्चले भ्रष्टाचार मुद्दामा फैसला गर्दा हेरिनुपर्ने मापदण्ड र आधारमा एकरूपता कायम गरेको थियो । तर, उस्तै प्रकृतिका मुद्दामा अन्य न्यायाधीशले भ्रष्टाचार ठहर हुने फैसला गरिरहँदा पराजुलीले भने अधिकांशतः अभियुक्तलाई सफाइ दिए । अन्य न्यायाधीशका इजलासबाट चिरञ्जीवी वाग्ले, खुमबहादुर खड्का, जयप्रकाश गुप्तालगायतले अकुत सम्पत्ति आर्जनको मुद्दामा भ्रष्टाचार ठहर भई सजाय भुक्तान गर्नुपरे पनि पराजुली संलग्न इजलासले यस्तै अभियुक्तलाई सफाइ दिइरहे ।

सर्वोच्चकै नजिरलाई आधार मानी विशेष अदालतले भ्रष्टाचार ठहर गरेका मुद्दामा समेत पराजुलीले सफाइ दिएका छन् । जस्तो कि, भौतिक योजना तथा निर्माण मन्त्रालयका सहसचिव (इन्जिनियर) तनुकलाल यादवविरुद्ध अख्तियारले १ करोड २४ लाख ८२ हजार रुपियाँ अकुत


न्याय परिषद सचिवालय

मिति: २०७४।११।३०

पत्र संख्या :- ०७४।०७५
चलानी नं. :- ८८२

विषय :- पदमा नरहेको जानकारी सम्बन्धमा ।

सम्माननीय श्री गोपाल पराजुलीज्यू,
प्रधान न्यायाधीश
सर्वोच्च अदालत, काठमाडौं ।

न्याय परिषद ऐन, २०७३ को दफा ३१ मा कुनै न्यायाधीश उमेरका कारणले अवकास हुने भएमा सो को जानकारी सम्बन्धित न्यायाधीश र निकायलाई गराउनु पर्नेछ भन्ने प्रावधान रहेको सन्दर्भमा सम्माननीय महोदयको यस न्याय परिषद सचिवालयमा रहेको नागरिकता, शैक्षिक योग्यता, सिटरोल विवरण तथा परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरबाट आजै मिति २०७४।११।३० को च.नं. ४२४।०७४।७५ को प्राप्त पत्र समेतका आधारमा उपरोक्त ऐनको दफा ३१ को उपदफा (७) बमोजिम समेत सम्माननीय महोदयको ६५ (पैसट्ठी) वर्षको उमेर २०७४।४।२१ मा नै पूरा भईसकेको देखिन आएकोले आज मिति २०७४।११।३० को सचिवस्तरीय निर्णयानुसार सम्माननीय महोदय पदमा नरहनु भएको जानकारी गराउँदछु ।

सम्माननीय महोदयले न्याय क्षेत्रमा पुर्‍याउनु भएको योगदान प्रति हार्दिक धन्यवादका साथ सेवा निवृत्त जीवन सुखमय् रहोस् भन्ने कामना गर्दछु ।

(नृपध्वज निरौला)
सचिव

बोधार्थ तथा कार्यार्थ
श्री राष्ट्रपतिको कार्यालय, शीतल निवास, काठमाडौं ।
श्री संवैधानिक परिषद्को कार्यालय ।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार
श्री सर्वोच्च अदालत, रामशाहपथ ।
श्री कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय ।
श्री निजामती किताबखाना, पुल्चोक :- निवृत्तभरण अधिकार पत्र (पेन्सन पट्टा) उपलब्ध गराउने व्यवस्था हुन ।

श्री कर्मचारी सञ्चय कोष ।
श्री नागरिक लगानी कोष ।
माननीय श्री दीपकराज जोशी, वरिष्ठतम् न्यायाधीश सर्वोच्च अदालत ।
माननीय श्री पदमप्रसाद वैदिकज्यू, सदस्य न्याय परिषद ।
माननीय श्री रामप्रसाद सिटौलाज्यू, सदस्य न्याय परिषद ।

प्रधानन्यायाधीश गोपाल पराजुली पदमुक्त भएको जानकारी गराउन न्यायपरिषद्बाट प्रेषित ३० फागुनको पत्र (बायाँ) र सचिव नृपध्वज निरौला



Gopal Parajuli updated his status.
May 30 at 5:08am

मैंले 4कक्षा मा अध्ययन गरेको नेपाली पुस्तकमा राजा को छोरा राजा हुन्छ श्री 5 पृथ्वी वीर विक्रमका छोरा श्री 5 त्रिभुवन 5बर्षको उमेरमा राजा होइबक्सेको थियो भन्ने उल्लेख भयकोमा वाल जिज्ञासा मैंलै मेरा गुरु पुरूषोत्तम पराजुली लाई प्रश्न गर्दै किन 5 वर्ष मै नपढेको पनि राजा हुन पाउने ? त्यसो भय किन हजूर पण्डित बा को छोरा किन पण्डित नभयको?म जोतिष को छोरा किन जोतिषी नभयको?यी प्रश्न हरूको करिव 3घण्टा को अविरल जबाफ विश्व भरीको राजनीति व्यवस्था परिवर्तन र उहाको गणतन्त्र वादी सोचको उपज मैंले पनि त्यसै वेला देखि गणतंत्रको ज्ञान लियको थिए। मेरो जीवन यात्रा सगै परिवर्तनको दिशामा मेरो भूमिका के छ ? मैंले राज्यको र जनता हकहितमा के गरे इतिहासले नै बताउला ?जीवनको यो लामो यात्रामा राज्यले मलाई बिर्षेको रहेनछ । गणतंत्र दिवश कै पावन अवसरमा मैंलै प्राप्त गरेको प्रशिद्ध प्रवल जनसेवा श्री विभूषणमा राज्यले गरेको उच्च मूल्यांकनका प्रति हार्दिक आभार प्रकट गर्दछु।

Like Share

सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगसहित मुद्दा दायर गरेको थियो। विशेषले २८ लाख २४ हजार रुपियाँ बराबरको सम्पत्ति अवैध ठहर गऱ्यो । विशेषको फैसलाले यादवको बिगो थोरै कायम गरेकामा चित्त नबुझेर अख्तियार सर्वोच्चमा गयो । तत्कालीन प्रधानन्यायाधीश रामकुमार साह र गोपाल पराजुलीको इजलासले १८ फागुन ०७२ मा भ्रष्टाचार मुद्दाबाट सफाइ दियो ।

त्यसैगरी तातोपानी भन्सार कार्यालयका नायब सुब्बा भरतप्रसाद घिमिरेलाई अख्तियारले १ करोड ६५ हजार रुपियाँ बराबर अवैध सम्पत्ति जोडेको अभियोग लगाएको थियो । विशेष अदालतले उनको ७६ लाख ४६ हजार ८ सय ९६ रुपियाँ बराबरको सम्पत्तिलाई भ्रष्टाचार गरी कमाएको ठहर गऱ्यो । १३ असार ०७२ मा पराजुली र दीपकराज जोशीको इजलासले उनको सबै सम्पत्तिलाई वैध ठहर गरिदियो ।

प्रधानन्यायाधीश बन्ने क्रममा उनका विवाद थप छताछुल्ल भए । उनका न्यायिक निर्णय, व्यक्तिगत आचरण मात्रै नभई शैक्षिक योग्यताको प्रमाणपत्रदेखि नागरिकता विवाद बाहिर आए । तत्कालीन प्रधानन्यायाधीश एवं न्यायपरिषद् अध्यक्ष सुशीला कार्की बिदा हुने बेलामा न्यायपरिषद्कै सदस्य एवं पदाधिकारीहरूको असहयोगका कारण बैठक नै बस्न नसक्ने अवस्था सिर्जना गरियो । पराजुली आफू कायम-मुकायम प्रधानन्यायाधीश भएपछि अदालत र न्यायपरिषद्बाट आफ्ना विवादबारे आफैं निर्णय गरे/गराए। न्यायपरिषद्बाट आफैंलाई भावी प्रधानन्यायाधीशका लागि योग्य व्यक्तिका रूपमा नाम पठाए, संवैधानिक परिषद्मा । संवैधानिक परिषद् र संसदीय सुनुवाइ विशेष समितिले पराजुलीमाथि लागेका आरोप र विवादबारे कुनै छानबिनको आवश्यकता देखेनन् । सर्वसम्मतिले उनको नाम पारित भयो । गएको १७ साउनदेखि उनी प्रधानन्यायाधीश भए, आगामी १५ वैशाखसम्मका लागि ।

पराजुलीले पदमा रहँदा विधि र पद्धति मात्र होइन, लोकलाजकै ख्याल नगरी न्यायिक-प्रशासनिक निर्णय र व्यक्तिगत आचरण प्रदर्शन गरे । निकै विवादका बीच लोकमानसिंह कार्कीलाई अख्तियार प्रमुख बनाउँदा पराजुलीको इजलासले सुरुमा कानुनी मान्यता दियो, जुन पछि सुशीला कार्की प्रधानन्यायाधीश भएपछि उल्टियो । उनका फर्जी कागजातलाई मान्यता दिन अस्वीकार गरेकी तत्कालीन प्रधानन्यायाधीश कार्कीको कार्यकालभरि पराजुलीले असहयोगको नीति लिए । कार्कीले पराजुलीको सच्याइएको जन्ममिति र शैक्षिक योग्यताको प्रमाणपत्रलाई आफूले मान्यता दिन नसक्ने, आधिकारिक निकायबाट प्रमाणित गरेर ल्याउनुपर्ने अडान न्यायपरिषद्मा राखेकी थिइन् ।

पराजुलीले आफ्ना फर्जी कागजातलाई मान्यता दिने हो भने बारको आन्दोलन साम्य पारिदिने बताएका थिए ।

सुशीला कार्कीमाथि महाभियोग लागेको मौका छोपी पराजुलीले मीरा खड्काको नाम काटेर पदवीका लागि आफ्नै सिफारिस गरे ।

दीप बस्न्यातले पराजुलीकी श्रीमती वासन्ता गौतमलाई अख्तियारमा काजमा राखिदिएर गुन तिरे ।

बारसँग साँठगाँठ

सुशीला कार्की नेतृत्वमा आएपछि भ्रष्टाचार मुद्दाका फाइल खोल्न थालिन् । अनि, उनलाई सबैतिरबाट घेराबन्दी सुरु गरियो । सर्वोच्चभित्रैका कर्मचारीदेखि तत्कालीन महान्यायाधिवक्ता रमनकुमार श्रेष्ठ, सरकारी वकिल र नेपाल बार एसोसिएसनसमेत आन्दोलनमा उत्रिए । यी सबैको उद्देश्य थियो, कार्कीका पालामा भ्रष्टाचार र राजस्व हिनामिनाका मुद्दा नछिनिऊन् । यसअघि छिनिएका मुद्दामा उनीहरूको प्रतिकूल हुने गरी निर्णय नहोऊन् ।

अनौठो त के भने नेपाल बार एसोसिएसनले प्रधानन्यायाधीश कार्कीविरुद्ध आन्दोलन चर्काउँदा न्याय सम्पादन नै प्रभावित हुन पुग्यो र त्यसको समाधानबारे फुल कोर्ट (सबै न्यायाधीशहरूको बैठक)मा छलफल चल्यो, जहाँ पराजुलीले अनौठो सर्त राखेर आन्दोलन आफूले रोक्न सक्ने बताए । तत्कालीन प्रधानन्यायाधीश कार्कीका भनाइमा, पराजुलीले आफ्ना फर्जी कागजातलाई मान्यता दिने हो भने बारको आन्दोलन साम्य पारिदिने बताएका थिए । त्यसबाट के बुझिन्थ्यो भने बार उनकै उक्साहटमा आन्दोलन गरिरहेको रहेछ ।

आफैंलाई तक्मा

पराजुलीले व्यक्तिगत स्वार्थका निम्ति कुन हदसम्म गरे भन्ने अर्को रोचक प्रसंग छ । तत्कालीन प्रधानन्यायाधीश कार्कीले राष्ट्रपतिबाट पदक प्रदान गर्नका निम्ति सर्वोच्चकै न्यायाधीश मीरा खड्काको नाम सिफारिस गरेकी थिइन् । कार्कीमाथि महाभियोग लागेपछि पराजुली स्वत: कामु प्रधानन्यायाधीश भए ।

त्यही मौका छोपेर पराजुलीले खड्काको नाम काट्न लगाए । आफ्नो नाम आफैंले सिफारिस गरे र प्रसिद्ध प्रबल जनसेवाश्री पदवी आफ्नो भागमा पारे । गणतन्त्र दिवसको अवसर पारेर राष्ट्रपतिबाट वितरण गरिने पदक आफ्नो भागमा पारेपछि पराजुलीले फेसबुकमा लेखे, 'मैले ४ कक्षा पढ्दा नै गणतन्त्रको ज्ञान लिएको थिएँ । मेरो जीवन यात्रासँगै परिवर्तनको दिशामा मेरो भूमिका के छ ? मैले राज्य र जनताको हकहितमा के गरेँ, इतिहासले नै बताउला । जीवनको यो लामो यात्रामा राज्यले मलाई बिर्सेको रहेनछ । गणतन्त्र दिवसकै पावन अवसरमा राज्यले गरेको उच्च मूल्यांकनप्रति हार्दिक आभार प्रकट गर्दछु ।'

श्रीमतीलाई अख्तियारमा काज

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा दीप बस्न्यातलाई नियुक्ति गर्ने कुरामा तत्कालीन प्रधानन्यायाधीश

फर्जी २ सय २८ दिन

इतिहासकै सर्वाधिक विवादित प्रधानन्यायाधीश पराजुली–कार्यकालमा सर्वोच्चकै स्थापित नजिर उल्लंघन

मनबहादुर बस्नेत

'नितान्त निजी हक-हितमा असर परेको कुरा उल्लेख गरी अमुक कानुनको व्यवस्था बाझिएको भनी गोश्वारा रूपमा (समग्रमा) दाबी लिएकै आधारमा विधायिकी प्रक्रियाद्वारा निर्मित कानुनलाई न्यायिक पुनरावलोकनको विशिष्ट अधिकारक्षेत्र प्रयोग गरी अमान्य र बदर गर्नु न्यायिक मूल्य र मान्यता विपरीत हुन जाने देखिन्छ ।'

सूर्य नेपाल प्रालिले ०५५ देखि ०५९ सम्मको ६ वर्षे अवधिमा राज्यलाई ३५ करोड ७५ लाख ४६ हजार ७ सय ८५ रुपियाँ अन्त:शुल्क र भन्सार कर नतिरेको विवाद सर्वोच्च अदालत पुग्यो, ०६३ मा । उक्त विवाद निरुपण गर्दै १९ चैत ०६६ मा सर्वोच्चको विशेष इजलासले सुनाएको फैसलाको अंश हो, यो । आन्तरिक राजस्व कार्यालयले कानुनी आधारबिनै अन्त:शुल्क र कर निर्धारण गरिदिएकाले आफूलाई त्यसबाट अपूरणीय क्षति पुगेको भन्दै सूर्य नेपालले अन्तरिम आदेशका लागि सर्वोच्चमा रिट निवेदन दिएको थियो । रिटमा सुनुवाइ गर्दै न्यायाधीशत्रय बलराम केसी, प्रेम शर्मा र मोहनप्रकाश सिटौलाको इजलासले यस्तो फैसला सुनाएको थियो । यो फैसला राजस्व छली प्रकरणमा नजिरसमेत हो, जुन ०६७ को *नेपाल कानुन* पत्रिकाको अंक ७ मा प्रकाशित छ।

'अपूरणीय क्षति हुने' दाबीसहित रिट हाल्ने व्यापारीहरूको प्रवृत्तिलाई सर्वोच्चले सात वर्षअघि नै 'न्यायिक मूल्य र मान्यता विपरीत' भनेर व्याख्या गरे पनि यही अस्त्र प्रयोग गरेर २१ साउनमै अवकाश पाएका प्रधानन्यायाधीश गोपाल पराजुली नेतृत्वको न्यायालयले राज्यलाई अर्बौं रुपियाँ घाटा हुने निर्णय गऱ्यो ।

फर्जी कागजातका भरमा ३० फागुनसम्म प्रधानन्यायाधीशमा बसेका पराजुलीले एकपछि अर्को विवादास्पद निर्णय गरे/गराए । २ सय २८ दिन अनधिकृत रूपमा न्यायालयको प्रमुख बन्दा पराजुलीले राज्यकोषमा जम्मा हुनुपर्ने करिब ६१ अर्ब रुपियाँ तत्कालका लागि रोकिदिन सफल भए, अन्तरिम आदेशकै बलमा ।

राजस्व तिर्दा आफूलाई मर्का पर्ने भन्दै सर्वोच्चमा भित्रिएका मुद्दा छिन्न पराजुली नेतृत्वको न्यायालयको हतारो थामिनसक्नु थियो । राजस्वसम्बन्धी अधिकांश रिटमा दायर भएको हप्ता दिनभित्रै अन्तरिम आदेश जारी भएको पाइन्छ, जुन कर छलीमा गतिलो हतियार साबित भयो । अघिल्लो दिन रिट निवेदन परेको मुद्दामा भोलिपल्टै अन्तरिम आदेश भएको भेटिन्छ ।

सूर्य नेपालले राजस्व लुकाउन नाफालाई कल्याणकारी कोषमा रूपान्तरण गरेको ठूला करदाता कार्यालयले खुट्यायो । त्यसपछि कार्यालयले उक्त रकममा समेत कर निर्धारण गरिदियो । तर, सूर्य नेपाल कल्याणकारी रकममा कर मिनाहा हुनुपर्ने जिकिर गर्दै ११ पुसमा सर्वोच्च पस्यो, रिट लिएर । भोलिपल्टै न्यायाधीश डम्बरबहादुर शाही एक्लैले माग अनुसारकै आदेश दिए । परिणामत: कम्पनीले २५ करोड १४ लाख ४० हजार रुपियाँ कर राज्यलाई तिर्नुपरेन । यसअघि समेत सूर्य नेपाल पटक-पटक राजस्व कर नतिर्ने बाटो पहिल्याउँदै सर्वोच्च छिर्ने गरेको थियो । ज्ञातव्य रहोस्, सूर्य नेपालकै कर छली प्रकरणमा सर्वोच्चले यस्तो प्रवृत्ति 'न्यायिक मान्यता विपरीत' हुने नजिर स्थापित गरेको हो ।

'राज्यलाई तिर्नुपर्ने करको दायित्वबाट पन्छाउन न्यायालयले अन्तरिम आदेशको दुरूपयोग गरेको छ ।'

गौरीबहादुर कार्की
पूर्वन्यायाधीश

यसअघि तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीले आफूलाई हल्का प्रकृतिका मुद्दा मात्रै हेर्न दिएको गुनासो गर्थे, पराजुली । उक्त रिक्तता आफू न्यायालय प्रमुख बनेपछि पराजुलीले राम्ररी पूरा गरे । राजस्व छली, तस्करी, भ्रष्टाचारजस्ता वजनदार मुद्दा आफू र आफू अनुकूलका इजलासमा तोके । "पराजुली पहिले ठूला मुद्दा हेर्न पाइन/दिइएन भन्थे," विशेष अदालतका पूर्वन्यायाधीश गौरीबहादुर कार्की भन्छन्, "उनी आएपछि राज्यको महत्त्वपूर्ण आर्थिक स्रोत कर नै प्रभावित हुने गरी फैसला भएका छन् ।"

गोरखा ब्रुअरीले अन्त:शुल्क र मूल्य अभिवृद्धि कर तोक्दा आफूलाई मर्का परेको भन्दै सर्वोच्चमा रिट दिएको थियो । यो रिटले अस्वाभाविक तीव्रता पायो । २६ माघमा रिट दर्ता भएकामा एक हप्ता अर्थात् २ फागुनमा चाहेजस्तै अन्तरिम आदेश पायो, पराजुलीको एकल बेञ्चबाट । आन्तरिक राजस्व विभागले ०७१/७२ मा मूल्य अभिवृद्धि कर र अन्त:शुल्क तोक्दा अन्यायमा परेको भन्दै कम्पनी अदालत पुगेको थियो ।

सर्वाधिक विवादित दूरसञ्चार कम्पनी एनसेलको सेयर बिक्री प्रकरणमा अदालतले देखाएको अग्रसरता झनै उदेकलाग्दो छ । एनसेलका नेपाली साझेदार निरजगोविन्द श्रेष्ठको नाममा रहेको २० प्रतिशत सेयर खरिद-बिक्री गर्दा न्यून मूल्यांकन गरेर राजस्व लुकाएको भन्दै ठूला करदाता कार्यालयले पुन: कर निर्धारण प्रक्रिया थाल्यो । कर निर्धारण नहुँदै श्रेष्ठ भने यो प्रक्रिया नै अवरुद्ध पार्न अदालत पसे । २० असोजमा उनले सर्वोच्चमा ठूला करदाता कार्यालयको कदम गैरकानुनी भएको भन्दै रिट हाले । तीन दिनपछि नै न्यायालयले ५ कात्तिकसम्म संशोधित कर निर्धारण नगर्न

हदबन्दी लगाइदियो। आदेशको आधिकारिक जानकारी नपुग्दै ठूला करदाता कार्यालयले २४ असोजमै करिब ११ अर्ब रुपियाँ कर असुल्नुपर्ने निर्णय गऱ्यो । श्रेष्ठ यत्तिमै गलेनन् । १ कात्तिकमा पुन: पूरक निवेदन दिए । दुवै निवेदनमाथि ओमप्रकाश मिश्र र डम्बरबहादुर शाहीले २३ असोजको आदेश सदर गर्दै पुन: कर निर्धारण नगर्न अर्को फर्मान जारी गऱ्यो ।

कर तिर्नुपर्ने पक्षले आफूलाई अपूरणीय क्षति पुग्ने दाबी गरेकै भरमा अदालतले सहजै त्यसलाई स्वीकारेको पाइन्छ, जुन स्थापित नजिर विपरीत समेत हो । कसरी, कस्तो र कत्रो क्षति पुग्न सक्छ भन्ने तथ्यमा प्रवेश नै नगरी सर्वोच्चले निवेदकको पक्षमा आदेश दिने गरेको छ। जस्तो : एनसेलका श्रेष्ठको कर छली प्रकरणमा जारी आदेशमा 'अपूरणीय क्षतितर्फ विचार गर्दा' भन्ने मात्रै उल्लेख छ । तथ्य केलाइएको छैन। आदेशमा यति मात्र भनिएको छ, 'ठूला करदाता कार्यालयको कर निर्धारण सम्बन्धमा प्रस्तुत रिटको निर्णय हुँदाको बखत सम्बोधन हुने नै हुँदा २३ असोज ०७४ मा जारी अन्तरिम आदेशलाई निरन्तरतासमेत प्रदान गर्ने गरी यो आदेश जारी गरिएको छ।'

एनसेलको स्वामित्व खरिद-बिक्रीमै जोडिएको अर्को कर सर्वोच्चकै आदेशका कारण राज्यकोषमा जम्मा हुने/नहुने अनिश्चित छ। एनसेलको विदेशी साझेदार रेनोल्ड होल्डिङ्सले पुँजीगत लाभकर नतिरी नाफा विदेश लैजान खोजेपछि ठूला करदाता कार्यालयले रोकिदियो। करिब ६१ अर्बमध्ये साढे २१ अर्ब रुपियाँ मात्रै चुक्ता भएको थियो । तर, २ पुसमा रेनोल्ड र एनसेल दुवै रिटसहित सर्वोच्च पुगे। भोलिपल्टै न्यायाधीश शाहीको एकल इजलासले फुकुवा गरिदियो । ९ पुसमा ओमप्रकाश मिश्र र केदारप्रसाद चालिसेको इजलासले शाहीको आदेशलाई नै सदर गर्दै पूर्ण इजलासमा पठाउने आदेश दियो। लगत्तै करको दायित्वबाट मुक्त भएर रेनोल्डले रकम विदेश पुऱ्यायो ।

एनसेलकै खरिद-बिक्रीसम्बन्धी अर्को मुद्दामा समेत पुँजीगत लाभकर तिर्न नपर्ने आदेश सुनायो, हालका कायममुकायम प्रधानन्यायाधीश जोशीको इजलासले ४ असोजमा । करिब साढे दुई अर्ब रुपियाँ कर असुल्ने तयारी हुँदै गर्दा सिनर्जी नेपाल यो प्रक्रिया रोक्न ठूला करदाता कार्यालयविरुद्ध सर्वोच्चमा पुगेको थियो ।

कर तिर्न अटेर गर्ने क्यासिनोलाई समेत पराजुली नेतृत्व कालमै न्यायालयले राहत दियो। २३ पुसमा जोशीकै इजलासले मल्ल होटलमा क्यासिनो चलाउन बेल्लिज नेपाललाई अनुमति दियो । जबकि, उसले साढे सात करोड रुपियाँ कर बक्यौता नतिरेपछि पर्यटन विभागले सञ्चालनमा रोक लगाएको थियो । इजलासमा निवेदकले बक्यौता तिरिरहेको दाबी गरेकै भरमा फुकुवाको आदेश आयो। पर्यटन मन्त्रालयका एक उच्च अधिकारीले भने बेल्लिजले बक्यौता नबुझाएको बताए। यसबाटै बुझिन्छ, पराजुली नेतृत्वको न्यायालयले तथ्यमै नछिरी मुद्दा छिन्ने प्रवृत्ति ।

पराजुलीकै पालामा व्यापारी अजेयराज सुमार्गीको स्रोत नखुलेको दुई अर्ब रुपियाँ निकासाको द्वार खोलियो। २३ पुसमा तेजबहादुर केसीको इजलासले रकम नरोक्न आदेश दिएको थियो । त्यसपछि समेत २, ८ र १३ माघमा यस्तै आदेश आयो, क्रमश: पुरुषोत्तम भण्डारी र बमकुमार श्रेष्ठको संयुक्त, केसीको एकल तथा केसी र शाहीको संयुक्त इजलासबाट ।

कर छली गर्ने दुराशयसहित सर्वोच्चमा जाने प्रवृत्तिलाई न्यायालयले प्रवर्द्धन गरेको उल्लिखित आदेशका फेहरिस्तले प्रस्ट्याउँछ। यसका साथै सुन तस्करीदेखि भ्रष्टाचार, सामूहिक ठगी आरोपितले समेत सहजता पाए । (हेर्नूस्, *त्यो अभियोग, यो आदेश, नेपाल २४ मंसिर ०७४*)।

"तत्काल काम नरोक्दा ठूलो नोक्सान हुने अवस्था आएमा मात्रै अन्तरिम आदेश दिने विश्वव्यापी अभ्यास र मान्यता हो," पूर्वन्यायाधीश कार्की भन्छन्, "यहाँ त राज्यलाई तिर्नुपर्ने करको दायित्वबाट पन्छाउन न्यायालयले यो अभ्यासको दुरुपयोग गरिरहेको छ।" ◆

सुशीला कार्कीले असहमति जनाएकी थिइन् । संवैधानिक अंगका पदाधिकारी नियुक्तिको सिफारिस गर्ने संवैधानिक परिषद्मा प्रधानन्यायाधीश सदस्य हुन्छन्। उनले असहमति जनाउनुको कारण थियो, बस्न्यातलगायत अख्तियारका चार आयुक्तहरूको योग्यतासम्बन्धी विवाद सर्वोच्च अदालतमा विचाराधीन हुनु। प्रधानन्यायाधीशले नै आफू मातहतको अदालतमा विचाराधीन मुद्दालाई प्रभावित पार्ने काम गर्नु हुँदैन भनेर उनले अडान लिएकी थिइन्।

कार्कीमाथि महाभियोग लगाइएको मौका पारेर तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले एकाएक संवैधानिक परिषद्को बैठक बोलाए । काम् प्रधानन्यायाधीशका हैसियतले पराजुली बैठकमा गए, निर्णयमा सही गरेर फर्किए । आफ्नै पूर्वाधिकारीले लिएको अडानका कारण, प्रभाव अनि कानुनी र नैतिक धरातलबारे सोच्ने झन्झट उनले लिएनन् । यति मात्र होइन, पराजुलीले आफ्नो कार्यकालभरिमा त्यो मुद्दा किनारा लगाउने तत्परतासमेत देखाएनन् । यो सबैको गुन बस्न्यातले पराजुलीकी श्रीमती वासन्ता गौतम पराजुलीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा काजमा राखिदिएर तिरे।

स्रोतका अनुसार वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा 'सोर्सफोर्स'बाट वरिष्ठ अधिकृतको जागिर प्रवेश गरेकी पराजुली-पत्नीलाई अख्तियारको तामेली तथा अनुगमन महाशाखामा काम गर्नु नपर्ने, हाजिर मात्रै गरेर हिँड्ने व्यवस्था गरिएको छ ।

तलब : राज्यकोषमा फिर्ता

जन्ममिति कीर्ते गरेर प्रधानन्यायाधीशको कुर्सीमा २ सय २८ दिन बिताएका पराजुलीले उक्त अवधिमा तलब मात्रै साढे पाँच लाख रुपियाँ बुझे। प्रधानन्यायाधीशको तलब मासिक ७३ हजार ६ सय ८० रुपियाँ छ। त्यसबाहेक इन्धन, सवारी साधन, पत्रपत्रिकालगायतका सुविधा त छँदै छन्। अवकाशपछि समेत सेवामा बसेर तलबभत्ता बुझेका पराजुलीले उक्त रकम फिर्ता गर्नुपर्छ । यसको गतिलो उदाहरण विद्यालय शिक्षकहरू हुन् । अवकाशपछि समेत तलब बुझेका शिक्षकबाट जिल्ला शिक्षा कार्यालयले रकम फिर्ता लिने गर्छ। महालेखा परीक्षकको कार्यालयले यस्ता शिक्षकको नाममा निकासा भएको रकम फिर्ता गर्नुपर्ने औँल्याउँछ र जिल्ला शिक्षा कार्यालयले असुल गर्छ । "अवकाश पाएका वा हुँदै नभएका शिक्षकका नाममा समेत तलब बाँडिएको हुन्छ । महालेखाले औँल्याएपछि उक्त रकम फिर्तासमेत हुने गरेको छ," पूर्वमहालेखा परीक्षक भानुप्रसाद आचार्य भन्छन्, "अवकाशपछि तलबभत्ता बुझेको भए सिद्धान्तत: त्यो फिर्ता हुनुपर्ने हो।"

कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशी

उपसचिवस्तरकी उनी त्यहाँ शत-प्रतिशत भत्ता समेत गरी दोब्बर तलब पाउँछिन् । यति मात्रै होइन, अन्य सहसचिवस्तरका कर्मचारीका गाडीमा प्रहरीले भित्रबाहिर जाँच गरेर मात्र अख्तियार परिसरमा प्रवेश अनुमति दिन्छ तर गौतमलाई यो औपचारिकतासमेत पूरा गर्नुपर्दैन । रातो नम्बर प्लेट भएको हुन्डाई कम्पनीको आई–१० गाडी आउनासाथ प्रहरी सतर्क हुन्छन् र स्यालुट हानेर भित्र पठाउँछन् । "एक त अख्तियार पदाधिकारीका व्यक्तिगत मुद्दा सर्वोच्चमा विचाराधीन छन् । अर्कोतिर, अख्तियार आफैँमा मुद्दा लगाउने निकाय हो," अख्तियारका एक अधिकारी भन्छन्, "अन्यत्रको कर्मचारीलाई यहाँ काजमा ल्याउनुले पठाउने, ल्याउने र आउनेमध्ये कसै न कसैको विशेष स्वार्थ छ भन्ने बुझाउँछ ।"

कर्मचारीमा भाँडभैलो

पराजुली नेतृत्वमा आएपछि न्याय प्रशासनमा वरिष्ठता, अनुभव र योग्यताका आधारमा जिम्मेवारी दिने प्रथा खण्डित भयो । ६ माघ ०७३ मा न्याय सेवाका पाँच जना अधिकृत विशिष्ट श्रेणी (सचिवसरह)मा बढुवा भएका थिए, अदालततर्फबाट नहकुल सुवेदी र नृपध्वज निरौला, कानुनतर्फका राजीव गौतम, महान्यायाधिवक्ताको कार्यालयका किरण पौडेल र राजन भट्टराई । पराजुली नेतृत्वमा आएपछि रजिस्ट्रार निरौलालाई अनुभव र कार्यप्रकृति नै नमिल्ने बेपत्ता छानबिन आयोगमा पठाइदिए भने त्यस ठाउँमा आफ्ना भान्जीज्वाइँ नहकुल सुवेदीलाई ल्याए । त्यतिले नपुगेर सुवेदी त्यस पदमा ६ महिना पनि नबस्दै २० पुसमा उच्च अदालतको मुख्य न्यायाधीश बनाइए । एक वर्षभित्र तीनवटा बढुवा पाए उनले ।

आफ्नो स्वार्थ र प्रतिशोधलाई प्रमुख मान्यता बनाएका पराजुलीले सर्वोच्चमा कार्यकारीको हस्तक्षेप सहज हुने गरी भविष्यका निम्ति समेत नजिर बसालेर गएका छन् । जस्तो कि, अदालतको प्रशासनिक नेतृत्वमा अदालतकै कर्मचारी रहँदै आएको प्रचलनलाई तोडी उनले महान्यायाधिवक्ता कार्यालयका सरकारी वकिललाई मुख्य रजिस्ट्रार बनाएका छन् । महान्यायाधिवक्ता कार्यालय प्रत्यक्ष रूपमा प्रधानमन्त्रीसँग जोडिएको कार्यालय हो । "र, पराजुलीकै निर्णयलाई नजिर मान्ने हो भने भविष्यमा कानुन मन्त्रालयको जुनसुकै अधिकृतलाई अदालतको मुख्य रजिस्ट्रार बनाउन सकिन्छ," न्याय सेवाका एक वरिष्ठ अधिकारी भन्छन्, "कार्यकारीको प्रतिनिधि न्याय प्रशासनको प्रमुख बनाउँदा भोलि सरकारको इच्छाबमोजिम अदालत चलाउने बाटो खुल्न सक्छ ।"

कमजोरलाई बढावा

एकातिर एसएलसीको प्रमाणपत्र नै विवादित, अर्कोतिर उनले देखाएको लब्धांकपत्र हेर्दा तृतीय श्रेणीमा उत्तीर्ण । अझ न्यायिक निर्णय र व्यक्तिगत आचरण पाइलैपिच्छे विवादित । सर्वोत्तम व्यक्ति पुग्नुपर्ने राज्यको यो महत्त्वपूर्ण ओहदामा यस्तो कमजोर पात्र कसरी पुग्छ ? अधिवक्ता कपिलदेव ढकाल भन्छन्, "अनैतिक राजनीति र अस्थिर व्यवस्था भएका मुलुकमा यस्तै विवादग्रस्त र कमजोर पात्रहरू माथि पुग्छन्, जो सहजै अरूको स्वार्थमा प्रयोग हुन सक्छन् ।" पराजुलीको पृष्ठभूमि र आचरण हेर्ने हो भने ढकालको भनाइमा विमति राख्ने ठाउँ छैन ।

जेहोस्, पराजुली आफ्नै व्यवहारका कारण सार्वजनिक आलोचना र आक्रोशको तारो बने । उनले गरेका कृत्यहरूलाई कानुनको सहारामा मान्यता प्रदान गर्न खोजिए पनि त्यो सफल भएन । "कानुन र अदालती निर्णयभन्दा सार्वजनिक वैधता ठूलो कुरा हो भन्ने कुरा यसपटक फेरि प्रमाणित भएको छ," अर्का अधिवक्ता ओमप्रकाश अर्याल भन्छन्, "साधारण आँखाले हेर्दा नै गलत र बदनियतपूर्ण देखिने काम गर्नेहरू कुनै न कुनै दिन दण्डित हुनैपर्छ । यो नै नेपाली समाजको तागत मान्नुपर्छ ।"

पराजुली जसरी उमेर ढाँटेर सात महिनाभन्दा बढी समय प्रधानन्यायाधीशको ओहोदामा रहे, सेवा-सुविधा उपभोग गरे र त्यो पदमा रहँदा राज्य, समाज अनि व्यवस्थाका विरुद्धमा हुने कार्य गरे, तिनको अनुसन्धान गर्नुपर्ने आवाज पनि सँगसँगै उठ्न थालेको छ । *नेपालको संविधान*ले पनि पदबाट निवृत्त भइसकेपछि प्रधानन्यायाधीश, न्यायाधीश, संवैधानिक अंगका पदाधिकारीको सम्पत्ति छानबिन गरी भ्रष्टाचारको दायरामा ल्याउन सकिने व्यवस्था गरेको छ । त्यसैगरी कीर्ते, जालसाजी र उमेर ढाँटेर जागिर खाएबापत फौजदारी अभियोगको सामना त जोसुकैले जतिखेर पनि गर्नुपर्ने हुन्छ । ढकाल भन्छन्, "पराजुलीलाई पनि कानुनी दायरामा ल्याउनैपर्छ । उनलाई उन्मुक्ति दिइयो भने आगामी दिनमा यस्ता अरू पात्र जन्मिन सक्छन् । र, व्यवस्थालाई थप खलबल्याउन सक्छन् ।" ◆

शिव गाउँले

संसद्को महागल्ती

प्रधानन्यायाधीश गोपाल पराजुलीको प्रतिलिपि नागरिकता र जन्ममिति विवादलाई पनि संसद्ले छानबिनको विषय बनाएन । आफ्‌ना एक उच्च पदाधिकारीको बहिर्गमन सहज बनाउन राज्य प्रणालीभित्र एउटा नाटक मञ्चन गरियो । न्यायपरिषद्का सचिवले राजनीतिक क्षेत्रले देखाएको 'हरियो बत्ती' हेरेर एउटा प्राविधिक उपाय निकाले। परीक्षा नियन्त्रण कार्यालयसँग एउटा पत्रको जवाफ मागियो। न्यायपरिषद् ऐनको एउटा दफाको सहारा लिएर उनको 'सबैभन्दा पहिलो जन्ममिति कायम भयो' भनियो । र, सेवानिवृत्त जीवन सुखमय होस् भन्दै पराजुलीको पदावधि सकिएको घोषणा भयो ।

न्यायालयबाहिर र भित्रको परिस्थिति यति प्रतिकूल भयो कि पराजुलीले आफ्‌नो सेवाको अन्तिम दिन सर्वोच्च अदालत भवन आउनसमेत पाएनन् । सेवामुक्त भइसक्नुपर्ने अवस्थामा पनि पदमा बसेर तलब सुविधा लिएका थुप्रै विवादमा त्यस्ता तलब सुविधा फिर्ता गराउने आफैँले समेत गरेका निर्णयहरूको मर्म बुझेर हुन सक्छ, पराजुलीले आफ्‌नो निवासबाटै राष्ट्रपति कार्यालय गएर 'राजीनामा' दिए। यस्तो राजीनामा स्वीकृत भएपछि पराजुली धेरै आरोप र झन्झटबाट मुक्त हुनेछन् ।

यसपटक पनि संसद्ले गल्ती गर्‍यो। न्यायालयको प्रमुखमाथि गम्भीर आरोप लागेर विवाद उत्पन्न भएपछि त्यस मामिलामा उसले छानबिन गर्नुपर्थ्यो । पराजुलीले आफू अनुकूल सरकारी कागजात उत्पादन गरेका थिए । नभएको पदावधि प्रयोग गरेका थिए। ती सबै काम उनले सार्वजनिक पदाधिकारीको हैसियतमा गरेका हुन्। यी कामलाई कानुनको प्रचलित भाषामा किर्ते र ठगी भनिन्छ। पराजुलीकै नेतृत्वमा रहेको न्यायालयले विगतमा यस्तै विवादमा थुप्रैलाई जेल पठाएको छ, नभए पनि जरिवाना गरेको छ।

संविधानले सर्वोच्च अदालतको कुनै न्यायाधीश वा प्रधानन्यायाधीशको कार्यक्षमता, नेतृत्व क्षमता वा आचरणका बारेमा संसद्बाहेक अन्यत्र कतै छानबिन हुने परिकल्पना गरेको छैन। संसद् वा संसदीय समितिले न्यायालयमा विचाराधीन कुनै मुद्दा वा त्यसमा न्यायाधीशले दिएको रायका बारेमा मात्रै हो छलफल-बहस गर्न नपाउने। सिंगो न्यायप्रणालीप्रति गम्भीर प्रश्न उठ्ने र यसको जनआस्थामै प्रश्न उठ्न सक्ने अवस्थामा संसद्ले मात्रै हो, न्यायालयको प्रभावकारिता वृद्धिमा निर्णायक योगदान गर्ने।

जस्तोसुकै अवस्थामा पनि निरपेक्ष बसेका कारण हुन सक्छ, अहिलेसम्म न्यायालयका काम-कारबाहीमाथि संसद्को कुनै समिति वा सदनमा बहस-छलफल हुन सक्छ भन्ने मान्यता स्थापित हुन पाएन । संसद् सर्वोच्च जनप्रतिनिधिसभा हो, जहाँ संविधानका अधीनमा रहेर मुलुकका जुनसुकै सार्वजनिक पदाधिकारी र निकायका काम-कारबाहीमाथि निर्मम समीक्षा हुन सक्छ । तर, हाम्रो संसद् यो मामिलामा हिजोदेखि नै चुकेको छ। यसको परिणाम के भइदियो भने संसद्मा महाभियोगको प्रस्ताव नआउँदासम्म न्यायालयजस्तो संस्थामा जे-जस्ता विकृति देखिए पनि ऊ चुप लागेर बस्ने परम्परा स्थापित भएको छ ।

जनतालाई न्यायमा पहुँच दिने, सुलभ र छिटोछरितो न्याय दिने वाचा गरेर जनताबाट निर्वाचित जनप्रतिनिधिले त्यो कामका लागि न्यायालयलाई उत्तरदायी बनाउने दायित्व अहिलेसम्म पटक्कै पूरा गरेनन्। परिणाम व्यवहारमा न्यायालय र संसद्बीचको साइनो महाभियोग लगाउने कि नलगाउनेमा सीमित भइरहेको छ। यसको गम्भीर परिणाम के हो भने नेपालको न्यायालयमा पटक-पटक पराजुली प्रवृत्ति दोहोरिरहने खतरा छ।

गोपाल पराजुलीका दुईथरी नागरिकता वा जन्ममिति हिजो मात्रै बाहिर आएका होइनन्। दुई वर्षदेखि यो मामिला प्रेसमा छताछुल्ल भइरहेको थियो । तर, संसद् थाहा नपाएझैँ गरेर बस्यो। अदालतलगायत संवैधानिक निकायको प्रभावकारिताबारे समीक्षा गर्नु संसद्को संवैधानिक जिम्मेवारी हो । गोपाल पराजुली, लोकमानसिंह कार्कीलगायतका प्रकरणमा यो जिम्मेवारी पूरा गर्न संसद् नराम्ररी चुकेकै हो ।

यसको सोझो अर्थ संसद् पारदर्शी रूपमा सार्वजनिक पदाधिकारी र निकायहरूका काम-कारबाहीमाथि बहस र समीक्षा गर्न रुचि राख्दैन । त्यसो त सार्वजनिक पदाधिकारीको काम-कर्तव्यमाथि बहस-छलफल गर्दा संसद् स्वयंको प्रभावकारिता र क्षमतामाथि पनि प्रश्न उठ्न सक्छ। यसबाहेक यस्तो काम अगाडि बढाउन सांसदहरूमा पनि उच्च नैतिक चरित्र अपेक्षित हुन्छ । यी र यस्ता कारणले हुन सक्छ, संसदीय समितिहरू र संसद्भित्रका मूल खेलाडी राजनीतिक नेताहरू न्यायालयसहितका संवैधानिक निकायका काम-कारबाहीमाथि समीक्षा गर्न जाँगर चलाउँदैनन्।

गोपाल पराजुली प्रकरणलाई महाभियोगको हल्ला नगरी उनका काम-कारबाही र कागजात प्रकरणमा छानबिन गरेको भए संसद्ले एउटा मान्यता स्थापित गर्ने मौका पाउने थियो । उच्च पदाधिकारीको कार्यक्षमता र नैतिक आचरण संसद्मार्फत सधैँ जनताको निगरानीको विषय बन्न सक्छ भन्ने मान्यता स्थापित हुने थियो । तर, पराजुली प्रकरणमा उनलाई उन्मुक्ति दिने कि महाभियोगको हल्ला चलाउने भन्नेबाहेक संसद्ले अरू काम गरेन। परिणाम सार्वजनिक पदाधिकारीमाथि संसद्मार्फत आफ्‌नो लगाम कायम राख्ने जनताको अधिकार यसपटक पनि कमजोर भयो। ♦

टर्न सक्थ्यो

ककपिटभित्रको अलमल

प्रदीप बस्याल

काठमाडौँ एयरपोर्टमा २८ फागुनमा भएको यूएस-बंगलाको विमान दुर्घटनासँगै तत्काल उठेको प्रश्न हो, गल्ती पाइलटको थियो वा एयर ट्राफिक कन्ट्रोलर (एटीसी)को ? ४९ जनाको ज्यान जाने गरी भएको बंगलादेशी निजी कम्पनीको जहाजले अन्तिम अवस्थासम्म 'आपत्काल' घोषणा नगरेकाले पनि चासो र जिज्ञासा त्यही एउटा प्रश्नमा केन्द्रित भयो । यात्रा अवधिभर अन्य कुनै समस्या अनुभव नगरेको घाइते यात्रुहरूले समेत बताइरहेका थिए । सार्वजनिक भएको 'अडियो रेकर्ड'ले समेत उही आशंकामा बल दियो ।

एटीसी र ककपिटबीच भएको संवादमा एयर ट्राफिकले पाइलटलाई धावनमार्गको उत्तरतिर अर्थात् '२०' तर्फबाट अवतरण नगर्न र आकाशमै होल्ड गरिराख्न भनिएको थियो । जबकि, उक्त जहाजलाई '०२' भनिने धावनमार्गको दक्षिणी कुनाबाट अवतरण गर्न 'क्लियर' गरिएको थियो । यति हुँदाहुँदै पनि जब जहाज तय नभएको बाटो पक्डिदै उत्तरतिर लाग्यो, एटीसी कक्षमा तनाव सुरु भइसकेको थियो ।

पाँच हजार घन्टाभन्दा बढी उडान भरिसकेका र काठमाडौँमा मात्र सयभन्दा बढी पटक अवतरण गरेका क्याप्टेन अविद सुल्तानले को-पाइलट प्रिथुला रसिदको साटो आफैँले एटीसीसँग संवाद गरिराखेका थिए । क्याप्टेनले उत्तरतिरबाट अवतरण गर्ने चाहना देखाएपछि एटीसीबाट 'धावनमार्ग देखिएको छ ?' भन्दै सोधियो, जसमा क्याप्टेनको जवाफ थियो, 'नेगेटिभ ।' अर्थात् धावनमार्ग देखिएको छैन ।

अनि, एटीसीबाट जहाजलाई दायाँतर्फ मोड्न भनियो, जसलाई क्याप्टेनले माने र धावनमार्ग देखिएको बताए पनि । र, अवतरणको अनुमति दिइयो । त्यसपछि पनि उनले पुनः '२०' बाटै अवतरण अनुमति मागेको देखिन्छ । तर, उनको भनाइ भने अर्कै छ, '०२ बाट अवतरण गर्ने क्रममा ।'

क्याप्टेनले यसो भनिरहँदा एटीसी कक्षमा गाइँगुइँ सुनिन थाल्छ, 'अल्मलिए जस्तो छ, यसलाई रडार घचघच गरेर उता पठाउनुपर्ला जस्तो छ है, कता जाला, डाँडातिर त्यति राम्रो छैन भिजिबिलिटी ।'

रेकर्डमा भएको पाइलटको अन्तिम वाक्यमा सुनिन्छ, 'के हामी अवतरण गर्न सक्छौँ ?' जब एटीसीले 'म फेरि पनि भन्छु मोड्नूस्' भन्दा उताबाट जवाफ आउँदैन, जसको क्षणभरमै एटीसीले दुर्घटना भएको जनाउ दिँदै भन्छन्, 'फायर वान' ।



'एटीसीको काम डोरी समातेर चंगा नियन्त्रण गरेजस्तो होइन, थुप्रै कुरा क्याप्टेनले आफ्नै विवेकले गर्न सक्छ ।'

वाई के भट्टराई
पूर्ववरिष्ठ क्याप्टेन

किन भयो अलमल ?

अलमलिएको संवाद सुन्दा पाइलटलाई एयरपोर्ट वा काठमाडौँ उपत्यकाका बारेमा पर्याप्त थाहा नभएजस्तो देखिने अधिकारीहरू बताउँछन् । "हरेक पाइलटले गन्तव्यमा जानुपूर्व संकट टार्ने हरेक विकल्पसाथ तयार हुनुपर्छ, जुन अपरेटिङ चार्टमा लिखित र सिमुलेटरमा अभ्यास गरिएको हुन्छ," नेपाल वायुसेवा निगमका सेवा निवृत्त सिनियर क्याप्टेन वाइके भट्टराई भन्छन्, "त्यही पनि यूएस-बंगलाले अवतरणमा लिएको उत्तरी बाटो निकै कम प्रयोग गरिने भएकाले धेरै पाइलटहरू, अझ विदेशीहरू त्यस रुटमा अभ्यस्त छैनन् ।"

क्याप्टेन अविदले गल्फ एयरमा काम गर्न जागिरबाट राजीनामा दिइसकेका थिए भने त्यस दिनको पाँचौँ उडानका क्रममा काठमाडौँ आउँदै थिए । एकै दिन थुप्रैपटक उडान भर्ने र



अवतरणले दिने थकानको प्रभावसमेत उनमा हुन सक्ने आकलन एकथरी पाइलटहरूले गरिराखेका छन् । जबकि, को-पाइलटले गर्दा हुने एटीसीसँगको संवादसमेत उनले नै गर्दै जहाजको कमान्ड सम्हालिरहेकाले पनि ‘०२’ र ‘२०’ मा केन्द्रित भएर धावनमार्गसँग सोभ्‍याउन (अलाइन्ड) नसकेको हुन सक्छ ।

उत्तरी बिन्दु (२०) बाट अवतरण गर्दा यसै पनि मात्र एक/डेढ माइलको दूरीभित्रै धावनमार्गसँग सोभ्‍याउन सक्नुपर्छ, जुन निकै छोटो समयमा गर्नुपर्ने काम हो । जबकि, दक्षिणतर्फ (०२) भट्टेडाँडाभन्दा कम्तीमा सात-आठ माइल परबाट जमिनसँग सोभ्‍याउँदै आउने सुविधा हुन्छ ।

“उत्तरतर्फ डाँडाहरू पनि नजिकै छन् र दक्षिणतिरको तुलनामा धावनमार्गसँग सोभ्‍याउनका लागि निकै कम ठाउँ छ, धावनमार्गलाई खुला आँखाले नदेख्दा हुने एप्रोच लाइटजस्ता ‘इन्स्ट्रुमेन्ट अप्रोच’ अन्तर्गतको बाटो उत्तरतर्फ छँदै छैन,” ३७ वर्ष एयर ट्राफिक कन्ट्रोलरका रूपमा नेपालका थुप्रै एयरपोर्टमा काम गरेका सेवानिवृत्त एटीसी नारायणबहादुर सिंह डंगोल भन्छन्, “त्यसैले काठमाडौं अवतरण गर्ने अन्तर्राष्ट्रिय उडानहरू अधिकांश दक्षिणबाटै अवतरण गरिन्छ । आन्तरिक उडानतर्फ पनि ठूला जहाजहरू दक्षिणी दिशाबाटै अवतरण गर्न चाहन्छन् ।”

अर्कोतर्फ यूएस-बंगलाले दक्षिणबाट अवतरण कठिनाइ हुँदा जसरी ओभरसुट (जमिन नजिक ल्याइसकेको जहाज पुनः उडाउने काम) गर्नुपर्थ्यो, त्यो गरेन । अन्य प्राविधिक त्रुटि थिएन भने ओभरसुट गरेर जहाजलाई धार्केमाथिको होल्डिङमा पुऱ्याएर सम्पूर्ण अवस्थालाई सामान्यीकरण गर्न सकिन्थ्यो । गुराँस होल्डिङबाट पहिल्यै तय गरिएको तरिकाबाट उचाइ घटाउँदै अवतरण गराउनुपर्थ्यो । धावनमार्गको दक्षिण पुछारबाट १७ माइल दक्षिणतर्फको ११ हजार ५ सयदेखि १३ हजार फिट उचाइसम्म एयरपोर्ट व्यस्त हुँदा पर्खने स्थानलाई गुराँस होल्डिङ भनिन्छ ।

धावनमार्गको दक्षिण-उत्तर झुकाव केही बढी रहेकाले अवतरणका क्रममा गति घटाउनसमेत सहज मानिन्छ । हुन त धावनमार्गको दक्षिणी पुछारभन्दा दुई-तीन माइल परबाट धावनमार्ग नदेखिएमा र एप्रोच लाइटको सहाराले समेत अवतरण गर्न नसकिएमा ओभरसुट गरिनुपर्ने थियो, दुर्घटना भएको दिनको भिजिबिलिटी हेर्दा त्यस्तो अवस्था देखिँदैन ।

“

‘उत्तरतर्फ डाँडाहरू नजिकै छन् र दक्षिणतिरको तुलनामा धावनमार्गसँग सोभ्‍याउनका लागि निकै कम ठाउँ छ ।’

नारायणबहादुर सिंह डंगोल
पूर्ववरिष्ठ एयर ट्राफिक कन्ट्रोलर

”

“जहाजका पांग्राहरू खुलिसकेको र पंखाको गति कम गरिसकेको अवस्थामा जहाजलाई फेरि उचाइ दिँदा एक्कासि शक्ति बढाउने काम साधारण होइन,” पूर्ववरिष्ठ एटीसी डंगोलको भनाइ छ, “त्यतिखेर क्याप्टेनलाई थुप्रै काम एकैचोटि गर्नुपर्ने दबाब हुन्छ । तसर्थ, उच्च समन्वयको खाँचो पर्छ ।”

अन्तिम अवस्थामा क्याप्टेनले धेरै जिम्मेवारी लिएको देखिनुले को-पाइलटसँगको कमजोर समन्वय वा अविश्वासको पक्ष हाबी भएको समेत अनुमान गर्न सकिने एटीसीका अधिकारीहरू बताउँछन् । क्याप्टेन र को-पाइलटबीच उमेरको अन्तर धेरै देखिँदा वरिष्ठताको सवालले समन्वय अभाव भएको हुन सक्ने अवस्थालाई नजरअन्दाज गर्न सकिँदैन ।

०४९ साउनमा भएको थाई एयर दुर्घटनाको अनुसन्धान दलमा समेत रहेका डंगोलका अनुसार त्यस दुर्घटनाको अनुसन्धान गर्दा को-पाइलटचाहिँ क्याप्टेनभन्दा वरिष्ठ भएकाले क्याप्टेनको कमान्डमा सहजै काम हुन नसकेको देखियो । समन्वयका साथ कम्प्युटरका डाटाहरू लिएर निर्णयमा पुग्नुपर्नेमा त्यसो हुन नसक्दा दक्षिण गइरहेको सोचिएको जहाज उत्तरतर्फ गइरहेको थियो । यसरी सामान्य कम्पासले देखाउने तथ्यलाई पनि नजरअन्दाज गर्दा दुर्घटना भयो । दुर्घटना एकातिर भएको थियो, खोजबिनचाहिँ अर्कोतर्फ रह्यो ।

त्यतिखेर काठमाडौं एयरपोर्टमा राडार राखिएको थिएन । दुई महिनाको बीचमै पाकिस्तान इन्टरनेसनल एयरलाइन्स (पीआईए) तथा थाई एअर दुर्घटना भएपछिको व्यापक दबाब र सुरक्षा संवेदनशीलताले राडार जडान गरेर हवाई सुरक्षामा एउटा फड्को मारिएको थियो ।

यद्यपि, नेपाली आकाश असुरक्षित रहेको भन्ने सवाललाई चाहिँ ‘बेतुक’ भन्छन् क्याप्टेन भट्टराई । र, पछिल्लो समय यूएस बंगलाबाट आइरहेको एटीसीले सहकार्य नगरेको भन्ने भनाइलाई समेत मान्दैनन् । भट्टराईको तर्क छ, “एटीसीको काम डोरी समातेर चंगा नियन्त्रण गरेजस्तो होइन, थुप्रै कुरा क्याप्टेनले आफ्नै विवेकले गर्न सक्छ ।” त्यसैले, सुरक्षित उडानका लागि चालक दलको एयरपोर्टको बहुपक्षीय परिस्थिति-सचेतता (सिच्वेसनल अवेरनेस) नै प्रधान मानिन्छ, जसको अभावमा थुप्रै समस्या एकसाथ जेलिने गर्छन् । ♦

॥ अजय दीक्षित

विमानस्थलमा विपद्

यूएस बंगला-२११ दुर्घटना भएको खबर व्यापक भइसकेको थियो । केहीबेरपछि प्रधानमन्त्री र मन्त्रीहरू दुर्घटनास्थल पुगे । मानवीय संवेदना बुझ्न सकिन्छ तर प्रधानमन्त्री त्यहाँ पुगेको प्रकरणले विधि र प्रणाली चुस्त बन्न नसकेको वास्तविकता प्रस्टिन्छ । सुरक्षा हिसाबले सरकार प्रमुखको उपस्थिति आवश्यक थियो, थिएन भन्ने प्रश्नबारे प्रधानमन्त्री कार्यालयले मूल्यांकन गर्ने विश्वास गरौँ । साथै, यो पनि विश्वास गरौँ, उपयुक्त विधि संस्थागत गर्ने कार्य सरकारले सुरु गर्नेछ । अन्यथा इतिहासले भन्नेछ, गफ गर्नमै समय बित्यो ।

ज्यान बचोस् भन्ने प्रार्थना गर्दै आफ्नै विगत चहार्न पुगेँ । ४ मार्च राती आबुधाबी हुँदै वासिङ्टन डिसीतर्फ लागेको थिएँ । ७ दिनपछि ११ तारिख राती (दुर्घटनाको अघिल्लो दिन) आबुधाबीबाट काठमाडौँ आइपुगेको थिएँ । ४ मार्चको संयोग ! तीन वर्षअघि ४ मार्च २०१५ को बिहान इस्तानबुलबाट काठमाडौँ आएको टर्किस विमान सेवाको एयर बस-३३० त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गबाट चिप्लिएर छेउको चौरमा धस्सिएको थियो । भाग्यले त्यो विमानमा सवार २ सय २४ यात्रु र चालक दलका ११ जना सबै सकुशल रहे । विमानको पखेटाले धावनमार्ग छेकेको हुँदा चार दिनसम्म विमानस्थल प्रयोग हुन सकेन । त्यसको डेढ महिनापछि १२ वैशाख (२५ अप्रिल)मा महाभूकम्प गयो । उद्धारका क्रममा आएका सयौँ हवाई जहाजलाई हाम्रो टावरले सुरक्षित उडान र अवतरण गराएको थियो ।

दुर्घटना किन भयो ? कस्ता पाठ सिक्नुपर्छ ? के सुझाव दिइयो ? त्यस्ता घटना दोहोरिन नदिई हवाई यात्रा सुरक्षित राख्न सरकार एवं राज्यका अंगहरूले के-कस्ता नीति लिनुपर्छ ? नीति कसरी कार्यान्वयन गरिँदैछ ? पुराना आयोगहरूले दिएका सुझाव कसरी कार्यान्वयन गरिए ? महत्त्वपूर्ण प्रश्न हुन् । छानबिनकै विधि पनि कोट्याउनु अन्यथा नहुने पंक्तिकारको अनुभव छ । विमान दुर्घटना प्राविधिक विपद् भए पनि त्यससित मानवीय व्यथा जोडिन्छ । आफ्नालाई गुमाउनेले आफ्नै प्रयासमा सकेसम्म वस्तुपरक हिसाबले विश्लेषण गरे र सार्वजनिक संवादमा सहभागी भए हवाई यात्रा अझ सुरक्षित बनाउने यत्नमा सहयोग हुन सक्छ, राज्यलाई दबाब सिर्जना हुन सक्छ । आफ्ना कसरी, किन बिते, खोतल्नु परिवारको अधिकार हो । र, कर्तव्य पनि ।

प्रसंग विसं २०१९ मा मध्य नेपालमा एक महिनाभित्र भएका दुइटा विमान दुर्घटनाको हो । त्यो वर्ष काठमाडौँबाट दिल्लीतर्फ उडेको डेकोटा विमान ढोरपाटनमा दुर्घटना भएको थियो । उपलब्ध दस्तावेजमा दुर्घटनाको विवरण अपूरो भेटिन्छ । एभिएसन एयर सेफ्टी नेटवर्कमा राखिएको विवरणले भन्छ, दिल्ली जाँदै गरेको डेकोटा विमान ११ हजार २ सय फिटमा दुर्घटनाग्रस्त भेटियो । थप विवरण हो, पूर्व देशान्तर ८३ डिग्री पुगेपछि विमानले कोलकाता एफआईसीलाई खबर गरेको थियो, म ८ हजार ५ सय फिटमा उड्दैछु । त्यसपछि विमानसित सम्पर्क भएन । आठ दिनपछि उल्लिखित उचाइमा दुर्घटनाग्रस्त विमान भेटिएको थियो, १० लाससहित । विमानमा आगो लागेको थिएन । त्यसबखत गरिएको छानबिनले ८ हजार ५ सय फिट उचाइमा उड्दै गरेको विमान कसरी ११ हजार २ सय फिटमा दुर्घटना भयो भन्ने प्रश्न उठाएको थिएन ।

किन भयो भन्ने प्रश्नले मलाई झकझकाइरहन्थ्यो । तर, जवाफ थिएन । दोस्रो विमान (पिलाटस पोर्टर) दुर्घटनामा हाम्रा पिताजी बिलाउनुभएको थियो । आफ्नै लागि भए पनि जवाफ खोज्नु आवश्यक ठानेको थिएँ । र, हवाई यात्रा सुरक्षित बनाउन यस्तो प्रयासले सानो सहयोग पुग्ने विश्वास पनि थियो । दुर्भाग्य ! विसं ०६८ मा त्यस क्षेत्रको फाल्गुनी धुरीमा नेपाली सेनाको विमान दुर्घटनापछि मात्रै मैले ४७ वर्षअघिका दुई दुर्घटनाका कारण खोतल्ने प्रयास सुरु गरेँ ।

त्यसमध्ये डेकोटा विमान दुर्घटना भएको स्थल र पूर्वी देशान्तर ८३ डिग्रीलाई मैले नक्सामा उतारेँ । ती दुईबीचको दूरी करिब १२ किमि छ । कोलकातालाई खबर गर्दा डेकोटा विमान ढोरपाटन उपत्यकाको दक्षिण भई बग्ने निस्ती खोलामाथिको आकाशमा पुगेको रहेछ । मेरो ठम्याइ रह्यो, विमान त्यहाँ पुग्दा केही बादल हट्यो र चालक दललाई गलत ठाउँमा गलत उचाइमा छौँ भन्ने जानकारी भयो । अगाडि र दुवैपट्टि विमानभन्दा माथि अग्ला पहाड देखिए । कप्तानसामु एउटै विकल्प थियो, विमानलाई माथि उडाएर उच्च धरातल कटाउने । कप्तानले विमानलाई १० हजार ५ सय फिट धरातल त कटाए । तर, ११ हजार ५ सय फिटको पहाड छल्नुअघि विमान भीरमा ठोक्कियो । दुई सय फिट तल खस्यो ।

तीन वर्षअघि टर्किस विमान धावनमार्गको पश्चिमपट्टि रहेको हवाई इन्धन भण्डार गर्ने ट्यांकीनजिक धस्सिएको थियो । भाग्यले विमान ट्यांकीसम्म पुगेन । यूएस बंगला विमान तेल ट्यांकीमा बजि्रएको भए के हुन्थ्यो ? जवाफ स्पष्ट छ, भयानक विस्फोटनले एप्रोनमा रहेका विमान, विमानस्थल, टावर, यात्रु कुरिरहेका र सिनामंगल क्षेत्र ध्वस्त हुन्थ्यो । यो प्राविधिक विपद्ले पूर्वतयारीमा थप लगानी गर्न सरकारलाई घचघच्याओस् ।

यो विषयमा पक्कै छलफल भइसकेको हुनुपर्छ तथापि प्रधानमन्त्री ओलीसमक्ष एउटा अनुरोध निवेदन गरौँ । विमानस्थलमा इन्धन भण्डारणका लागि भूमिगत ट्यांकी निर्माण प्रक्रिया सुरु गर्न तत्काल निर्देशन जारी होस् ! 'ज्या' गर्नुपर्ने रहेछ भन्ने स्थिति नआओस् ! ◆



gle
how to break into a house
All
Videos
Images
News
Maps
More
Settings
Tools
About 43,000,000 results (0.48 seconds)
House Door Method #6: Use a Credit Card. If you're trying to get through a door with a standard spring lock—not a deadbolt—you can use a credit card or other flexible plastic card to open it. Just wedge the card **into** the gap between the door and the frame and bend it away from the knob. Jul 5, 2013
www.wikihow.com
How to Open a Door Lock Without a Key: 15+ Tips for Getting Inside a ...
https://lock-picking.wonderhowto.com/.../open-door-lock-without-key-15-tips-for-getti...
About this result
Feedback
People also ask
What time of the day do most burglaries occur?
How do people break into your house?
How do you pick a lock with a paperclip?
How do you open a lock without a key?
Feedback
10 Ways to Break Into a House | HowStuffWorks
https://home.howstuffworks.com › ... › Household Safety › Home Security
You might be surprised at the tricks burglars may use to break in to your home. Check out these 10 ways to **break into a house**.
5 Ways to Break Into Your House - wikiHow
https://www.wikihow.com/Break-Into-Your-House
Rating: 39% - 32 votes
Method 2. With a Plastic Card. Check the lock. The card technique will only work on a spring latch. Select an unimportant plastic card to open the lock. Wedge the card in the space between the door and the frame. Locate the lock mechanism with your card. Lever the latch with the card to disengage it and open the door.
How to Open a Door Lock Without a Key: 15+ Tips for Getting Inside a ...
https://lock-picking.wonderhowto.com/.../open-door-lock-without-key-15-tips-for-get...
Jul 5, 2013 - **House** Door Method #6: Use a Credit Card. If you're trying to get through a door with a standard spring lock—not a deadbolt—you can use a credit card or other flexible plastic card to open it. Just wedge the card **into** the gap between the door and the frame and bend it away from the knob.
STAY SAFE
ALWAYS
HIKVISION
www.hikvision.com
TECHNO VISION
tvt.com.np

फुड माइक्रोब्लगिङ

खाना पारखीका मेनु

विभु लुइटेल

पोहोर साउनदेखि चन्डोल, काठमाडौंकी विभाशना भट्टराई, १९, ले *इन्स्टाग्राम*मा 'वी फुडी' माइक्रोब्लग चलाउन थालिन् । १३ हजारभन्दा बढी *इन्स्टाग्राम* प्रयोगकर्ताले उनको अकाउन्टलाई पछ्याएका छन् । हाल इन्जिनियरिङ अध्ययन गरिरहेकी भट्टराईको हरेक महिना विभिन्न ठाउँ पुगेर खान र तिनका बारेमा पोस्ट गर्न तीनदेखि चार हजार रुपियाँसम्म खर्च हुने गरेको छ । "आफूले खाने ठाउँका बारेमा निष्पक्ष राय दिने हुँदा मानिस साना-ठूला पार्टीदेखि लिएर डेटमा जानसमेत सुझाव माग्छन् । त्यसैमा खुसी लाग्छ," उनी सुनाउँछिन् । अकाउन्ट खोलेको पहिलो सातामै पाँच सयभन्दा बढी फलोअर्स 'वी फुडी'ले कमाएको थियो । भन्छिन्, "मेरा लागि पैसाले भन्दा मानिसले देखाएको विश्वासले महत्त्व राख्छ ।" यसबाट उत्प्रेरित भएरै विभाशनाले आफ्नो माइक्रोब्लगलाई निरन्तरता दिन सकेकी हुन् । नियमित नयाँ पोस्ट गर्दै अरूको प्रिय हुन सफल उनी यसका नराम्रा पक्ष सुनाउन पनि हिचकिचाउँदिनन् । भन्छिन्, "विद्यार्थी भएकाले समय र पैसा दुवै व्यवस्थापन गर्न अलि गाह्रै हुने रहेछ । राम्रो भनेर चलेका ठाउँमा उत्साहित भएर जाँदा धेरैपटक निराश भएर पनि फर्केकी छु । यसरी माइक्रोब्लग सुरु गर्न सरल र सहज देखिए पनि यसलाई निरन्तरता दिन भने सोचेजस्तो नहुने रहेछ ।"

स्नातक तहमा अध्ययन गर्दै गरेका तीन दिदी-बहिनी सब्रिना बज्राचार्य, रुचिका शाक्य र मीना डोल्मा मिलेर ०७३ पुसदेखि 'फुडी सिस्टर्स नेपाल' चलाउन थालेका हुन् । सो ब्लग पनि अत्यधिक रुचाइएका ब्लगको सूचीमा पर्छ । २२ हजारभन्दा बढी प्रयोगकर्ताद्वारा पछ्याइएको यो माइक्रोब्लगले

फुडी सिस्टर्स

तस्बिर : भास्वर ओझा

सुरुदेखि नै सबैको मन जित्दै आएको छ । फुड ब्लग नै किन भन्ने प्रश्नको उत्तरमा उनीहरूको एउटै जवाफ हुने गर्छ, "खानबाहेक अरू कुरामा पैसा खर्च गर्न मन लाग्दैन । खानामा पहिलेदेखि नै रुचि भएको हुनाले यो ब्लग बनाएका हौं ।" फुड ब्लगको नराम्रो पक्षका बारेमा कुरा गर्दा विभाशना र उनीहरूको अनुभव उस्तै रहेको छ। उनीहरू भन्छन्, "हामी हजारौं रुपियाँ खर्चेर बिना कुनै पूर्वाग्रह समीक्षा दिन खोजिरहेका हुन्छौं तर केही भने खुट्टा तान्न आइहाल्छन् ।"

नेपाल डट फुड

अकाउन्ट सुरु गरेदेखि नै चर्चित रहेका 'मिस्टर फुडी नेपाल' को चर्चा केही प्रख्यात *युट्युब* कार्यक्रममा उनले जनाएको सहभागिताले निकै चुलियो। विभिन्न प्रकारका ठाउँमा पुगेर खान रुचाउने उनी एक सातामा १० हजारजति त खानकै लागि मात्र खर्च गर्ने कुरा बताउँछन् । करिब ७५ हजार *इन्स्टाग्राम* प्रयोगकर्ताका आँखामा परेका यी माइक्रोब्लगरले आफ्नै *युट्युब* च्यानल पनि सुरु गरेका छन् । कोकाकोलाले उनलाई आफ्नो वार्षिक कार्यक्रम 'कोक एन्ड मःमः' को ब्रान्ड एम्बेसडर पनि बनाएको छ । नेपालका चर्चित सेलिब्रिटीहरूले पनि उनलाई इन्डोर्स गरिरहेका छन् ।

एक लाखभन्दा बढी प्रयोगकर्ताले रुचाएको 'नेपाल डट फुड'ले सुरुआती दिनदेखि नै अरू फुड अकाउन्टभन्दा आफ्ना पोस्टहरूमा विविधता ल्याउँदै आएको छ। सुरुमा 'सिद्धार्थ डट फुड' नाममा चलेको यो ब्लगको चर्चा 'नेपाल डट फुड' भन्ने नाम परिवर्तन भएसँगै चुलिएको हो । यसका सञ्चालक सिद्धार्थ घिमिरे देश-विदेशका विभिन्न ठाउँ पुगेर त्यहाँका खाने कुराका बारेमा अरूलाई जानकारी दिने मात्र नभई खाजा तथा खानाका रेटिङ, मूल्य, अतिरिक्त शुल्क, ती ठाउँमा उपलब्ध पार्किङ सुविधा, वाइफाई, खुल्ने र बन्द हुने समय, पीओएस मेसिन आदिका बारेमा पनि सूचित गर्छन् । उनले पनि आफ्नै *युट्युब* च्यानल सञ्चालन गर्दै आइरहेका छन्। "मैले राम्रो जागिर छाडेर यही माइक्रोब्लगिङलाई नै आफ्नो पेसा बनाएको हुँ। पहिलेको काममा जस्तो आम्दानी त छैन तर खुसी छु। नयाँ-नयाँ स्थानमा पुगी खानुमा खुसी छँदै छ भने सेफहरूसँग व्यक्तिगत रूपमै भेटेर उनीहरूका कथा सुन्न बढी मन पराउँछु," उनी भन्छन् ।

यसका अलावा अन्य ब्लगरहरूसँग भेटेर उनीहरूका अनुभव सुन्न पाउनुलाई यो पेसाको उपलब्धि मान्छन् उनी । घिमिरेको पेज हेरेर खान जाने ठाउँ रोज्ने युवा पनि बग्रेल्ती छन्। भन्छन्, "मैले खासमा यो ब्लग आफूले खाएका खानेकुराका अभिलेख राख्ने उद्देश्यले खोलेको हुँ । यस्तो उत्साहजनक प्रतिक्रिया पाउँछु भन्ने कहिल्यै सोचेको थिइनँ।" यसबाट अझ राम्रो गर्दै जान प्रेरणा मिलेको उनले बताए।

अत्यधिक रुचाइएका अन्य माइक्रोब्लगमा *फुडनोमिक्स, लभ-इट-रिपिट, भेजी डिलाइट नेपाल, नेपालयम, फुडस् नेपाल, फ्लेवर्स नेपाल, फुड सफारी नेपाल, माई डार्लिङ फुड* आदि पर्छन्। यिनलाई हजारौं *इन्स्टाग्राम* प्रयोगकर्ताले पछ्याएका छन् । यी सबैका आ-आफ्नै विशेषता छन्। यीमध्ये कुनै विशेष स्थानकेन्द्रित छन् भने केहीले अरूभन्दा पृथक समीक्षा शैली अपनाएका छन्। केही शाकाहारी खानेकुराका बारेमा समीक्षा गर्छन् भने केही माछामासुका बारेमा मात्रै । *द फिड फिड, जेमी ओलिवर, फुड एन्ड वाइन, ब्युटिफुल कुइजिन्स*जस्ता विश्वविख्यात ब्लगजति लोकप्रिय हुन यी ब्लगलाई अझ केही वर्ष लाग्ला । तर, नेपाली *इन्स्टाग्राम* समुदायमा भने यिनले अहिले नै गतिलो तथा अमिट छाप छाडिसकेका छन् ।

फुड माइक्रोब्लगहरूको संख्या दिनदिनै बढिरहेको छ । सबै उत्तिकै लोकप्रिय भने छैनन् । केही अकाउन्ट केही समय चलेपछि उपयुक्त सामग्री अभावमा निस्क्रिय हुने गरेका छन् भने केही सोचेअनुरूप सफल हुन नसक्दा बन्द हुने गरेका छन्। सुरुमा ब्लग नचल्दाका अवस्थामा धेरैजसो ब्लगरहरूले आफ्नो वास्तविक परिचय नखुलाई वा केही छद्म नाम प्रयोग गरेर अकाउन्ट सञ्चालन गर्छन्। पछि लोकप्रिय हुँदै गएपछि धेरैले आफ्नो परिचय खुलाउने गरेको अत्यधिक देखिँदै आएको छ । धेरै *इन्स्टाग्राम* वा *युट्युब*का माध्यमबाट आफ्नो वास्तविक परिचय खुलाएका छन् । 'फुडी सिस्टर्स नेपाल' का सञ्चालकले भने यही लेखमार्फत पहिलोपटक आफ्ना नाम सार्वजनिक गरेका छन् ।

वी फुडी

सुरुआतमा खुला समीक्षा दिने *इन्स्टाग्राम*का अधिकांश यस्ता माइक्रोब्लगहरू आफ्नो लोकप्रियता बढ्दै गएपछि केही पूर्वाग्रही हुने देखिएको छ। कतिपय होटल तथा रेस्टुराँहरूले यस्ता माइक्रोब्लग प्रयोग गर्दै प्रायोजित रूपमा आफ्ना सकारात्मक समीक्षा लेखाउँदै पनि आएका छन् । हातमा राम्रो फोन र सुरुका दिनमा विभिन्न ठाउँ गई खान अलिकति पैसाको जोहो गर्न सक्नेका लागि फुड माइक्रोब्लगिङ बिस्तारै आम्दानीको राम्रो स्रोत बन्दै जान पनि सक्छ। ठूलो युवा जमातले यसलाई आफ्नो जीविकोपार्जनको माध्यम पनि बनाइरहेको छ । लोकप्रिय हुँदै गएपछि यीमध्ये कतिपयले आफ्ना प्रशंसकलाई 'गिभअवे' भनेर केही चलेका ठाउँमा खानाको निम्तो पनि दिने गरेका छन् । ◆

अलिकति उज्यालो

चलेका लेखकहरू फिल्म स्क्रिप्टतिर

राजकुमार बानियाँ

मध्य माघको चिसोमा २१ दिन पोखरा बसे, आख्यानकार बुद्धिसागर। तर, उनको पोखरा बसाइ उपन्यास लेखनका लागि थिएन। उनी घोत्लिरहेका थिए, फिल्म स्क्रिप्टका लागि।

एउटै फिल्मको १५ लाख रुपियाँ लिएर महँगा स्क्रिप्ट लेखकमा दरिएका निर्देशक रामबाबु गुरुङले नयाँ फिल्म *बर्मजंग*को जिम्मा दिएका छन्, बुद्धिसागरलाई। त्यसबापत बुद्धिसागरले १० लाख रुपियाँ पनि पाए।

“तेस्रो उपन्यासको काम आधाउधि गरिरहेका बेला बीच-बीचमा ह्याङ भएजस्तो लागिरहेको थियो। कताकता ऊर्जा नआएर ब्रेक लिने विचार गरिरहेका बेला फिल्म स्क्रिप्टको अफर आयो,” *कर्नाली ब्लुज*का लेखक सुनाउँछन्, “फिल्म त हेर्न मात्रै सजिलो रहेछ, लेख्न एकदमै गाह्रो। उपन्यासभन्दा स्क्रिप्ट लेखन चुनौतीपूर्ण छ।”

अर्का आख्यानकार उपेन्द्र सुब्बा लिम्बू फिल्म लेखिरहेका छन्। रामबाबु गुरुङसँग मिलेर *कबड्डी, कबड्डी कबड्डी, पुरानो डुंगा* र एकल रूपमा *देश खोज्दै जाँदा* अनि *तान्द्रो*मा स्क्रिप्ट लेखिसकेका छन् उनले।

रामबाबुले यसपटक उपेन्द्र सुब्बासँग किन स्क्रिप्ट साझेदारी गरेनन् त? “मैले मात्र लेख्नुपर्छ भन्ने केही छैन। बुद्धिसागर आउनु पनि फिल्मका लागि सकारात्मक कुरा हो,” सुब्बा भन्छन्, “रामबाबुसँग मिलेर लेखेका फिल्म चलेका हुन्, मेरो बलबुतामा लेखेका फिल्म चल्न सकेनन्, पाठक र दर्शक उस्तै-उस्तै छन् नेपालमा।”

सजिलो भाषामा भन्ने हो भने पटकथा अर्थात् स्क्रिनप्ले अस्थिपञ्जर हो। निर्देशक या कलाकारले त्यसमा मांसपिण्ड थप्ने मात्र हुन्। फिल्मको पहिलो द्रष्टा र स्रष्टा स्क्रिप्ट लेखक नै हो। स्क्रिप्टको रोचक पक्ष सामान्य वर्तमान कालमा लेखिन्छ। प्राविधिक भाषा पनि यसको एउटा सर्त हो।

स्क्रिप्ट लेखनमा काठमाडौँका आख्यानकारको एकलौटी रहेन। पोखराबासी *पैताला*का आख्यानकार गनेस पौडेलले पनि डेब्यु स्क्रिप्टकै लागि पाँच लाख रुपियाँ हात पारे।

“फिल्म पनि साहित्य नै हो। त्यसैले यसलाई भिजुअल लिटरेचर या भिजुअल पोयट्री भन्ने चलन छ,” गनेस भन्छन्, “सिनेमामा साहित्य, संगीत, पेन्टिङ, नाटक, फोटोग्राफी सबै हुन्छन्। साहित्य र कलाको मिश्रणबाट सिनेमा धनी पनि हुन्छ।”

त्यसो त फिल्म स्क्रिप्टमा लेखकहरू भर्खरै प्रवेश गरेका होइनन्। आधा शताब्दी पार गरेको नेपाली फिल्मको स्क्रिप्टमा चिनिएका लेखक अविनाश श्रेष्ठ, नयनराज पाण्डे, ब्रजेश आदि पनि लागेकै हुन्। तर, त्यतिबेला निश्चित सूत्र वा मसला अटाउने बनिबनाउ फर्म्याटमा थियो। तिनले हलिउड र बलिउडको ‘कपी पेस्ट’बाहेक अरू सोचेनन्।

फिल्म समीक्षकहरू खासगरी नवीन सुब्बा, मीनबहादुर भाम, जोयश पाण्डे, रामबाबु गुरुङ, दीपक रौनियार आदि गम्भीर निर्देशकका कारण सिनेमामा साहित्य पनि आउनुपर्छ भन्ने मान्यता सुरु भएको हो। त्यसका लागि कि साहित्यिक कृतिमा फिल्म बनाउनुपर्‍यो कि साहित्यिक लेखकलाई नै स्क्रिप्टमा लगाउनुपर्‍यो।

त्यसै क्रममा उपेन्द्र सुब्बा र रामबाबु गुरुङ मिलेर ताजा कथा दिए, *कबड्डी*मा। स्क्रिप्टमा बुद्धिसागर मात्र नभएर कुमार नगरकोटी पनि देखापरे। *लालपुर्जा*मा ‘अतिथि लेखक’को अवतारमा। अब आफैँ फिल्म निर्देशनमा डेब्यु गर्दैछन्।

फिल्मको खास सर्जक निर्देशक नै हो। विगतको विडम्बना के भने निर्देशकले सिर्जनशीलता देखाउने मौकै पाएन। यस्तो कथा, फलानी हिरोइन चाहियो, यतिवटा फाइट र यतिवटा गीत भन्ने निर्माताको फर्माइस पूरा गरिदिनु निर्देशकको एकमात्र ‘ड्युटी’ भइदियो।

फिल्म फ्लप हुनासाथ निर्माताले निर्देशकलाई, कलाकारले निर्मातालाई गाली गरेर बस्नु पनि नियति भइसक्यो। “पैसावाल त प्रोड्युसर हुने नै भए तर मुख्य समस्या स्रष्टा अर्थात् निर्देशकमै छ,” नगरकोटी भन्छन्, “पछिल्लो समय फिल्मको हिरो त स्क्रिप्ट रहेछ। मेजर रोल उसैले गर्दो रहेछ भन्ने चेतना आएकाले लेखकहरूले अवसर पाएका हुन्।”

सुबिन भट्टराईको उपन्यास *समर लभ*माथि मुस्कान ढकालले फिल्म बनाइरहेका छन्। यतिखेर निर्धक्क के भन्न सकिन्छ भने फिल्म

फ्लपै भए पनि लेखक मालामाल भएका छन् ।

पारिश्रमिक १५ लाखसम्म

स्क्रिप्ट लेखनमा लेखकहरूको प्रवेश सकारात्मक किन छ भने कमाइ पनि आकर्षक छ। लेखकहरूले एउटा स्क्रिप्टकै पाँच लाखदेखि १५ लाख रुपियाँसम्म लिने गर्छन् ।

आम्दानीबारे लेखकहरूबीच मतैक्य भने छैन । "एउटै फिल्ममा एक-दुई करोड रुपियाँ लगानी हुन्छ। स्क्रिनप्लेबापत लेखकले पनि राम्रै दाम हात पार्छ," नगरकोटी भन्छन्, "सरदर तीन महिनामा एउटा स्क्रिप्ट तयार हुन्छ । एकमुष्ट पाउने हिसाब गर्दा किताबबाट भन्दा बढी कमाउँछ लेखकले ।"

दामको हिसाबले उपन्यासकै पल्ला भारी हुने बुद्धिसागरको दाबी छ । "तीन महिनामै कमाउन सकिने भन्ने मात्रै हो, रोयल्टी हिसाबमा पैसा त उपन्यासमै छ," उनी भन्छन्, "फिल्ममा एकपटक मात्रै आउँछ, उपन्यासमा वर्षौंसम्म आइरहन्छ ।"

बुद्धिसागर फिल्मको काम सक्नासाथ फेरि उपन्यासमै फर्किन चाहन्छन् । "मस्तिष्कको एउटा मात्रै पाटो चल्दा थकान वा एकरसता हुँदो रहेछ। म सिनेमाको सर्कलसँग जोडिएँ, नयाँ कथासँग जोडिएँ, त्यसले उपन्यास लेखनमा पनि लाभै हुन्छ," उनको अनुभव छ, "उपन्यासमा सिकेको कुरा फिल्ममा आउँछ, फिल्ममा सिकेका कुरा उपन्यासमा । क्रियटिभ लेनदेन हो ।"

स्क्रिप्ट लेखकको कमाइमा त्यति सन्तुष्ट देखिँदैनन् उपेन्द्र सुब्बा । एउटा स्क्रिप्टबाट पाँच-६ लाखसम्म लिएका छन् उनले । "उपन्यास लेख्न नसक्ने मजस्तो अल्छीलाई फिल्म सजिलो हो," उनी भन्छन्, "फिल्म लेखेर लेखकलाई घाटा छ। मिहिनेत उस्तै हो। उपन्यास लेखेर २०-२२ लाखसम्म कमाइ हुन्छ। उपन्यासको कन्टेन्टमा फिल्म बन्छ। तर, त्यो फिल्म निर्देशकको हुन्छ ।"

उसो त बजारको लय हेरेर कविहरू उपन्यासकार भएका छन् । उपन्यासकार स्क्रिप्ट लेखकमा बदलिएका छन् । तर, यसको मतलब कविहरू पनि आख्यानकारको कमाइलाई टुलुटुलु हेरेर बसिरहेका छैनन् । *नुमाफुङ* निर्देशक नवीन सुब्बा फिल्ममा नयाँ लेखकलाई 'ग्रुम' गर्दैछन् । उनकै निर्देशनमा बन्न लागेको *लाहुरे जुत्ताका* स्क्रिप्ट लेख्दैछन्, कवि स्वप्निल स्मृति । इन्डिजिनियस फिल्म अर्काइभ (आइफा)को एकवर्षे फिल्म स्क्रिप्ट तालिम लिएका स्वप्निल 'दाम पाउने गरी नै लेखेको' भनी घुमाउरो पारामा व्यंग्य गर्छन् । "हरेक दृश्य र संवादको औचित्य पुष्टि गर्न कहाँ सजिलो छ र ?" उनी भन्छन्, "मलाई त एकदमै उकुसमुकुसजस्तो अनुभव भयो ।"

स्वप्निलजस्तै अनुप सुवेदीको निर्देशनका लागि छम गुरुङ, मुक्तान थेवा, राजु स्याङ्तान आदि पछिल्लो छिमलका कवि पनि स्क्रिप्ट लेखनमा लागिरहेका छन् ।

सकारात्मक सुरुआत

सिर्जनशील लेखकहरूले स्क्रिप्ट लेख्नासाथ फिल्मले चमत्कारै गरिहाल्छ भन्ने होइन । अहिलेका लागि उनीहरू फिल्मको मूलप्रवाहमा मिसिनु नै सकारात्मक सुरुआत हो। र, गतिलो फिल्म बनाउने हुटहुटी पनि । "उपेन्द्र सुब्बा, बुद्धिसागर या नगरकोटी आदि एक-दुई जना साहित्यिक लेखक आउँदैमा फिल्ममा तत्काल आनका तान फरक परिहाल्दैन," नगरकोटी भन्छन्, "तर, फिल्म सर्जकमा सामूहिक चेतना आउनुले निकट भविष्यमा निकै सकारात्मक प्रभाव देखिन सक्छ ।"

खुसीको कुरा के भने निर्माता या निर्देशकले स्क्रिनप्लेलाई महत्त्व नदिएको बोध भएको छ। र, नेपाली फिल्म बिस्तारै-बिस्तारै सुधारको बाटोमा छ । सिनेमा र साहित्यको टाइअप भएको छ ।

"पहिले फिल्मको कार्यशैली सिकर्मीको जस्तो हुन्थ्यो सीप बढी, सिर्जना कम," गनेस आशावादी छन्, "सिर्जनशील लेखक आएपछि त्यसको परिवेश केही फरक त अवश्य पर्छ ।"

नेपाली फिल्मको धार बदल्ने निर्माता माधव वाग्ले, जसले लुट बनाए, स्क्रिप्टमा लेखकहरूको आगमनलाई स्वागतयोग्य मात्रै मान्दैनन्, सिनेमा साहित्य मिसिएपछि यसको भूगोल नै फराकिलो भएको ठान्छन् ।

वाग्लेको शब्दमा नेपालमा बर्सेनि १ सय २५ फिल्म बन्छन् भने नाफा कमाउने फिल्म पाँचवटा मात्रै। "१ सय २० निर्माताको घरबार जान्छ," वाग्ले भन्छन्, "पाँचमध्ये तीनवटाले कमाउँछन्, दुई जनाले साउँ मात्र जोगाउँछन् ।" यस्तो अवस्थामा आख्यानकारहरूले नेपाली फिल्मको जय-जय गरिदिन सक्लान् ? ◆



स्केच : टेकवीर मुखिया

खलासीदेखि मन्त्रीसम्म

गामबेँसीका कवि क्षेत्रप्रताप अधिकारी शब्दहरूमार्फत आराधना गर्ने पछिल्लो दशककै उदाहरणीय सर्जक

रमण घिमिरे

उनले पहिलो कविता महाकवि देवकोटाको निधनमाथि लेखेका थिए, ०१६ मा :

जानुभयो देवकोटा कवि
नेपालीलाई टुहुरो पारेर ।

एउटा अनकन्टार गाउँबाट अध्ययनको तृष्णाले छटपटिएर एकैचोटि राजधानीको झिलिमिलीमा छिर्दा अलिक दिन त उनको मन अलमलमा पऱ्यो । खल्तीमा सुको दाम छैन । न बस्ने ठेगान, न त खाने जोहो । हेर्दाहेर्दै दसैँ आयो । सबै आ-आफ्ना घरतिर लागे । अब काठमाडौँ झन्डै सुनसानजस्तो हुन पुग्यो । उनीसँग त घर फर्किने खर्च पनि थिएन । तर, कवि मन भने थियो । केहीअघि महाकविले महाप्रस्थान गरेका थिए । यस्ता महान् हस्तीको निधनको शोक त आफ्नो ठाउँमा छँदै थियो, त्यसमा आफ्नै पापी पेटको सन्तापले अझ विचलित गरायो । कमाइ खाने कुनै इलम थिएन । तर, मनभरि थिए गामबेँसीमा छडछडाउने छहराको लय । अनि, उनले महाकविलाई सम्झेर माथिका पंक्तिमा अरू पंक्ति थप्दै दुई पृष्ठ लामो सानोतिनो कविता कथे । गामबेँसीमा गीत त उनले कति गाएका हुन् कति ! कविता कथेको चाहिँ यो नै पहिलो थियो ।

अब यो कविता भयो कि अरू नै के ? यसको जाँच गराउनु अनिवार्य थियो । यसको परीक्षक उतै आफ्नै क्षेत्रका कवि-शिरोमणि लेखनाथ पौड्याललाई छान्ने निर्णय गरे । र, एक बिहान कवि-शिरोमणिको दैलो खोज्दै लैनचौर पुगे । के भन्ने हुन् कवि-शिरोमणिले ? कतै 'यस्तो पनि कविता हुन्छ ?' भनेर च्यातच्यूत पारिदिने हुन् कि ? मनमा नानाभाँती तरंगहरू छड्किरहेका थिए ।

कविता नपढी लेखनाथले पहिला उनैलाई सुनाउन भने । उनले कविता वाचन गरेर होइन, आफूले रोदीघरतिर गाउँदाको भाका हालेरै सुनाइदिए । शिरोमणिले टेप रेकर्डरलाई झैँ उनलाई पनि दुई-तीनचोटि 'रिवाइन्ड' 'फरवार्ड' गर्न लगाएर सुने । अनि, आफ्ना धवल दाह्री मुसार्दै हर्षका साथ भने, 'तिम्रो कविता सुस्वादु छ, तिमी कविता लेख !' यसरी देवकोटामाथि लेखिएको र पहिलो उनको कविता पास भयो । यसले उनलाई प्रेरणा र उत्साहको शिवपुरीमा उभ्यायो । अनि, यसो विचार गरे, खल्तीमा सुको दाम पनि छैन । उनले भाका हालेर सुनाउँदा शिरोमणि मक्ख परे भने यसलाई सानो पुस्तिकाजस्तो छपाएर गाउँदै बेच्दा कसो जनता पनि मख्ख नपर्लान् ?

यो जुक्ति उनलाई फुऱ्यो ।

तर, अब छपाउने कसरी ? भनिन्छ नि, जहाँ इच्छा त्यहाँ उपाय । नभन्दै उपाय पनि निस्कियो । उनीसँगै जुद्धोदय हाइस्कुलको रात्रिकक्षामा पढ्ने एक जना सहपाठीका बाबुले एउटा प्रेस चलाउँथे, त्यतै क्षेत्रपाटीतिर । उनी ती साथीको सिफारिससाथ तिनीकहाँ पुगे र यही कविता बेचेर पछि छपाइबापत लाग्ने रकम चुक्ता गर्ने सर्तमा त्यो कविता छापिदिन आग्रह गरे । साथीका बाबु पनि भलाद्मी र सहयोगी निस्किए, ठिटोको जोस देखेर प्रभावित भए र कविता छापिदिए एकपाने कागजको दुईतिर । अनि, किशोर कवि त्यो एकपाने कविता पाठ गर्दै र बेच्दै हिँड्न थाले । नौरथाभरि शोभा भगवतीमा भक्तालुहरूको भीड लाग्थ्यो । बिहान-बिहान उनी त्यही मन्दिरको एक कुनामा उभिएर कविता गाउँथे, *जानुभयो देवकोटा कवि...।*

कविताको भाव र उनको भाकाले त्यसबेला भक्तालुहरूलाई मोहित पाऱ्यो । अनि, उनी त्यो एकपन्ने कविता बेच्दै खल्तीमा आना-सुका दाम हाल्दै गाइरहे । बिहान शोभा भगवती अनि दिउँसो रानीपोखरीको डिलमा गाउँदागाउँदै उनको महाकवि-शोक कविताका छापेजति सबै पन्ना बिक्री भए । यसबाट प्रेसको शुल्क तिरेर त्यसबेलाको झन्डै डेढ सय रुपियाँजति उनको गोजीमा पऱ्यो । र, गाउँमा भएकी एक्ली आमाको वेदनामा आँसु बगाउँदै भए पनि त्यो दसैं दुःखजिलोमा बिताए । यी कवि-गायक थिए, क्षेत्रप्रताप अधिकारी ।

विसं ०१४ मा काठमाडौं पसेका उनले कहिले घरेलु शिल्पकलामा गएर कुमालेको तालिम लिए, कहिले हेटौंडामा गएर स्टोर किपरको जिम्मेवारी सम्हाले । उनले शिक्षाको भोक मेट्न अनेकौं ठाउँ चहारे र कैयौं प्रतिकूलतासित पौंठेजोरी खेले । तर, जीवनमा कुनै पनि क्षण हतास भएनन् ।

कवि क्षेत्रप्रतापसँग भेट हुँदा फुर्सदका बेला मुड चल्दा उनी आफ्नो जिन्दगीको विगतलाई पल्टाउने गर्थे । एकपटक स्वरसम्राट नारायणगोपालसँगको पहिलो भेटको प्रसंग उठ्यो । नारायणगोपालले गाएका उनका दुई गीत लोकप्रियताको आकाशमा गुञ्जिसकेको पनि लामो कालखण्ड गुज्रिसकेको थियो ।

'म त लालीगुराँस भएछु' र 'मलाई छाडी मेरो छायाँ कतै झरेछ'पछि क्षेत्रप्रताप र नारायणगोपाल आधुनिक गीत-संगीतको नौलो बान्की भएर चिनिन थालेका थिए । हुन त यी दुवै पहिल्यै आफ्ना क्षेत्रमा अब्बल मानिएकै थिए । तर, यी दुई गीतले दुवैलाई एउटै लहरमा राखेर अर्को परिचय दिन पुग्यो ।

> कविताको भाव र उनको भाकाले त्यसबेला भक्तालुहरूलाई मोहित पाऱ्यो । अनि, उनी त्यो एकपन्ने कविता बेच्दै खल्तीमा आना-सुका दाम हाल्दै गाइरहे ।



तस्बिरहरू : कुमार आले

त्यस दिन उनी मुडमा थिए । गीतका कुरा चले । गीतसँगै नारायणगोपालका कुरा पनि चले । "मैले नारायणगोपाललाई पहिलोपल्ट हेटौंडामा भेटेको थिएँ," उनले यस अध्यायको थालनी गरे । मैले अनुमान गरें, नारायणगोपालको हेटौंडामा पनि जग्गाजमिन थियो र त्यसै सिलसिलामा नारायणगोपाल त्यहाँ जाँदा भेट भएको हुँदो हो ! तर, होइन रहेछ । कुरा रहेछ मेकानिकको । क्षेत्रप्रताप जागिरका लागि एउटा बाटो बनाउने कम्पनीको स्टोर किपर भएर हेटौंडा पुगेको केही समयपछि नारायणगोपाल पनि त्यही कम्पनीमा मेकानिकको तालिम लिन पुगेका रहेछन् ।

नारायणगोपाल हातमा मोबिल कालै हुने गरी दिनभरि मिस्त्री काम सिक्थे । कोठामा फर्किंदा हात, लगाएको डांग्रेसमेत कालाम्य भएको हुन्थ्यो । तर, उनी त्यही वेशभूषा र अवस्थामा हार्मोनियम तानेर राग अलाप्न थालिहाल्थे । क्षेत्रप्रताप पनि के कम ? तनहुँमा जन्मेर कैयौं रोदीघरमा गीत गाएर रात छर्लंग पारेका लोकगायक-कवि । अनि, नारायणगोपालले हार्मोनियम तान्नासाथ उनी पनि काखमा मादल राखेर घिन्ताङ-घिन्ताङ पार्न थालिहाल्थे । उनीहरूसँगै बस्ने एक भारतीय थिए, उनी तबला मजाले पिट्थे । अनि, त उनीहरूको 'महफिल' नजम्ने कुरै थिएन । यसरी नारायणगोपाल र उनी दिनभरिको मानसिक-शारीरिक थकान एक झमटमा मेट्थे । तर, नारायणगोपालसँगको उनको यो साथ लामो हुन सकेन । किन हो, नारायणगोपाल बीचैमा तालिम छाडेर काठमाडौं फर्के र अलि पछि भारतको बडोदामा संगीत अध्ययन गर्न गए ।

जहाँ गए पनि क्षेत्रप्रतापलाई शिक्षाको तिर्सनाले पछ्याउन छाडेन । हेटौंडामा हुँदा पनि केही सहकर्मीहरूसँगको सहप्रयासमा भुटनदेवी हाइस्कुलमा रात्रिकक्षा पनि सञ्चालन गराएरै ८ देखि १० कक्षासम्म पढे । र, काठमाडौंबाट एसएलसी पास गरेको कुरा सुनाउँथे उनी । त्यसबेला हेटौंडावरिपरि परीक्षा केन्द्र नै रहेनछन् । उनीसँग गाँसिएका अनुभव आफैंमा एउटा इतिहास थियो, त्यो समय र उनी आफैंको पनि ।

उनी साझा बसमा खलासी गर्दाका रोचक प्रसंग पनि सुनाउँथे । एसएलसी पास गरेपछि जीविकाको अरू कुनै उपाय भएन । हुन त त्यसबेला एसएलसी पास गर्नु पनि ठूलै कुरा थियो । तर, सिफारिस र सोर्स-फोर्सको अभावमा उनी ढाक्रे जिन्दगी व्यतीत गरिरहेका थिए । हो, यसैबेला उनले साझा बसको

खलासीमा काम पाए । उनले निकै महिना साझा बसको ढोका ढकढक्याउने र सिट्ठी बजाउने काम गरे । पेटमा चारो हाल्न केही इलम गर्नैपर्थ्यो । अलिअलि कविता कथ्न थालिसकेका थिए । खलासी भए पनि मान्छे खाइलाग्दा थिए । यी यावत् कारणले होला, विश्वबन्धु थापाको नजर उनीमाथि परेछ । थापा साझाका प्रमुख थिए । अनि, एक दिन थापाले उनलाई साझा प्रकाशनमा बोलाएरै सोधे, 'साझा प्रकाशनमा जागिर खान्छौ ?' किन नखानू ? उनलाई ढुंगा खोज्दा देउता भेटिएको अनुभूति भएको थियो । सहमतिमा शिर हल्लाइहाले । अनि, उनी बसबाट पुस्तक भण्डारमा पुगे ।

त्यसताका संस्था भर्खर नेपाली भाषा प्रकाशिनी समिति (नेभाप्रस)बाट साझामा रूपान्तरण भएको थियो । नेभाप्रसका प्रमुख थिए, कवि भीमनिधि तिवारी । उनलाई तिवारीबाट नेभाप्रसका सारा जायजेथा बुझेर लिन जिम्मेवारी दिइयो । यसै क्रममा उनले महाकवि देवकोटाको *लुनी, महाराणा प्रताप* र एक मात्र उपन्यास *चम्पा*को पाण्डुलिपि धूलो र मुसाले खाएका पत्र झुसहरूको थुप्रोबाट खोतलेर निकाले । त्यही भग्नावशेषबाट उनले फेला पारेका थिए, महाकविको महान् कृति *मुनामदन*को पाण्डुलिपि । हुन त यो खण्डकाव्य विसं १९९२ तिरै प्रकशित भइसकेको थियो । तर, क्षेत्रप्रतापका भनाइमा यसको नामोनिसान थिएन । पाण्डुलिपिहरूको रास उधिन्दै जाँदा देवकोटाले नै सिसाकलमले किरमिरकिरमिर लेखेको *मुनामदन*को पाण्डुलिपि भेटिएको थियो, भद्रकाली अफिसमा । पूर्वमुद्रित *मुनामदन*का प्रतिहरू सायद अप्राप्य थिए । त्यसैले त्यही *मुनामदन*लाई पुन:जीवित गर्नुपर्ने हुन्थ्यो । अनि, उनले त्यो पाण्डुलिपि देवकोटाका हस्ताक्षर चिन्ने र उनका धेरै कृतिहरूको खेस्रा उतारेका श्यामदास वैष्णवकहाँ लिएर गए । श्यामदासले आफ्ना खिरिला अक्षरहरूमा कुँदेर यो काम सम्पन्न गरिदिए र *मुनामदन* फेरि प्रकाशनमा आयो । क्षेत्रप्रताप भन्थे, "मलाई थाहा भए अनुसार साझाले निकालेको पहिलो पुस्तक *मुनामदन* नै थियो ।"

•●•

सानोमा गोठालो बनायो । उमेरले किशोरवय टेकेपछि खेतालो बनायो । पिता लाहुरे सैनिक भएर कता हो, मुगलान पुगेका थिए । घरमा आमा-छोरा दुई मात्र प्राणी । तनहुँ उत्तरको लमजुङ जिल्लाको साँधमा मिर्लुङ गाउँ विकास समितिमध्येको एउटा भयापानी भन्ज्याङ गाउँ आज पनि छ । सायद क्षेत्रप्रताप अधिकारीको स्मृति बोकिरहेको होला, त्यो भन्ज्याङले । र, परदेसिएका बाबुको पीर मनभरि बोकेर, बरू एक्लै संघर्ष गर्ने तर सन्तानको भविष्य नबिग्रियोस भनेर आँट गरेरै टाढा काठमाडौँसम्म पढ्न पठाएकी थिइन् उनलाई जन्म दिने आमाले । तर, राजधानी आएपछि क्षेत्रप्रताप आफैँले आफ्नो पुन:जन्म गरे । साझा बसको खलासीबाट साझा प्रकाशनको महाप्रबन्धक र अध्यक्षसम्मको अन्तिम उचाइमा पुग्ने अब त्यस्तो अर्को व्यक्ति कोही छैन त्यहाँ । क्षेत्रप्रतापजस्तो अर्को व्यक्ति पनि

त्यस रात उनकी श्रीमतीले आत्महत्या गरेको रात थियो ।

हुन सक्तैन त्यहाँ । उनी शिक्षा सहायकमन्त्री हुँदा पनि त्यति खुसी भएनन्, जति साझाका एकएक खुड्किलाहरू उक्लँदै सबैभन्दा शिरानको खुड्किलामा उभिन पुगेका थिए ।

•●•

त्यस बिहान उनी भक्कानिएर रोएका थिए । गीत र कवितामा अरूलाई रुवाउने मान्छे पहिलोपटक यो लेखकसामु रोइरहेका थिए, घुँक्कघुँक्क । त्यस रात उनकी श्रीमतीले आत्महत्या गरेको रात थियो । त्यो बिहान श्रीमतीको सद्‌गति हुनुपूर्वको बिहान थियो । उनी पत्नीवियोगमा थिए । नि:सहायजस्ता देखिन्थे । "हामी दुवै दमका रोगी थियौँ । थाहा छ, दमको रोग सहन कठिन हुन्छ । तर, मैले यति माया गरेकी, यिनले मसँग एक वचनसम्म नसोधी, एकपल्ट बिदा पनि नभई कसरी एक्लै जान सकेकी होलिन् !" उनी पुन: यसरी भक्कानिएका थिए मानौँ, भनेकी भए उनी पनि सँगै जान्थे । उनले यसो त भनेनन् । तर, उनी पनि दमले आक्रान्त थिए । धेरै भन्याङ उक्लिन सक्तिनँ भन्थे । सम्भवत: त्यसको दुई वर्षपछि उनी पनि आफ्नी पत्नीले हिँडेकै त्यही यात्रामा मिसिए ।

•●•

समयले धेरैवटा पाटा फेर्‍यो, धेरैवटा बाटा बदल्यो । तर, क्षेत्रप्रतापका पाटा र बाटा बदलिएनन् । कहिले गीतभित्र परिवर्तन खोजे, कहिले कविताहरूमा । तर, उनी आफूचाहिँ जे थिए, स्वभाव र निष्ठाले, जस्ता थिए, संकल्प र आस्थाले त्यही नै रहिरहे । अहिले राष्ट्रभक्तिको अखण्ड कीर्तन गर्ने अनेकौँ अनुहार र कलमजीवीहरू छन् । तर, पछिल्लो समय राष्ट्रवादलाई हृदयदेखि नै वन्दना गर्ने साधक उनी एक मात्र थिए । उनका कवितामा राष्ट्रभक्तिका गाढा स्पन्दनहरू अभिव्यक्त भए र 'गामबेँसी'का यी कवि देशलाई शब्दहरूमार्फत आराधना गर्ने पछिल्लो दशककै उदाहरणीय सर्जक भए । समग्रमा उनी गीत-कवितामा गामबेँसी बोल्थे । गामबेँसीमा देश बोल्थे । देशसँग राष्ट्रभक्ति र जनताको पीडा बोल्थे ।

अहिले पार्थिव स्वरूपमा उनी हामीमाझ छैनन् । तर, उनले '*नेपाल*मा प्रकाशनार्थ' भनेर पठाएको र मेरो असावधानीले गर्दा प्रकाशित हुन नपाएको 'भूतपूर्व सभासद्' शीर्षकको एउटा कविता छ । कवितासँगै छाप्न पठाएको उनको हँसिलो मुहारको पासपोर्ट साइजको एउटा फोटो पनि छ । कविता रचना भएको समयले पनि सायद धेरै वर्ष पार गरिसक्यो । अहिले पढ्दा यो कविता कविता मात्र होइन, कुनै सिद्धको राजनीतिक भविष्यवाणीजस्तो लाग्छ । त्यतिबेला संविधान आएको थिएन । संविधानसभा म्याद गुजार्दै झारा टारिरहेको थियो । त्यही बेला उनले लेखेका हुन् यो कवितांश, जुन कविताले आज पनि त्यो व्यतीत कालखण्डको वर्णन गरिरहेको छ :

भूतपूर्व सभासद्हरूले
अभूतपूर्व काम गरेर गए
नयाँ संविधान पढेर मर्ने
मेरो अन्तिम सपना
अपहरण गरेर गए ।
म त मर्न पनि पाइनँ
किनकि, मेरो अन्तिम घिडघिडो
संविधान खोज्न गएछ
कठै ! मृत्यु त मेरो
सभासद्को पो भएछ । ◆

वैचारिक घुमघाम

विचारको भूगोलमा घुम्ने रहरले म विविध विषयका किताब पढ्ने गर्छु । वास्तवमा मानव जातिले चेतना प्राप्त गरेदेखि यही विचारको भूगोलमा आफ्नो विकास गरिरहेको छ। प्राचीनकालमा गुफामा रेखा कोरेर प्रयोग भएको मानव मस्तिष्क अहिले स्टिफन हकिन्सजस्ता ब्रह्माण्डशास्त्रीको उत्कृष्ट मस्तिष्कसम्म आइपुगेको छ। विचारको इतिहास भनेको मस्तिष्कको निरन्तर विकासको इतिहास हो।

अहिले मैले भर्खरै जापानी वैज्ञानिक न्युयोर्कसिटी विश्वविद्यालयका सैद्धान्तिक भौतिकशास्त्रका प्राध्यापक मिचियो काकुको *द फ्युचर अफ द माइन्ड* पुस्तक पढिसिध्याएँ । एक पाउ मासुको यो मस्तिष्कको व्यापकता र क्षमताका बारेमा स्नायु वैज्ञानिक र कृत्रिम बुद्धिको दृष्टिबाट लेखिएको यो पुस्तक सबैका लागि अत्यन्त उपयोगी छ। काकु भन्छन्, 'अबको समय मस्तिष्क मेसिनले हैकम गर्ने समय हो ।'

मस्तिष्क शताब्दीयौँदेखि बन्द विषय थियो । अब यो खुला भएको छ। र, यसले मानव समाजलाई असाधारण रूपले रूपान्तरण गरिदिन्छ। मानव चेतनाको उत्पत्तिको विषयले अहिलेसम्म दार्शनिक र वैज्ञानिकलाई रनभुल्लमा पारेको छ । अब विज्ञानले उत्पत्तिको यो समस्यालाई समाधान गर्नेछ । अब हामी मान्छेका विचार पढ्न सक्छौँ भने भिडियो टेपमा उतार्न पनि सक्छौँ । टेलिप्याथी सम्भव छ । एमआरआई मेसिनले मस्तिष्कको थ्रीडी इमेज उतार्न सक्छ, जसबाट भाषा, स्मृति र संज्ञानका रहस्यको समाधान हुन्छ । बीसौँ शताब्दी सिग्मन्ड फ्रायडको चेतन, अवचेतन र अचेतन मनको शताब्दी थियो । अब मस्तिष्क रसायन न्युरोन्स, न्युरोट्रान्समिटर, डोपामाइन र सोरोटोनिनको जमाना आएको छ। मानवजस्तै रोबोट हाम्रो साथी हुनेछ। उनी भन्छन्, 'सुदूर भविष्यमा मानव शरीरबाट चेतनालाई निकालेर हामी त्यसलाई अन्तरिक्षको भ्रमणमा पठाउन सक्छौँ र फेरि शरीरमा फर्काउन सक्छौँ।'

वैज्ञानिक मिचियो काकुका भविष्यवाणी अत्यासलाग्दा छन्। भविष्यमा आत्माहरूको पुस्तकालय हुनेछ। मस्तिष्क सम्पूर्ण रूपमा न्युरोन्सहरूको खेलमा सीमित हुनेछ। जसले हाम्रा धारणा मृत्यु, जीवन, सपना, स्वर्ग, नर्क, कला र यथार्थसम्बन्धी पक्ष जति छन्, ती सबैलाई आमूल रूपमा परिवर्तन गर्नेछ। यो अत्यन्त समसामयिक किताब हो।

हालै पढेको अर्को किताब हो, विश्वप्रसिद्ध भाषाशास्त्री एवं वामविचारक नोम चम्स्कीको *द इसन्ससियल चम्स्की*। एन्थोनी आर्नोभीले सम्पादन गरेको यो मोटो पुस्तकमा चम्स्कीका भाषा विज्ञानदेखि राजनीतिक र विदेश नीतिसम्बन्धी विभिन्न प्रतिनिधिका आलेख संगृहीत छन्। म्यासाच्युसेट इन्स्टिच्युट अफ टेक्नोलोजीमा भाषाविज्ञान र दर्शनशास्त्रका प्राध्यापक चम्स्की अरस्तु, मार्क्स र बाइबलजत्तिकै आधिकारिक मानिन्छन्। सार्वभौम व्याकरणका आविष्कार चम्स्की भाषाका लागि मानिस जैविक रूपमा योजित छ भन्छन् । मस्तिष्क संज्ञान, जीवविज्ञान र भाषाविज्ञानका सम्बन्ध अति सूक्ष्म रूपमा केलाउँछन् । २५ निबन्धहरूको यो संकलनमा चम्स्की

रमेश केसी

अमेरिकी शक्तिका कटु आलोचक हुन् । अमेरिकाको साम्राज्यवादी हैकमका विरुद्ध ६० वर्षदेखि कलम चलाउँदै आएका उनी भियतनाम युद्धमा अमेरिकी बर्बरता र मूर्खताको धज्जी उडाउँछन् । इराक युद्धलगायत अनेकौँ अमेरिकी सैनिक हस्तक्षेपको साम्राज्यवादी अर्थ-राजनीतिको विश्लेषण गर्छन् । अमेरिकी विदेशनीति निर्माणमा संलग्न संस्थापन पक्षका बुद्धिजीवीहरूको पाखण्डपूर्ण चिन्तनको पर्दाफास गर्छन् । अमेरिकी विदेशनीतिको बोली र व्यवहारबीचको विरोधाभास देखाउन उनी सफल छन्। भनिन्छ, बुद्धिजीवी दुईथरीका हुन्छन्। एउटा बुद्धिजीवी सत्तापक्षको हुन्छ भने अर्को जनताको। उनी जनताका बुद्धिजीवी हुन्।





यसैक्रममा गणितमा विद्यावारिधि गरेकी प्राध्यापक अल्का मारवाहको *दी सेक्रेट वर्ल्ड अफ विपश्यना एन्ड म्याथम्याटिक्स* भन्ने रोचक पुस्तक पढिरहेको छु । गौतम बुद्धले सिकाउनुभएको विपश्यना ध्यान आफ्नो आन्तरिक स्वभाव र स्वलाई चिनाउने ध्यानविधि हो । यही विपश्यनाको अनन्त सत्यलाई गणितसँग तुलना गरेर मारवाहले तुलनात्मक अध्ययन गरेकी छन् । दुवै विषय समानान्तर रूपमा यात्रा गर्ने प्रक्रिया हुन् भनेकी छन्, जसमा क्रिया-प्रतिक्रिया, अवलोकन र प्रयोग, सीमिततादेखि अनन्ततासम्मको सम्बन्ध केलाएकी छन्। विपश्यना उत्कृष्ट ध्यानस्थ संसार हो, जहाँ गणितका नियम र अनन्तताहरू समावेश भएको देखाउनु उनको ध्येय हो । दुवै सत्यको पारस्परिक सम्बन्धलाई केलाउँदै उनी अध्यात्मको वैज्ञानिक स्वरूप र गणितको अध्यात्म स्वरूपलाई पेस गर्छिन् । यो पुस्तकको भूमिका भारतका राजनेता तथा दार्शनिक करण सिंहले सुन्दर ढंगले लेखेका छन्। यो मलाई नौलो र रोचक पुस्तक लाग्यो । यसरी तीन पुस्तकमार्फत विचारको भूगोलमा म भर्खरै घुमिसकेको छु। ◆



खगेन्द्र संग्रौला

कन्न छाडेर सन्न्यासतिर

कतिपय मृत लेखकहरूले कन्दै कलम घोटेर आफूलाई जिउँदो देखाउने बित्थाको अभिनय गरेको देख्छु। तिनको यो छलकारी ढोङ देखेर आफ्नै लेखकीय दशाबारे गम खान्छु, के अर्थहीन खोस्टा लेखिरहनु लेखक जिउँदो हुनु र त्यस्ता खोस्टा लेख्न बिसाउनु लेखक मर्नु हो ? वर्ष दिनयता यो प्रश्न पत्यारिलो उत्तर खोज्दै मेरो किञ्चित थकित र अल्छी चित्तमा हर्दम मडारिइरहेछ । सम्झेर ल्याउँदा मैले खासै नलेखेको वर्ष दिन भएछ। म यो वर्षभरि नै खुद्रा-मसिना बिमारहरूको नित्य सिकार भइरहेँ। ऐय्याआत्था गर्दै गलेर ओछ्यानमा ढल्ने गरी त म बिरामी भइनँ । तर, फुक्काफाल हिँड्ने शारीरिक अवस्थामा र उमंगसाथ लेखपढ गर्ने मानसिक दशामा पनि म रहिनँ । मैले कलम बिसाउनुमा बिमार कारण बन्यो, सिर्जनाको उमेरजन्य अनुर्वरताको लक्षणले यो कारणलाई टेको दियो ।

बस्, अब आफ्नो लेखनको दम वा दुर्दशाबारे सोच्न मलाई यथेष्ट समय हात लाग्यो । आफ्नै लेखनका डोबहरूलाई आलोचनात्मक दृष्टि नियाल्दा मलाई महसुस भयो, अखबारका फ्यालफ्याले भित्ताहरूमा मैले थुप्रो झुर लेखेछु। यो झुर वास्तवमा गोजेरो भर्ने मेरो विवशताको नतिजा थियो । साँझ-बिहान पेट पुटुस्स पार्ने चारो खोज्न मेरो अर्को इलम वा धन्दा केही थिएन । अघिदेखि गरिआएको काम त्यही लेख्नु थियो । र, धेरथोर जानेको पनि त्यही लेख्नु थियो । किञ्चित विषादको मुद्रामा मनको लड्डु घिउसित खाँदै अहिले म कल्पना गर्छु, कुन्नि, झुर लेखेर चुनदाम हात पार्नुपर्ने विवशता नहुँदो हो त व्यर्थमा बितेको त्यो समयमा म सायद केही अर्थपूर्ण सिर्जना गर्न पो सक्दो हुँ कि !

अँ, आफ्नो लेखनको वर्तमान अवस्थाबारे आलोचनात्मक ढंगले गम्दा मलाई लाग्यो, बस् ! मैले लेख्न अब पुग्यो । डुब्दो उमेरको ओरालीसँगै मेरो स्मृति-शृंखला राम्रैसँग चाल पाइने गरी सुस्त र शुष्क हुन थालिसक्यो। चिन्तन-प्रक्रियामा मेरा स्मृतिका तारहरू कतै खुकुलिन्छन्, कतै चुँडिन्छन् । कहिले त मेरी आमा ! कतिकति पहिलेदेखि चिनेको मानिसको मुखाकृति आँखासामु छर्लंगै देखिन्छ। तर, निजको नाम भने स्मृतिका पत्रहरूभित्र कतै भूमिगत हुन्छ। अनि, उद्विग्न मुद्रामा निधार मुजा पार्दै त्यो नाम सम्झिन घन्टौँ लाग्छ। भन्दा मनै भरंग हुने अनुभव भन्छ, मेरो कल्पनाशीलता शनैःशनैः भुत्ते हुँदो छ। मेरा आवेगहरूमा ऊष्मा सेलाउँदो छ। मेरो शब्दभण्डारमा खिया लाग्दो छ। र, मेरो मन-मानसको लचकता अह्रो र अटेरी हुँदो छ। नढाँटी भनुँ भने यस्तोमा मैले लेखिरहनु भनेको केवल सुगा शैलीमा अतीतको आफूलाई दोहोऱ्याउनु त हो। हो, शैलीगत चटक वा छलका कारण पाठकलाई लेखनमा केही छ कि भन्ने आभास वा भ्रम दिन त सकिएला नै। तर, हुनलाई जे लेखिन्छ, त्यसमा महत्त्वको तत्त्व प्रायः केही हुँदैन। यसरी उदास आत्मस्वीकृतिको मुडमा मैले कठोर अठोट गरेँ, भो ! आइन्दा लेख्दिनँ, पुग्यो। अन्य सबै पेसा वा व्यवसायकर्मीहरूलाई जीवनको खास मोडमा पुगेर सेवानिवृत्त हुने हक छ भने लेखकलाई चाहिँ किन नहुनु ?

तर, हुँदो रहेनछ । किन ? सिर्जनशील लेखन कसैका खटनको नभई लेखक स्वयंको राजीखुसीको रोजाइको कर्म भएर हो कि ? अथवा, लेखन-कर्मको मालिक लेखक आफैँ र सेवक पनि आफैँ भएर हो कि ? अथवा, कुनै सौन्दर्यशास्त्रीय विधि वा नीतिले सिर्जनशील लेखक बेत बस्ने उमेरको किटानी नगरेकाले हो कि ? अथवा, लेखन-कर्म कसैको नियुक्ति वा अवकाशको कृपा वा बाध्यताबाट मुक्त भएकाले पो हो कि ? थाहा छैन। अहिले मलाई यत्ति थाहा छ, लेखक लेखनबाट निवृत्त हुनलाई पाठकद्वारा स्वीकृत खास समय हुँदो रहेनछ !

जब पाठक टाइपको, मित्र महलको वा परचक्री पाँतको, कोही भेट हुन्छ, ऊ प्वाक्क सोधिहाल्छ, 'हैन, लेख्न किन छाडियो हाव ? के अखबारी झिना-मसिना अलमलबाट पन्छिएर कुनै गहन सिर्जन कार्यमा डट्या हो ?' सोध्नेहरूलाई दिन चित्तबुझ्दो जवाफ नभएर म त्यसैत्यसै हैरान हुन्छु । वास्तवमा म त्यस्तो गहन वा सार्थक केही नगरी खालि अघि

भनेझैं, खुद्रा-मसिना बिमारहरूको झिज्याटलाग्दो चक्रमा रिङिरहेको छु भन्दा कोही पत्याउँदैन । म नाथे वृद्धतामुखी, किञ्चित थकित र अल्छी लेखकबाट अमृतमय केही झर्ला कि भनेर उता अनुरागी पाठक मलाई अपलक हेर्दै हात थापेर बसेको छ, यता म लम्फू तातोभुत्लो केही नगरी समय बियाँलिरहेको छु । हेर्नुस् त, अपेक्षा र आपूर्तिबीच यो विकराल खाडल ! यो खाडल पुर्ने केले हो, फसाद छ बा !

अलि दिनअघि अभि दाइको 'पुस्तक वार्ता'को एउटा वचनले मलाई कसोकसो झस्कायो । वचन प्रीतिकर थियो । तर, समय-सन्दर्भले मेरो मानसमा त्यसको प्रभाव कटु भइदियो । आफूले नित्य पढ्ने गरेका लेखकहरूको सानो सूचीमा मलाई पनि पारेर दाइले भनेका रहेछन्, 'खगेन्द्र संग्रौलाका पनि पढ्थें । तर, अचेल लेख्नुहुन्न ।' यो 'लेख्नुहुन्न' मा अन्तर्निहित गुप्त भावमा मैले कसोकसो नोस्टाल्जियाको छनक पाएँ । र, यो नोस्टाल्जियाबाट मेरो अन्तरमनमा 'लेखनबाट त्यो त मर्‍यो' भन्ने शोकमय ध्वनि गुन्जियो । दाइ बूढा पठन र लेखन दुवै कर्ममा सदाझैं हुनसम्म क्रियाशील छन् । उनको यो क्रियाशीलताले मानौं, मेरो अकर्मण्यतालाई गिज्याउँदै भनिरहेछ, 'को बूढो, तँ कि म ? सिर्जन-कर्ममा जो बेत बस्यो, त्यो बूढो कि जसको सिर्जनाको जायजन्म गतिमान छ, त्यो बूढो ?'

मै बूढो, अभि दाइ ! उत्तर अकाट्य छ, अकाट्य र निर्विकल्प । व्यक्ति-व्यक्तिको सिर्जनशीलताको उमेर फरक हुँदो रहेछ । यसमा मेरो के लाग्छ ? खोजेर र रोजेर, कनेर र हात थापेर सिर्जनशीलताको उमेर तन्काउन सकिने होइन क्यारे !

बस्, कुराको एउटा पाटो तुरियो । यसको सार के भने सिर्जनामा बेत बसेपछि जिउँदो देखिन कन्दै लेखकले लेख्ने अभिनय गर्नु केवल आत्मवञ्चना हो । र, यो पाठकको एकबारको जुनीको आयु भक्षण गर्ने कुटिल दाउ हो । जीवनको मिति गुज्रिएपछि थपक्क ढल्नु र कलकलाउँदा बिरुवाहरूलाई बढ्न, हुर्किन र फिजिन ठाउँ खाली गरिदिनु प्रकृतिमा वृद्ध र जर्जर वृक्षको धर्म हो । मेरो विचारमा मानवलोकमा, लेखनको फाँटमा पनि हुनुपर्ने उचित कुरा यही हो । विडम्बनावश यस्तो लाग्छ, मानौं हाम्रो लेखन फाँटमा कतिपय वृद्ध एवं जर्जर जीवहरू संवेदनाशून्य छन् । यी निष्ठुरी जीवहरू हाम्रा सुकसुकाउँदा र निम्छरा बिरुवारूपी लेखकहरू आफ्नो ओसिलो छायाँमा टाक्सिएर मरेको देख्न रहर गर्छन् । यो रहर खसोखास सामन्ती रोग हो । र, यो अतीतपूजक, वर्तमानद्वेषी र भविष्य निषेधी रोग हो ।

विगतको अखण्ड गौरवगान, वर्तमानको घोर उपेक्षा र भविष्यको भयंकर भय, यो हो साहित्यमा सामन्ती चिन्तन र संस्कृतिको चुरो कुरो । हाम्रो साहित्यमा यो कुरूप कुरोका वृद्ध संवाहक र तिनका उमेरदार भक्तहरूको एक प्रकारले जगजगी नै छ । यो जगजगीलाई थरीथरीका अधोमुखी सत्ता र शक्तिपीठहरूको कृपा छ, धाप छ, आशीर्वाद छ ।

कुरो खोलेर गरुँ । एकबारको जुनीमा दीर्घायु, सुखद र अल्पायु दुःखद कुरा हो । तर, एकाध भाग्यमानीको दीर्घायु अगणित अभागीहरूको अल्पायुको उपहासको कारक बन्नु झनै दुःखद कुरा हो । आखिर अन्यायपूर्ण यो भूमिमा भइरहेको यही त छ !

"एकबारको जुनीमा दीर्घायु, सुखद र अल्पायु दुःखद कुरा हो । तर, एकाध भाग्यमानीको दीर्घायु अगणित अभागीहरूको अल्पायुको उपहासको कारक बन्नु झनै दुःखद कुरा हो । आखिर अन्यायपूर्ण यो भूमिमा भइरहेको यही त छ !"

राष्ट्रको बौद्धिक र सांस्कृतिक जीवनमा स्वतन्त्रता र गरिमाको आभा सञ्चार गर्ने चिन्तक र सर्जकहरूलाई गुणग्राही समाजले आज वा भोलि पक्कै आदर गर्छ । त्यो स्वतःस्फूर्त आदरभाव हो, जसमा अतिरञ्जनाको ढोल किमार्थ पिटिँदैन । तर, हामीकहाँ ढोल पिटिमाग्ने वृद्ध ढोँगीहरू र ढोल पिट्ने अधबैंसे हनुमानहरूले रातोदिन हाम्रा कान खाइरहेका छन् । सुन्नुस् त, कोही 'शतक मनीषी' रे ! कोही 'शताब्दी पुरुष' रे ! यसरी विचार र कलाको फाँटमा एकाध दीर्घायुका धनीहरूको अन्धाधुन्ध देवत्वकरण गरिँदो छ । यी दीर्घायुका धनीको देवत्वकरणको यो कुटिल नाटकमा घुमाउरो पाराले अल्पायुमा मर्नेजति दानव हुन् भन्ने छनक पाइन्छ । यी दीर्घजीवीहरू देवता हुन् भने बिस्याहार र कुपोषणले मर्ने शिशु र बालकहरू, प्रभावकारी प्रसूति सेवा नपाएर मर्ने आमाहरू र औषधोपचारको अभावमा सस्तोमा सजिलै निको हुने रोगबाट अल्पायुमै मर्ने अगणित गरिबहरू के दानव हुन् ? स्वपूजाको कामना गर्ने वृद्धहरू र धनुषटङ्कार मुद्रामा तिनको पूजा गर्ने हनुमानहरू यसै भनिरहेका छन् त !

वृद्धावस्थाका, बेत बसेका विचारक र सर्जक विशेषलाई खाना, छाना र नानाकै दुःख छ भने राज्यले आफ्नो औकात हेरी केही न केही मद्दत गर्नु बेसै हो । तर, जो सम्पत्तिको चाङमाथि उभिएको छ, उसलाई यो भत्ता र त्यो भत्ता ? यो इनाम र त्यो बक्सिस ? यस्ता वृद्धहरू मर्यादित जीवन र मर्यादित मृत्युका हकदार अवश्य होलान् । तर, यो स्वस्ति र भक्ति, यो पूजा र आराधना, यो चाकरी र पाउलागी, यो बेसोमत हाउभाउ र यो अश्लील भंगिमा, यो सब के हो ? यस्तो लाग्छ मानौं, यी वृद्धका अन्धभक्तहरूका कानमा यिनको घुराइबाट माधुर्यको वर्षा हुन्छ । र, यी हनुमानहरूका नाकमा यी वृद्धको अपान वायुबाट मानौं अरबी अत्तरको बास्ना आउँछ । मलाई त लाग्छ, मानिसमा इच्छामरणको सामर्थ्य हुँदो हो त आफ्ना लागि र अरूका लागि आफ्नो जीवनको उपयोगिता निखिएपछि फुस्स मर्नु उचित हो । दुर्भाग्यवश ! यसरी मर्न सकिन्न । त्यसैले चिन्तन र सिर्जना बेत बसेका वृद्धहरूले त एकान्तमा, चुपचाप जीवन बिसाउने क्षणको प्रतीक्षा गर्नु पो राम्रो हो !

के चिन्तक अनि लेखक चिन्तन तथा सिर्जनामा बाँझो पल्टिएर पनि चिन्तन र सिर्जनाको स्वाँगे अभिनय गर्दै धेरै बाँच्नु स्वतः पौरख र गौरवको विषय हो ? के यो स्वतः बढाइँ गरिनलायकको पराक्रम हो ? के बढी बाँच्नु नै रथारोहण र गजारोहणको शान प्राप्त गर्ने योग्यता हो ? हो भने अपेक्षाकृत अल्पायुमा बितेका शंकर लामिछाने, भूपी शेरचन र पारिजातको योग्यताचाहिँ गधारोहणमा सीमित हुने हो कि ! अनि, ३० वर्षको छेउछाउमै बितेका किट्स, शेली र बाइरनको योग्यता नि ? 'शतक मनीषी' र 'शताब्दी पुरुष' एवं तिनका भजनकर्मीहरू सके मलाई ओठे जवाफ देलान्, 'बाबु, तिनको योग्यताले पाउने उच्चतम सम्मान केवल काठको घोडा आरोहरण हो ! हेर्नुस् त, यी स्वनामधन्य ख्वामित् र सदाबहार भक्तजनको चिन्तन र संस्कृतिको स्तर !'

म फेरि आफूतिर फर्किन्छु । भनिसकेँ, वृद्ध, थकित र शुष्क मथिंगलले न कुनै नवीन चिन्तन गर्छ, न त नूतन सिर्जना नै । धेरै अघि भूतको भिनाजुले मलाई बडा प्रेमले अर्ति दिएका थिए, 'बाबु ! कनेर नलेख्नू, लेख्दा नढाँट्नू ।' लाग्छ, मैले अब पनि लेख्नु भनेको केवल कनेर हो । र, यो कनाइ आफूलाई र लोकलाई जानाजान ढाँट्ने धृष्टता हो । सास छउन्जेल गोजेरो भर्नुपर्ने बाध्यताले यदाकदा कन्न विवश भइएछ भने बेग्लै कुरा । नत्र अबलाई कटुभाषी तर सत्यभाषी भूतको भिनाजुको आज्ञाकारी शिष्य भइन्छ । ♦

नयाँ फिचरका साथ सेलेरियो एक्स

नेपाली बजारमा सुजुकीको सेलेरियो एक्स कार आएको छ । यो गाडीको बजार मूल्य २६ लाख ९९ हजार रुपियाँबाट सुरु हुन्छ ।

यो कारमा पाँच जनाका लागि आरामदायी सिट राखिएको छ । र, चालक तथा यात्रुको सुरक्षालाई दृष्टिगत गर्दै दुईवटा एयरब्याग पनि राखिएको छ । चालकले सिट बेल्ट नलगाएको खण्डमा त्यसबारे सचेत गराउनका लागि सिट बेल्ट रिमाइन्डर फिचर पनि सेलेरियो एक्समा राखिएको छ ।

सेलेरियो एक्सको इन्जिन क्षमता १ हजार सीसीको छ । र, यसले बढीमा ६७ ब्रेक हर्सपावर बराबरको शक्ति निकाल्छ । यो गाडीको टर्क क्षमता ९० न्युटन मिटरको छ । यसको औसत माइलेज २३.१ किलोमिटर प्रतिलिटर रहेको छ । यो कारमा एबीएस (एन्टिलक ब्रेकिङ सिस्टम) फिचर पनि राखिएको छ । सुजुकीको सेलेरियो एक्स ग्राहकले पाँच फरक रङमध्ये छान्न सक्ने छन् ।

सामसुङका नयाँ स्मार्टफोन

एक महिनाअघि मात्रै सार्वजनिक भएका सामसुङका नयाँ स्मार्टफोन नेपाली बजारमा आइपुगेका छन् । सामसुङका पछिल्ला स्मार्टफोन ग्यालेक्सी एस नाइन र एस नाइन प्लस नेपालमा क्रमशः ९२ हजार ९ सय र १ लाख ४ हजार ९ सय रुपियाँमा उपलब्ध छन् ।

यी दुई स्मार्टफोनका धेरै फिचरमा समानता भए पनि केही आधारभूत क्षमता भने फरक छन् । जस्तै : डिस्प्ले स्क्रिन । ग्यालेक्सी एस नाइनमा ५.८ इन्चको डिस्प्ले स्क्रिन छ भने एस नाइन प्लसमा ६.२ इन्चको । तर, दुवैको डिस्प्ले क्वालिटी क्वाड हाइ डेफिनेसन (एचडी) प्लसकै छ ।

दुवैका सेल्फी क्यामेरा आठ मेगापिक्सेल र फ्रन्ट क्यामेरा १२ मेगापिक्सेलका छन् । तर, एस नाइन प्लसमा पछाडिको क्यामेराका लागि १२ मेगापिक्सेलका दुईवटा सेन्सर छन् । एस नाइनमा भने एउटा मात्रै छ । एस नाइनमा चार जीबी र एस नाइन प्लसमा छ जीबीको र्‍याम छ । दुवैको अन्तरिक स्टोरेज क्षमता भने ६४ जीबीको छ ।

यी स्मार्टफोन एन्ड्रोइडको ओरियो अपरेटिङ सिस्टममा आधारित छन् । यिनमा फिङ्गरप्रिन्ट र फेसअनलक दुवै फिचर छन् । र, आखाँको नानी स्क्यान गरेर अनलक गर्न मिल्ने आइरिस स्क्यानर पनि राखिएको छ ।

अब एन्ड्रोइड पी

गुगलले नयाँ भर्सनको एन्ड्रोइड ओएसको (अपरेटिङ सिस्टम) डेभलपर प्रिभ्यु ल्याएको छ । अंग्रेजी वर्णानुक्रम अनुसार हाल चल्तीमा रहेको एन्ड्रोइड ओ (ओरियो)पछि अब एन्ड्रोइड पीको पालो हो । हाल ल्याइएको डेभलपर प्रिभ्युलाई मध्यनजर गर्दै अब आउने नयाँ भर्सनको एन्ड्रोइडमा के-कस्ता विशेषता रहलान् भनेर अनुमान लगाउन सकिन्छ ।

यसअघिका एन्ड्रोइडमा जस्तै एन्ड्रोइड

पीमा पनि प्रयोगकर्ताका गोपनीयता र डिभाइसको सुरक्षामा विशेष ध्यान दिइएको देखिन्छ । एन्ड्रोइड पीमा रहने नयाँ फिचर हो लकडाउन मोड । यो मोड अन रहँदा स्मार्टफोनका कुनै पनि स्मार्ट अनलक सेन्सर जस्तै फिङ्गर प्रिन्ट, भ्वाइस वा फेसअनलक केहीले पनि काम गर्ने छैनन् । र, कसैले जबरजस्ती यी सेन्सरबाट अरूका डिभाइस अनलक गर्न सक्ने छैनन् ।

एन्ड्रोइड पीमा नोटिफिकेसनमा पनि केही परिवर्तन हुन सक्ने संकेत देखिएको छ । र, च्याटमा स्मार्ट रिप्लाइलाई पनि अझ प्रभावकारी बनाइंदैछ । ब्याकग्राउन्डमा चलिरहने एपले स्मार्टफोनका क्यामेरा, माइक्रोफोनलगायत अन्य ट्र्याकिङ सेन्सर प्रयोग गर्न सक्ने छैनन् । यसले प्रयोगकर्ताको डिभाइसको सुरक्षा र गोपनीयतालाई अझै प्रभावकारी बनाउँछ ।

त्यस्तै डिभाइसको डिस्प्लेलाई अब अटो रोटेमा राख्न सकिनेछ । पहिला डिभाइसमा स्टोर गरिएका फोटो वा भिडियो हेर्दा मात्रै यो फिचरले काम गर्थ्यो । अब हरेक एप प्रयोगकर्ताले ल्यान्डस्केप वा पोट्रेट डिस्प्लेमा चलाउन सक्नेछन् । यीलगायतका अन्य रोचक फिचर प्रयोग एन्ड्रोइड पी फुल भर्सनमा नआउँदासम्म कुर्नैपर्छ ।

भिडियो कल अब सहज

फेसबुक लाइटबाट पनि अब प्रयोगकर्ताले भिडियो कल गर्न सक्नेछन् । म्यासेन्जर लाइट *फेसबुक* म्यासेन्जरको सानो भर्सन हो । लाइट फुल भर्सनको म्यासेन्जर एपभन्दा कम स्पेस ओगटे पनि मुख्य फिचर भने उस्तै हुन्छन् । गतिलो इन्टरनेट कनेक्सन नभएको स्थानका प्रयोगकर्तालाई लक्षित गरेर म्यासेन्जरलाई लाइट भर्सनमा निकालिएको थियो ।

पहिला म्यासेन्जर लाइटबाट च्याट गर्ने, फोटो र लिंक सेयर गर्नेलगायत अडियो कल गर्न मिले पनि भिडियो कलको सुविधा भने थिएन । अब भने कमजोर इन्टरनेट कनेक्सन भएको स्थानबाट पनि भिडियो कल गर्न मिल्ने भएको छ, म्यासेन्जर लाइटबाट ।

फुल भर्सनको म्यासेन्जरमा जस्तै अब यसमा पनि भिडियो कलको आइकन देखिन्छ । कसैसँग च्याट गरिरहेको भए, च्याट रूममा दायाँतिरको माथि यो आइकन देखिनेछ । यसबाट प्रयोगकर्ताले भिडियो कल सुरू गर्न सक्नेछन् । अडियो कल गरिरहेका बेला भने यो आइकन स्क्रिनको बीचमा देखिनेछ । अडियो कललाई सीधै यसैबाट भिडियो कलमा पनि परिणत गर्न सकिन्छ ।

आउँदैछ *गुगल* लेन्स

तपाईंले आफ्नो स्मार्टफोनमा *गुगल* फोटो इन्स्टल गर्नुभएको छ ? छ भने अब तपाईंले अर्को रोचक फिचर प्रयोग गर्न पाउनुहुनेछ, जसलाई *गुगल* लेन्स भनिएको छ ।

तपाईंले खिचेको फोटोमा केको चित्र छ, यसले चिन्न सक्छ । *गुगल* लेन्स फिचरको मुख्य विशेषता पनि यही नै हो । फोटोमा के छ भनेर चिन्नका लागि *गुगल* लेन्समा विशेष खालको भिजुअल रिकग्निसन टेक्नोलोजी प्रयोग भएको छ । यसैका मद्दतबाट *गुगल* लेन्सले फोटोमा भएका फूल, कुनै जनावर वा अन्य वस्तु चिन्न सक्छ । यदि तपाईंले कुनै चर्चित पर्यटकीय स्थललाई चिनाउने कुनै स्तम्भ वा अन्य कुनै भौतिक चिह्नको फोटो खिच्नुभएको छ, *गुगल* लेन्सले त्यसको स्क्यान गरेर बताउन सक्छ, त्यो केको चित्र हो, कहाँ पर्छ र त्यो ठाउँका अन्य विशेषता के हुन् ।



यसको अर्को विशेषता पनि छ । बिजनेस कार्डमा रहेको क्युआर कोड पनि यसले रिड गर्न सक्छ । क्युआर कोडमा ती बिजनेससँग सम्बन्धित सम्पर्क नम्बर, ईमेल र ठेगाना राखिएका हुन्छन् । क्युआर कोड पनि रिड गर्न सकिने भएपछि तपाईंले क्युआर कोडका लागि अन्य कुनै रिडर डाउनलोड गर्नुपर्दैन ।

संयोजन : ज्ञानेन्द्र आचार्य

बडा दिन

एक महिनाअगाडि नेपालले विश्व क्रिकेट लिग डिभिजन-२ छनोट खेलेको सम्झँदा जिब्रो टोक्नुपर्ने स्थिति आउँछ । किनभने, नेपालले जितेका चारमध्ये तीन खेल अन्तिम ओभरमा थियो । त्यसमा दुई खेलको निर्णय अन्तिम बलमा छिनोफानो भएको थियो ।

डिभिजन-२ को विश्वकप छनोटमा नेपाल धेरैको नजरमा कमजोर टोली थियो । १० राष्ट्र सहभागी प्रतियोगितामा नेपाल पुछारमै थियो । जिम्बाबेसँगको पहिलो खेलमा ३ सय ८० रन खर्चेको नेपाल अर्को खेलमा स्कटल्यान्डसँग १ सय ४९ रनमै अलआउट भएको थियो । नेपालले यी खेल हारेर गुमाउनु केही थिएन । जितेको भए बोनस हुन्थ्यो ।

अफगानिस्तान र हङकङसँग समूह चरणका अन्तिम दुई खेल नेपाललाई निकै महत्त्वपूर्ण थियो । राम्रो खेलेर पनि अफगानिस्तानसँग नेपालले अनुकूल नतिजा निकाल्न सकेन । अर्को एक पराजयले नेपाललाई डिभिजन-२ मा पुऱ्याउन सक्थ्यो । नेपालले त्यसपछि भने रवाफिलो प्रदर्शन गऱ्यो । बलिङ धारमा हङकङ र पपुवा न्युगिनीलाई पराजित गर्दै नेपाल वान डे अन्तर्राष्ट्रिय मान्यताप्राप्त राष्ट्र बन्यो । अन्तर्राष्ट्रिय क्रिकेट खेल्न लागेको २२ वर्षपछि नेपाल यो स्थितिमा पुगेको हो । एकदिवसीय क्रिकेट खेल्ने शीर्ष १६ राष्ट्रमा उभिएको नेपालले अब माथिल्ला १५ राष्ट्रसँग खेल्न सक्छ । वान डे अन्तर्राष्ट्रिय महत्त्व कति हो ? कप्तान पारस खड्काको भनाइ छ, "नेपाली क्रिकेटमा यो सबैभन्दा ठूलो दिन हो ।"

विनोद पाण्डे

तस्बिर : आईसीसी

नेप्टेको भर

नोभेम्बर रेनमा छोटो भूमिकाबाट हल्का चर्चा के पाएकी थिइन्, छुल्टिम गुरूङले फिल्म नखेल्ने घोषणा गरिन् । कारण खास केही थिएन । तर, उनी आफ्नो बोलीमा दुई वर्ष पनि टिक्न सकिनन् । हिरोइन बन्दिनँ भनेकी छुल्टिम निर्मात्रीसमेत बनिन् । फिल्म थियो, *डायरी* । उनको अभिनय र लगानी दुवै भए पनि फिल्म बक्स अफिसमा चिप्लियो । यसपटक त उनको कामको अपेक्षाकृत तारिफ पनि भएन । त्यसपछि *मेरो पैसा खोई !* मा मौका पाइन् । यो फिल्मको व्यापार *डायरी*को भन्दा दयनीय रह्यो । तैपनि, छुल्टिमले खाली हात बस्नुपरेन । देवकुमार श्रेष्ठले नेप्टेमा खेलाए । फिल्ममा चिनिएकी महिला कलाकार उनी मात्र हुन् । त्यसैले छुल्टिम उत्साही छन् तर फ्लपमा ह्याट्रिक होला भन्ने डर पनि उत्तिकै छ ।

के होला केकीको ?

स्वरबाट फिल्ममा फड्को मारेकी केकी अधिकारी अभिनीत डेढ दर्जन फिल्मले लगानी उठाएका छैनन् । त्यही कोटिमा परे, *राज्जारानी* र *हुर्रे* । केकीको मुख्य भूमिका रहेका यी दुवै फिल्मले न निर्मातालाई खुसी बनाए, न त दर्शकलाई । भलै भटाभट दुई फिल्म फ्लप हुनु केकीका लागि नौलो कुरा होइन । भनुँ न, बानी परिसकेको छ । तर, यसपटकको मामला पहिलेभन्दा भिन्न छ । कारण, उनको निर्माणमा बनेको फिल्म *कोहलपुर एक्सप्रेस* प्रदर्शनको संघारमा छ । अघिल्ला फिल्मको व्यापार सुखद नहुँदा *कोहलपुर एक्सप्रेस*लाई धक्का लाग्नेमा शंका छैन । सायद यही कारण हुनुपर्छ, केकी दिलोज्यान दिएर प्रचार-प्रसारमा लागेकी छन् । तर, केकीको लगानी र साख बच्ला त ? १४ वैशाखमा *कोहलपुर एक्सप्रेस* प्रदर्शन भएपछि नै थाहा हुनेछ ।

नीताको प्रचारबाजी

लाग्छ, 'छोरी पाउनु कहिले-कहिले, भोटो सिउनु अहिले' भन्ने उखान नेपाली फिल्मवृत्तलाई हेरेरै बनाइएको हो । किनभने, यहाँ काम गर्नभन्दा गफ दिन हतारो हुन्छ । कति गफ काममा रूपान्तरण हुँदैन, गफमै सीमित हुन्छ । यस्तै संकेत देखिएको छ, नीता ढुंगानाको सवालमा पनि । अघिल्लो वर्ष नीताले फिल्म निर्माण गर्ने घोषणा गरिन् । उनलाई फिल्मको सुक्खा लाग्न थालेको धेरै भयो, त्यसैले आफ्नै लगानीमा हिरोइन बन्ने कुरा नपत्याउनु कसरी ? तर, यतिका दिन बित्यो, सुटिङ सुरू हुनु त परको कुरा, उनको फिल्मको न नाम टुंगो लागेको छ, न निर्देशक । उक्त प्रोजेक्टका बारेमा गाइँगुइँ केही सुनिन्न । त्यसैले शंका उब्जन थालेको छ, 'प्रचारकै लागि मात्र त उनले फिल्म बनाउने घोषणा गरेकी थिइनन् ?' ♦

हल्का राहत

दयाहाङ राईलाई फिल्मको रत्तिभर कमी छैन । कुनै समय राजेश हमाललाई जत्तिकै अहिले दयाहाङलाई फिल्मका प्रस्ताव आउँछन् । तर, फिल्म पाउनु मात्र अभिनेताको उपलब्धि होइन, मुनाफा कमाउनु महत्त्वपूर्ण कुरा हो । लामो समय भइसकेको थियो, दयाहाङका फिल्मले चित्तबुझ्दो व्यापार नगरेको । कति फिल्म त रिलिज भए/नभएको पत्तै नहुने । यसले स्वाभाविक रूपमा उनको करिअर भड्खालोतिर धकेलिरहेको थियो । धन्न, *मिस्टर झोले* र *कान्छीले* साख बचाएका छन् । सुपरहिट नभए पनि यी फिल्मले केही नाफा कमाए । मिश्रित प्रतिक्रिया बटुले । जसको पहिलो जस निःसंकोच दयाहाङले नै पाए । अनि, के चाहियो, फिल्म र पारिश्रमिकको गति बढाएका छन् । अर्थात् 'मौकामा चौका' हान्ने सिलसिला फेरि सुरू भएको छ । ♦

तस्विरहरू : महेश प्रधान

खुराकसहितको मनोरञ्जन

■ **गोकर्ण गौतम**

साधारण कथालाई असामान्य, निरस लाग्ने कथालाई रसिलो र खासै उतारचढाव नभएको कथालाई कसिलो शैलीमा पर्दामा पस्कने प्रयास बलिउडमा बिस्तारै सुरु हुँदैछ । *नो वन किल्ड जेसिका*मा यही शैली पछ्याएका निर्देशक राजकुमार गुप्ताको नयाँ फिल्म रिलिज भएको छ, रेड। मसलाको संक्रमणबाट करिब मुक्त यस फिल्ममा एक कर्तव्यनिष्ठ र निर्भीक सरकारी अधिकृतलाई मुख्य पात्रका रूपमा उभ्याइएको छ । '८० को दशकमा भारतको उत्तरप्रदेशमा कालोधनमाथि छापा मार्ने कामले तीव्रता पाएको थियो । गुप्ताले सोही समयको कथालाई रेडमा सापटी लिएका छन्। भारतीय मिडियाका अनुसार यो फिल्म लखनउमै घटेको सत्य घटनामा आधारित छ । प्रमुख भूमिकामा अजय देवगन छन्, जसका लागि कानुनभन्दा माथि केही छैन । अजय र गुप्ताको सहकार्य प्रतिफलमूलक नै छ।

सात वर्षमा ४९ पटक सरुवा भइसकेका आयकर विभागका अधिकृत अमय पटनायक (अजय) लखनउ आइपुगेका छन् । उनलाई शक्तिशाली नेता राजाजी (सौरभ शुक्ला) ले ४ सय २० करोड भारुबराबरको कालोधन लुकाएर राखेको गोप्य सूचना प्राप्त हुन्छ। त्यसैले अमयले ठूलै दबाब झेलेरै भए पनि राजाजीको घरमा छापा मार्छन् । राजाजीको मुख्यमन्त्री मात्र होइन, प्रधानमन्त्रीसम्म पहुँच छ । आपराधिक पृष्ठभूमिका यिनै राजाजीको पञ्जाबाट कालोधन फुत्काउन र सजाय दिलाउन अमय सफल होलान् ? कि, अमय आफैं भड्खालोमा पर्छन् ? यिनै प्रश्नको केन्द्रमा घुमेको छ फिल्म ।

रेड झन्डै चार दशक अगाडिको कथा हो । यस्ता 'पिरियडिक ड्रामा'को मुख्य चुनौती तत्कालीन समयको सेटिङ र सामाजिक मनोदशालाई जीवन्त उतार्नु हो। यो मामलामा फिल्ममा खोट लगाउने खास ठाउँ छैन । पात्रहरूको हुलिया, लबज, लोकेसनमार्फत सोही कालखण्डमा लैजाने प्रयास गरिएको छ । फेरि फिल्मको घटनाक्रमको अवधि लामो छैन । जम्मा तीन-चार दिनमा सीमित छ । छापा मार्ने लामो शृंखला छैन । एउटै घरमा मात्र हो । यसरी कथाको समय र परिवेश साँघुरो भए पनि दर्शकलाई 'होल्ड' गर्न निर्देशक गुप्ता सफल छन्। किनभने, फरक मनोविज्ञानका पात्र, उनीहरूबीचको समीकरण र द्वन्द्वले मूल कथामा तनाव सिर्जना गरेको छ । एउटै घरभित्रका अनेक सदस्य र तिनीहरूसँग आयकर विभागका कर्मचारीको व्यवहारले पनि ध्यान खिच्छ। उही लोकेसन र पात्रमा अल्झाइरहँदा पनि दर्शकको मोहभंग नहुनु उल्लेखनीय उपलब्धि मान्नुपर्छ। यसको जस पटकथाकार रितेश शाहलाई पनि जान्छ। छोटा तर निकै चोटिला संवाद छन् फिल्ममा। कति त नोट गरेरै राख्न मन लाग्ने।

फिल्ममा नाटकीय र अपत्यारिला दृश्य/घटनाक्रमको रास नभएको होइन । अमयको सनककै भरमा राजाजीलाई घरबाहिर निस्कन दिएको, राजाजीले मुख्यमन्त्रीलाई गरेको व्यवहार, राजाजीकी आमाको उपस्थिति, अमयले सूचना पाएको तरिका र स्रोतहरू यथार्थपरक फिल्ममा पचाउन मुस्किल हुन्छ । अमय र नीताको रोमान्सले विरक्ति पैदा पर्छ। 'फ्याम्ली ड्रामा' घुसाउने नियतमा राखिएका रोमान्सका दृश्य मूल कथाको बहाव बिथोल्न पर्याप्त छन् । नीताको पतिप्रेम अतिरञ्जित लाग्छ । अमयको इमानदारी स्थापित गर्न अनावश्यक समय खर्चिएको छ । बरू छापा मारिरहँदा राजाजीको घरभित्रको माहोलले मन जित्छ । घुस र अपराधमार्फत कमाएको सम्पत्ति कसरी सञ्चय गरेर राखिएको हुन्छ ? त्यस्ता व्यक्तिले सामान्य नागरिकमा आफ्नो देवत्वकरणका लागि कस्तो भ्रम छरेका हुन्छन् ? रेड हेरेपछि छर्लंग भइन्छ। एउटा अधिकृतमा रहेको निर्भीकताको बहुआयामिक प्रभाव फिल्मको रोचक पक्ष हो।

यस्तो इमानदारी र साहसले भरिएको पात्र अजयका लागि नौलो होइन, केवल यसपटक प्रहरीको बर्दी लगाएका छैनन् । यस अर्थमा अजयका लागि यो 'रेगुलर' फिल्म हो। तैपनि, आफ्नो साख गिर्न दिएका छैनन् । फिल्मको आकर्षणको अग्रभागमा छन्, राजाजी अर्थात् सौरभ शुक्ला । अक्सर हिन्दी फिल्ममा देखिने भिलेनभन्दा फरक छन् उनी । तर, उनका स-साना 'एक्स्प्रेसन'ले दर्शकमा दरिलो प्रभाव जमाउँछ । सीधा भन्दा, सौरभको अभिनय उत्कृष्ट छ । इलियाना डिक्रुजको चरित्र र अभिनय ठीकठाक मात्र हो । पपोनले गाएको 'झुक नपाउंगा...' बाहेकका गीत सान्दर्भिक लाग्दैनन् । कथा अनुसार दृश्य सिर्जना र घटनालाई 'ट्र्याक'मै तानिरहन निर्देशक गुप्ताको दखल देखिन्छ ।

अजयका प्रशंसकले त हेर्नै भइहाले । खुराकयुक्त मनोरञ्जन खोज्नेले पनि रेड नछुटाउँदा वेश हुन्छ । ◆

अचानक

'सेलिब्रिटी र मनोरञ्जन जोडेर क्रिकेट'

कुनै बेला **सुवास शाही** ब्याट समातेर बल हिर्काउन मैदानमा उत्रिन्थे । तर, अहिले उनी खेलाडीलाई मैदानमा उतार्न व्यस्त छन् । धनगढी प्रिमियर लिग (डीपीएल)का अध्यक्ष शाही क्रिकेटलाई उचाइमा पुऱ्याउन अहोरात्र खटिरहेका छन् । उनकै मिहिनेत स्वरूप डीपीएल मुलुककै सबभन्दा ठूलो पुरस्कार राशिको खेल बनेको छ भने खेलाडी 'अक्सन' गर्ने चलन नेपालमा यहींबाट सुरू भएको हो । हालै मात्र अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी)ले डीपीएललाई मान्यता दिएको छ । यसै सन्दर्भमा शाहीसँग गरिएको कुराकानी :

आईसीसीको मान्यता पाउनुले के अर्थ दिन्छ ?

पहिलो कुरा त कुनै देशका अन्तर्राष्ट्रिय खेलाडीले डीपीएलमा आएर खेल्न सक्ने ढोका उघ्रेको छ। दोस्रो, नेपालको राजधानीबाहिरको क्षेत्रबाट प्रतिनिधित्व गर्ने क्रिकेट लिग खेलले अन्तर्राष्ट्रिय उचाइ प्राप्त गऱ्यो । हामीलाई पहिचान दिलायो ।

यसले नेपालको क्रिकेट विकासमा कसरी योगदान गर्न सक्छ ?

सुदूरपश्चिम एकेडेमी (एसपीए) कपदेखि सुरु गरेर हामीले अहिले डीपीएलजस्तो स्तरीय खेल खेलाइरहेका छौं । नयाँ खेलाडीलाई डीपीएलसम्म पुग्नुपर्छ भन्ने उत्साह दिन्छ । पक्कै पनि यो कुराले अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा पुग्न हाम्रा खेलाडीलाई सहज बनाउनेछ । एकेडेमीले त यति ठूलो काम गर्न सक्छ भने राज्यको निकाय नै लाग्दा गर्न नसक्ने कुरा केही छैन भन्ने सन्देश दिएको छ । यो क्रिकेटको विकासमा ठूलो आत्मबल हो ।

आईसीसीको मान्यता पाउने आधार के-के हुन् ?

प्रतियोगिताको प्रकृति, यससँग भएका प्राविधिक समितिहरू, नियामक समिति, कुन-कुन देशका खेलाडी आउन सक्छन् भन्ने हेरेरै मान्यता दिने-नदिने निर्णय हुन्छ ।

नेपालमा अब कुन-कुन देशबाट खेलाडी आउँछन् ?

एसोसिएट्स मान्यता प्राप्त राष्ट्र र छिमेकी मुलुक भारतका खेलाडी आउँछन् । केही क्लबहरूले अनुबन्धसमेत गरेका छन् । अबको एक सातामा यो कुरा सार्वजनिक होला, सायद ।

आईसीसीबाट मान्यता पाएको खबर सुनेपछि कस्तो लाग्यो ?

खुसी लाग्यो । हामीले गरेको मिहिनेत फलदायी भएको महसुस भयो । चाह्यो भने गर्न नसकिने कुरा केही रहेनछ जस्तो पनि लागेको छ ।

डीपीएल सुरु गर्ने विचार कसरी जन्मिएको थियो ?

क्रिकेट थुप्रैले मन पराउँथे, खेल्थे । तर, व्यवस्थित सुरुआत कसैले गरेका थिएनन् । हामी केही साथीले सल्लाह गरेर एसपीए कप प्रतियोगिता सुरु गऱ्यौं, आठ वर्षअघि । सबैको सहयोग पाएपछि धनगढी क्रिकेट लिग (डीसीएल) पनि थप्यौं । एसपीए कप र डीसीएल प्रतियोगिता एकदमै राम्रो भएपछि दुवैलाई मर्ज गरेर माथिल्लो स्तरको खेल खेलाउन बल दियो । र, धनगढी प्रिमियर लिग सुरु गऱ्यौं । नेपालमै पहिलोपटक खेलाडी 'अक्सन'मा किनबेच गर्न सफल भयौं ।

डीपीएलको खास विशेषता के हो ?

हामीले प्रत्येक संस्करण फरक र नयाँ बनाउन सक्दो प्रयत्न गर्छौं । गर्दै आएका पनि छौं । प्रविधिका हिसाबले पनि हामीले अबको संस्करणमा एलईडी स्क्रिनमा खेल देखाउने र थर्ड रेफ्रीको पनि व्यवस्था गर्नेछौं ।

अबको केही वर्षपछिको डीपीएल कस्तो हुन्छ होला ?

अन्तर्राष्ट्रिय रंगशालाभित्र बसेर खेल हेरेको 'फिल' दर्शकलाई हुनेछ । क्रिकेटलाई मनोरञ्जन र सेलिब्रिटीसँग जोडेर अगाडि लैजाने सोच छ ।

कसरी जोड्न सकिन्छ ?

गायक-गायिका, कलाकार, फिल्मी सेलिब्रिटीलाई प्रतियोगिता स्थलमै ल्याएर विभिन्न मनोरञ्जनका कार्यक्रम गर्ने । क्रिकेट लामो समय लगाएर खेलिने भएकाले दर्शकलाई 'बोर' नहोस् भनेर यस्ता नयाँ-नयाँ स्वाद दिनुपर्छ ।

क्रिकेटबारे तपाईंले सबैभन्दा पहिले कहिले थाहा पाउनुभएको थियो ?

सानैदेखि । धनगढीको हसनपुर क्षेत्रमा ठूला दाइहरू क्रिकेट खेल्थे । टोल-टोलबीच प्रतिस्पर्धा चल्थ्यो । हामी फुच्चाफुच्ची हुटिङ गर्थ्यौं । क्रिकेटको यस्तो वातावरणले मलाई तान्यो । कलेज पढ्दा क्षेत्रीय खेलाडी बनें । पारस खड्का, विनोद दाससँग पनि खेलियो । ०६६ मा म पश्चिमाञ्चलको बेस्ट ब्याट्सम्यान बनें ।

खेलाडीबाट खेल प्रतियोगिता गराउने कार्यमा कसरी मोडिनुभयो ?

काठमाडौंबाट पढाइ सकेर धनगढी फर्कने क्रममा मैले आफ्नो बाल्यकाल सम्झिएँ । क्रिकेट खेल्थ्यौं । रमाइलो गर्थ्यौं । अहिले पनि ठ्याक्कै त्यस्तै रहेछ । खाली समय कटाउन र रमाइलोका लागि मात्रै खेलिरहेका थिए, क्रिकेट । कोही जिन्स पाइन्ट लगाएर ब्याट समाइरहेका, कोही बलिङ गरिरहेका । यस्तो दृश्यले मलाई अहिले पनि क्रिकेट गम्भीर रूपमा खेलिएको छैन भन्ने लाग्यो । राम्रा प्रतियोगिताको अभावले यस्तो भएको महसुस भएसँगै त्यसलाई व्यवस्थित पार्नतिर लागियो ।

मनबहादुर बस्नेत

नोटबुक

॥ रमण घिमिरे

सडक माफियाको लीला

यतिखेर राजधानी धूवाँ र धूलोको मुस्लोमा पुरिएको छ । कुनै बेला भानुभक्तले देखेको 'अलकापुरी' अहिले फोहोरचुली भएको छ । सडकछेउका बासिन्दा झ्याल खोलेर स्वच्छ हावा खानबाट वञ्चित छन् । झ्यालमा बसेर बाहिरको रमिता हेर्न पनि तिनीहरूका लागि अभिशाप भएको छ ।

यो कष्टसाध्य भोगाइ त छँदैछ । अहिले आएर सडक विस्तारका नाममा अर्को पिरलो थपिएको छ- सडक-अवरोध । राजधानीको चोला फेर्ने र मेलम्ची खानेपानीले उपत्यकाको तिर्खा मेट्ने भनेर वर्ष दिनभन्दा लामो समयदेखि सडक छेउछाउका घरहरू युद्धस्तरमा भत्काइए र अद्यापि भत्काइँदैछ । भत्काउन त भत्काइयो तर बनाउने कसले ? एक्स्काभेटर चलाएर भत्काइएका घरहरूलाई खण्डहरजस्तै पारियो । तर, जनताले आफ्नो कर्म छाडेनन् । लाखौं खर्च गरेर ठड्याइएका घरहरूलाई सरकारको हुकुम तामिल गर्न सहर्ष स्वीकारे र भग्नावशेष आफैंले पन्छाएर फेरि चिटिक्क पारे । तर, त्यसअगाडि सडक निर्माण भएन । धैर्य र सहनशीलताको पनि एउटा हद हुन्छ नि !

सडक विभागले पुरानो बानेश्वर-सिनामंगलबीचका घरहरू भत्काएर झन्डै दुई वर्षसम्म रमिते भयो । जनताले बर्खामा जमेको हिलोपानीमा 'रोपाइँ' गरेर विद्रोह गरे । जुलुस निकाले । अनि, बल्ल बाध्य भएर त्यो सडक बनाइयो । तर, अहिले राजधानीका हरेक भित्री सडकहरूको दुर्दशाका कारण जनता फेरि आउँदो बर्खामा 'रोपाइँ-विद्रोह' गर्नुपर्ने बाध्यतामा छन् ।

अहिले मेलम्चीले राजधानीका भित्री सडकमा यस्तै हेपाहा नीति अख्तियार गरिरहेको छ । यहाँका घर भत्काइएको पनि वर्ष दिन नाघिसक्यो । तर, सडक निर्माणको काम रोगी कछुवाको गतिमा भइरहेको छ । मेलम्ची एक्स्काभेटर लगाएर एकपटक सडकमा ढुंगा मिसिएको माटो खन्याउँछ र तीन-चार महिना जुम्रा मारेर बस्छ । अनि, फेरि गिटीको थुप्रो लगाएर अर्को तीन-चार महिना कुम्भकर्ण निद्रामा घुरेर बस्छ । सडकमा डुङडुङ्ती धूलो उडिरहेको छ । स्कुल-कलेज जाने नानीहरू त्यो धूलो खाँदै हिंडिरहेका छन् । बिहान निस्कँदा लगाएका लुगा बेलुका घर फर्किंदा काती जमेका हुन्छन् । सडक-विस्तारको यो लीला अहिले त यति पराकाष्ठामा पुगेको छ कि बटुवालाई हिंड्न सडकसम्म उपलब्ध छैन । हरेक मोडहरू अवरूद्ध पारिएको छ । दोबाटो-चौबाटोको बीचमा हप्तौंसम्म एक्स्काभेटर राक्षस भएर ठडिएको हुन्छ । तर, त्यहाँ कुनै निर्माण भइरहेको हुँदैन । र, एक्स्काभेटर पनि हटाइँदैन । मानिसहरू आजित भएर सरकारलाई सराप्दै बाटो बदलेर हिंड्छन् । यो बेथिति कतिसम्म बढिरहेको छ भने हिजोसम्म सवारी चलाइएका सडकमा दुई-तीन किलोमिटर पार गरिसकेपछि बाटो बन्द भेटिन्छ । पहिले त सडक निर्माण हुने सडकसँग जोडिने मोडहरूमा 'सडक बन्द'को सूचना पाटी ठड्याइएको हुन्थ्यो । अब त यो कर्तव्य पनि पूरा हुन छाडेको छ । एकैचोटि खाल्डो खन्दै या पुर्दै गरेको ठाउँमा पुगेर सवारी फर्काउनु पर्छ । अनि, भित्री सडकमा पनि अनावश्यक जाम हुने गर्छ । अगाडिको सडक बन्द छ भन्ने सानो सूचना बोर्डसम्म कुनै मोड या चोकमा राखिएको हुँदैन ।

बानेश्वर, कारेश्वर मन्दिरछेउछाउमा कम्तीमा एक दर्जन विद्यालयहरू छन् । तिनमा अध्ययन गर्ने बालबालिका महिनौंदेखि सडक निर्माणको मारमा परिरहेछन् । सुरुमा कारेश्वरचोकमा दुई हप्ताभन्दा बढी समय भ्वाङ पारिएको सडकको बीचोबीच कामै नगरी एक्स्काभेटर तेर्स्याएर अवरोध गरियो । बल्लतल्ल त्यो एक्स्काभेटर त हट्यो भनेको फेरि त्यही ठाउँमा खोस्रिन थालेको छ । ए बाबा ! एकै ठाउँमा पाँचपटक किन खन्नू ! त्यहाँ कुनै पुरातात्त्विक उत्खनन त गरिएको होइन । अहिले त अर्को मोड पनि बन्द भएको छ, बिनासूचना । के कुनै खण्डमा एकैपटकमा लगातार काम गरेर सडक बन्न सक्दैन ? यस देशका सडक-माफियाहरू कसको दुनो सोझ्याउन जनतालाई सास्ती दिइरहेका छन् ? यो पनि रहस्यकै कुरा छ ।

हवाई यातायात : सेवा कि धन्दा !

केही दिनअघि म सपरिवार झापाका लागि हवाई-यात्रामा निस्केको थिएँ । बुद्ध एयरको जहाजबाट बिहान ११:१० मा भद्रपुर उड्नु थियो । पर्खिंदा-पर्खिंदा हतु भइयो । तर, न जहाज उड्ने सूचना प्रसारित भयो, न त रद्द भएको जानकारी दिइयो । विमानको काउन्टरमा सोध्दा 'अब एकछिन'मा भन्ने पटक-पटक आश्वासन दिइयो । र, अन्त्यमा प्रतिकूल मौसमका कारण आजको उडान रद्द गरिएको छ भन्ने जनाउ दिइयो । त्यतिखेर मात्र १२ बजेको थियो । मौसम अनुकूल हुने र उडान गर्न सकिने प्रशस्त समय थियो । बुझ्दा थाहा भयो, त्यस विमानलाई अन्यत्रै प्रयोग गर्नुपर्ने भएकाले बाँकी दिनका लागि पर्खिने 'कष्ट' गरिएन ।

त्यस दिन उडान नभएपछि त्यही टिकटमा भोलिपल्ट त उडान गर्नुपर्ने हो नि ! नियमले पनि र 'सेवा' शब्दको मान राख्नका लागि पनि । तर, त्यसो गरिएन । उल्टै काउन्टरमा बसेका 'विमान सेवा'का 'सेवक' कर्मचारीले टर्रो उत्तर दिए- 'अर्को दिनका लागि तपाईंले नै व्यवस्था गर्नुपर्छ, भोलिको उडानमा हाम्रो सिट प्याक छ ।'

मैले आफ्नो हातमा भएको ई-टिकेटमा दृष्टिपात गरें । लेखिएको रहेछ- 'एयरलायन्सले अतिरिक्त उडानको व्यवस्था गर्न बाध्य हुने छैन । त्यसपछिका कुनै पनि उडानमा सिट खाली भएको खण्डमा क्रमशः उच्च भाडादरलाई प्राथमिकता दिई सिट उपलब्ध गराइनेछ ।'

वाह ! सेवा भनेको त यस्तो पो हो त । झार्न सक्नेजति झार्ने सेवा ! जसरी होस्, बढी रकम असुल्ने सेवा ! अनि, नाम सेवा किन राख्नू ? हवाई-धन्दा भने भइहाल्यो नि ! यात्रुले नाममै बुझिहाल्थे र त्यही अनुसार आफ्नो मनस्थिति बनाएर विमानस्थल जान्थे । मलाई त जसरी पनि जानु नै थियो । अनि, भोलिपल्ट भद्रपुरको भाडादरमा विराटनगरको टिकट काटेर नेपाली हवाई सेवाप्रति अनुगृहीत हुँदै झापातर्फ लागें । ♦

shanker

JAGDAMBA STEEL
देशको मेरुदण्ड

नेपालमा पहिलो पटक
Guaranteed Rebar

RHINO 500D GUARANTEE CARD

Lowest Carbon

Less Impurities (S+P= 0.075)

Min. Elongation 16 %

हरेक खरिदमा पाउनुहोस् ग्यारेन्टी कार्ड

NS:191

IS:1786

RHINO 500D 12

*नेपाल अधिराज्य भरी ५०० के.जी. भन्दा बढीको खरिदमा ढुवानीको व्यवस्था गरिएको छ ।

OYSTER

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८
अर्घाखाँची
ओ.पि.सि. सिमेन्ट
हो रै छ, अर्घाखाँची सिमेन्ट नै
सबैभन्दा उत्कृष्ट रै छ !
अर्घाखाँची सिमेन्ट
अर्घाखाँची
सिमेन्ट
PRISMA - O/M/18
सही मूल्य, सही तौल, सही गुणस्तर
आफ्नै खानीको चुनढुंगा
सबैभन्दा बलियो र भरपर्दो
अत्याधुनिक एफ.एल.एस. डेनिस प्रविधि
सुरक्षित भविष्य
आफ्नै चुनढुंगा खानी भएको अत्याधुनिक एफ.एल.एस. डेनिस प्रविधिबाट उत्पादन गरि सही तौल मापन गरिएको सम्भवतः नेपालकै सबैभन्दा ठूलो ओ. पि. सि. सिमेन्ट उद्योग।
सबैभन्दा स्तरीय सिमेन्ट